# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २८, अङ्क १३ | २०७६, कात्तिक १-१५ | पूर्णाङ्क ६५५



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी** | **- सदस्य** |
| **अधिवक्ता श्री रूद्रप्रसाद पोख्रेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री भीमकुमार श्रेष्ठ, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री गोपी विश्वकर्मा
शाखा अधिकृत श्री नेत्र प्रसाद पौडेल
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री गीता लुइँटेल
ना.सु. श्री यशोदा निरौला
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

ना.सु.श्री अर्जुन चौधरी

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री गंगा थापा
बुकबाइन्डर श्री धनमाया मानन्धर


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | १० |
| इजलास नं. १ | २ |
| इजलास नं. २ | ९ |
| इजलास नं. ३ | ६ |
| इजलास नं. ४ | २ |
| इजलास नं. ५ | ६ |
| इजलास नं. ६ | ७ |
| इजलास नं. ७ | ११ |
| इजलास नं. ८ | ४ |
| इजलास नं. ९ | ४ |
| जम्मा | ६१ |

| | |
|---|---|
| इजलास नं. ११ | १२ |
| इजलास नं. १२ | २ |
| इजलास नं. १३ | २ |
| इजलास नं. १४ | ३ |
| इजलास नं. १५ | ३ |
| एकल इजलास | २ |
| जम्मा | २४ |

कूल जम्मा ६१ + २४ = ८५

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७६, कात्तिक – १, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

## सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **<u>नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१</u>** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

**ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ।** साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष **<u>वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६</u>** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ – ९** |
| १. | उत्प्रेषण / परमादेश | विष्णुप्रसाद श्रेष्ठसमेत वि. नयनबहादुर श्रेष्ठसमेत | १ |
| २. | उत्प्रेषण / परमादेश | लोब्साङ बज्राचार्यसमेत वि. शेखरकुमार गिरीसमेत | १ |
| ३. | बन्दी प्रत्यक्षीकरण | रमेशकुमार श्रेष्ठ वि. गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | ३ |
| ४. | परमादेश | अधिवक्ता राजकुमार रानासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ४ |
| ५. | परमादेश | रामनारायण गुप्ता वि. कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयसमेत | ५ |
| ६. | उत्प्रेषण / परमादेश | पदममाया गुरूङ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ५ |
| ७. | परमादेश | केदार धमलासमेत वि. खानेपानी तथा सरसफाई मन्त्रालयसमेत | ६ |
| ८. | परमादेश | शिवम् भिर मधु वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ७ |
| ९. | कर्तव्य ज्यान | निरमाया राई वि. नेपाल सरकार | ७ |
| १०. | जग्गा खिचोला घर उठाई चलन चलाई पाऊँ | दामोदर खंगखत्वेसमेत वि. सबुरी खंगखत्वे | ८ |
| **इजलास नं. १** | | | **९ – १०** |
| ११. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दुवे हेम्ब्रमसमेत | ९ |
| १२. | भ्रष्टाचार (घुस, रिसवत) | नेपाल सरकार वि. सुमन खरेल | १० |
| **इजलास नं. २** | | | **१० – १८** |
| १३. | लागु औषध | नेपाल सरकार वि. रिङ्कु राइनी | १० |
| १४. | लागु औषध | नेपाल सरकार वि. भिमबहादुर घले | ११ |
| १५. | वैदेशिक रोजगार सम्बन्धी कसुर | प्रज्वलकुमार बज्राचार्य वि. नेपाल सरकार | १२ |
| १६. | गौवध | नेपाल सरकार वि. धनकुमार मोक्तानसमेत | १३ |
| १७. | कर्तव्य ज्यान | इन्द्रबहादुर गुरूङ वि. नेपाल सरकार | १४ |

| | | | |
|---|---|---|---|
| १८. | जबरजस्ती करणी | गोवर्धन अधिकारी वि. नेपाल सरकार | १५ |
| १९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. शिवनाथ ठाकुर | १६ |
| २०. | कर्तव्य ज्यान | काशीराम बुढा वि. नेपाल सरकार | १६ |
| २१. | उत्प्रेषण | शोभन देव पन्त वि. भूमि सुधार तथा व्यवस्थापन विभाग, बबरमहलसमेत | १८ |
| इजलास नं. ३ | | | १८ – २४ |
| २२. | उत्प्रेषण | पुनम बजाजसमेत वि. सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारसमेत | १८ |
| २३. | उत्प्रेषण | शम्भुप्रसाद देव वि. कृषि विकास मन्त्रालय, सिंहदरबारसमेत | १९ |
| २४. | उत्प्रेषण | डा. राम परीक्षण यादव वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथसमेत | २० |
| २५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. देउमाया वि.क.समेत | २१ |
| २६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. खेमबहादुर राईमगर | २२ |
| २७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. गणेश थापासमेत | २३ |
| इजलास नं. ४ | | | २४ – २६ |
| २८. | कर्तव्य ज्यान | डम्मरदेवी पन्त वि. नेपाल सरकार | २४ |
| २९. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. डोलेन्द्रप्रसाद कँडेल | २५ |
| इजलास नं. ५ | | | २६ – २८ |
| ३०. | बम बिस्फोट गरी मारेको कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. रामलखन शर्मासमेत | २६ |
| ३१. | भ्रष्टाचार | ठाकुरप्रसाद शर्मा वि. नेपाल सरकार | २७ |
| ३२. | जबरजस्ती करणी | मनु काँडु वि. नेपाल सरकार | २८ |
| इजलास नं. ६ | | | २९ – ३६ |
| ३३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. टोपबहादुर चन्द ठकुरी | २९ |
| ३४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रमेश भन्ने दुर्गाबहादुर थापा | २९ |
| ३५. | कर्तव्य ज्यान | सन्देश मादेन वि. नेपाल सरकार | ३१ |
| ३६. | फैसला बदर | सत्यनारायण महरा चमार वि. सुखल महरा चमार | ३२ |
| ३७. | उत्प्रेषण / परमादेश | केशवबहादुर के.सी. वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगरसमेत | ३३ |
| ३८. | जबरजस्ती करणी | विष्णु आचार्य वि. नेपाल सरकार | ३४ |
| ३९. | गौवध | साविर कसाई वि. नेपाल सरकार | ३५ |
| इजलास नं. ७ | | | ३६ – ४५ |
| ४०. | उत्प्रेषण / परमादेश | दिपो सहनी वि. राजेन्द्र सहनीसमेत | ३६ |

| | | | |
|---|---|---|---|
| ४१. | उत्प्रेषण | दिपेस डंगोलसमेत वि. भूमिसुधार तथा व्यवस्थापन विभाग, काठमाडौंसमेत | ३६ |
| ४२. | उत्प्रेषण / परमादेश | जगन्नाथ बुढा वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय, काठमाडौंसमेत | ३७ |
| ४३. | उत्प्रेषण / परमादेश | जीवन शाहीसमेत वि. सहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | ३८ |
| ४४. | अंश चलन | सीताराम आचार्य वि. राधेश्याम आचार्य | ३८ |
| ४५. | ज्यान मार्ने उद्योग | दिवाकर गौतम वि. नेपाल सरकार | ३९ |
| ४६. | उत्प्रेषण | मीनबहादुर गुरूङ वि. पुनरावेदन अदालत पाटनसमेत | ४० |
| ४७. | उत्प्रेषण / परमादेश | मानुदास श्रेष्ठ वि. राममाया श्रेष्ठसमेत | ४१ |
| ४८. | वैदेशिक रोजगार ठगी | भिमबहादुर थिङ वि. नेपाल सरकार | ४२ |
| ४९. | अंश दर्ता | पल्टीदेवी चौधरी वि. सत्यनारायण चौधरीसमेत | ४३ |
| ५०. | अंश चलन | राधिकादेवी मानन्धर वि. मोहनदेव मानन्धरसमेत | ४४ |
| **इजलास नं. ८** | | | **४५ – ४८** |
| ५१. | उत्प्रेषण | गंगादत्त जोशी वि. पुनरावेदन अदालत महेन्द्रनगरसमेत | ४५ |
| ५२. | जबरजस्ती करणी | नेपाल सरकार वि. रामशरणा चौधरीसमेत | ४६ |
| ५३. | उत्प्रेषण / परमादेश | बाबुराम कार्की वि. मध्य क्षेत्र प्रहरी कार्यालय, हेटौंडासमेत | ४७ |
| ५४. | अपहरण गर्ने उद्योग | नेपाल सरकार वि. गुरूप्रसाद चौधरीसमेत | ४८ |
| **इजलास नं. ९** | | | **४९ – ५१** |
| ५५. | उत्प्रेषण / परमादेश | नुमानन्द सुवेदी वि. विद्यालय शिक्षक किताबखाना, ताहाचलसमेत | ४९ |
| ५६. | युपि.एस.स मेत भन्सार चोरी पैठारी | एनसेल प्रा.लि. वि. राजस्व अनुसन्धान विभागसमेत | ४९ |
| ५७. | अपुताली हक कायम | धुलो यादव वि. सूर्यप्रसाद यादव | ५० |
| **इजलास नं. ११** | | | **५१ - ५८** |
| ५८. | उत्प्रेषण / परमादेश | सुशिल वैद्य वि. निरादेवी तुलाधर | ५१ |
| ५९. | उत्प्रेषण / परमादेश | निरबहादुर तामाङसमेत वि. जिल्ला संखुवासभा, नापी कार्यालय खाँदबारीसमेत | ५२ |
| ६०. | बन्दी प्रत्यक्षीकरण | दिलबहादुर श्रेष्ठ वि. जिल्ला प्रहरी कार्यालय, धादिङसमेत | ५२ |
| ६१. | उत्प्रेषण / परमादेश | संगिता दर्जी वि. स्वास्थ्य मन्त्रालय, रामशाहपथसमेत | ५३ |
| ६२. | लिखत दर्ता बदर | इन्दिरा कार्की काफ्ले वि. सुभाष घिमिरेसमेत | ५४ |

| | | | |
|---|---|---|---|
| ६३. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. लोकबहादुर राउत | ५६ |
| ६४. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. ज्ञानुदेवी रोजरिया | ५६ |
| ६५. | उत्प्रेषण | डा. गरिवदास ठाकुर वि. महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथसमेत | ५७ |
| **इजलास नं. १२** | | | ५८ – ६० |
| ६६. | लेनदेन | भिरङ्गी साह वि. जनारसी देवीसमेत | ५८ |
| ६७. | कर्तव्य ज्यान | साजी तामाङ वि. नेपाल सरकार | ५९ |
| **इजलास नं. १३** | | | ६० – ६२ |
| ६८. | जबरजस्ती करणी | नेपाल सरकार वि. श्रीराम प्रजापति (कोहार) समेत | ६० |
| ६९. | उत्प्रेषण / प्रतिषेध | गणेशप्रसाद चापागाई वि. भद्रपुर नगरपालिकाको कार्यालय, झापासमेत | ६१ |
| **इजलास नं. १४** | | | ६२ – ६५ |
| ७०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. पेम्बाठूले शेर्पा | ६२ |
| ७१. | बन्दी प्रत्यक्षीकरण | श्रीमती विनोद पुन वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | ६३ |
| ७२. | बन्दी प्रत्यक्षीकरण | गुञ्जन विष्ट वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | ६४ |
| **इजलास नं.१५** | | | ६५ – ६८ |
| ७३. | चेक अनादर | धनध्वज लामा वि. गौरी गिरी | ६५ |
| ७४. | रै.प. दर्ता नामसारी | पर्शुराम बुढाथोकीसमेत वि. रामभक्त मानन्धरसमेत | ६६ |
| ७५. | लिखत बदर दर्ता बदर दर्ता कायम | उग्रकान्त झा वि. अर्चना सिंह | ६७ |
| **एकल इजलास** | | | ६७ – ६८ |
| ७६. | उत्प्रेषण | कारी शाह तेलीसमेत वि. धनुषा जिल्ला अदालत जनकपुरसमेत | ६७ |
| ७७. | उत्प्रेषण | डोलेन्द्र शर्मा वि. भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय, काठमाडौंसमेत | ६८ |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-WO-०१६८, उत्प्रेषण / परमादेश, *विष्णुप्रसाद श्रेष्ठसमेत वि. नयनबहादुर श्रेष्ठसमेत*

निवेदकहरूका नाउँको म्याद फिराद पत्रमा उल्लिखित वतनमा नै जारी भई रिट निवेदकहरू घरमा फेला नपरेको र फेला परेकोले पनि बुझ्न अस्वीकार गरेको कारण निजहरूको घर दैलोमा टाँस भएको भन्ने मिसल संलग्न तामेली प्रतिवेदनबाट देखिन आउँछ । निजहरू बसोबास गरी आएको का.म.न.पा. वडा नं. ६ मा मिति २०६९।३।२५ मा तामेल भएको म्यादको मिसिल सामेल प्रतिलिपि हेर्दा सम्बन्धित वडा सचिव रोहवरमा बसेको र स्थानीय व्यक्ति २ जना साक्षी बसी सम्बन्धित वडा सचिवले वडा नं. ६ को सूचना पाटीमा टाँस गर्न १ प्रति प्राप्त भएको भनी ६ नं. वडाको छाप र वडा सचिवको सहिछाप गरी प्रमाणित गरी घर दैलोमा म्याद तामेल भएको देखिन आयो । यस प्रकार कुनै म्यादवाला घरमा फेला नपरेको र कुनै म्यादवाला व्यक्तिहरूले म्याद बुझ्न इन्कार गरेपछि कानूनले निर्धारण गरेको प्रक्रिया र रीत पुर्‍याई तामेल भएको म्यादलाई अ.बं. ११० नं. विपरीत तामेल भएको भन्न मिल्ने नदेखिने।

कानूनबमोजिमको प्रक्रिया र रीत पुर्‍याई तामेल भएको म्यादभित्र आफ्नो सरोकारको प्रतिवाद नगरी अदालतमा सोही विषयमा निवेदन दिँदा आफ्नो वतन फिराद पत्रमा उल्लेख भएकै वतन देखाई निवेदन गर्ने रिट निवेदकहरूलाई पुनः मुद्दामा प्रतिवाद गर्ने अवसर दिँदै जाने हो भने मुद्दाले अन्तिमता पाउन नसक्ने।

फिरादमा उल्लिखित वतनबाहेक आफ्नो अन्य वतन भएको वा तात्विक रूपमा फरक रहेको वतनमा म्याद तामेल भएको कारण सुनुवाइको अवसरबाट वञ्चित हुनु परेको कुनै तथ्यपरक आधार र प्रमाणको अभावमा न्यायिक अन्यौलताको स्थिति सिर्जना गर्ने किसिमले स्पष्ट र वस्तुनिष्ठ तथ्य समावेश नगरी दायर भएको प्रस्तुत रिट निवेदनको औचित्य पुष्टि हुने नदेखिने।

अंश प्राप्त गरी सकेको व्यक्तिले हाम्रो निजी आर्जनको अंश खाने गरी मुद्दा दायर गरी फैसला भएको भनी सो फैसला बदरको जुन जिकिर रहेको छ त्यसतर्फ असाधारण क्षेत्राधिकार आकर्षित हुने होइन । रिट क्षेत्राधिकारबाट मुद्दाको तथ्यभित्र प्रवेश गरी समग्र प्रमाण मूल्याङ्कन गर्न मिल्ने हुँदैन । प्रमाणको मूल्याङ्कन र विवेचना गरी न्याय निरूपण गर्ने विषय रिटको माध्यमबाट माग गरी असाधारण क्षेत्राधिकारअन्तर्गत अदालत प्रवेश गर्नु सिद्धान्ततः नमिल्ने।

अतः माथि विवेचित आधार र कारणबाट म्याद बदरका सन्दर्भमा सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७०।६।४ र पुनरावेदन अदालत पाटनबाट मिति २०७०।९।२५ मा भएको आदेश र रिट निवेदकहरूका नाउँमा मिति २०६९।३।२५ मा तामेल भएको म्याद बदर हुने अवस्थाको विद्यमानता रहेको नदेखिँदा मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: दिलीपराज पन्त

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल मंसिर ८ गते रोज ६ शुभम्।

२

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७२-WO-०८२५, उत्प्रेषण / परमादेश, *लोब्साङ बज्राचार्यसमेत वि. शेखरकुमार गिरीसमेत*

वस्तुतः निवेदकहरूको मुख्य मागदाबी

मुद्दामा प्रतिवाद गर्न पाउँ भन्ने रहेको र निजहरूलाई सुनुवाइको मौका दिई मुद्दामा सरिक हुने अवसर प्रदान गर्दा विपक्षीहरूको हक अधिकारमा असर पर्न जाने भन्न मिल्ने देखिँदैन । निवेदकहरू हाल बसोबास गरी आएको भनी उल्लेख गरेको ठेगाना र विपक्षीले फिरादमा उल्लेख गरेको निवेदकहरूको ठेगाना फरक रहेको देखियो । यस स्थितिमा निवेदकहरूका नाउँमा तामेल भएको म्याद सूचनामा अ.वं. ११० को प्रक्रिया पुगेको भन्न मिल्ने नदेखिने ।

फिराद गर्दा नै निवेदकहरूको ठेगाना अस्पष्ट र अपुरो भएको भन्ने देखिएको अवस्थामा सोही वतनमा तामेल भएको म्याद सूचनालाई प्रक्रिया पुगेको भन्न मिलेन । आफू विरूद्धको मुद्दामा प्रतिवाद गर्न पाउने हरेक व्यक्तिको कानूनी तथा संवैधानिक हक हो। स्वच्छ सुनुवाइ न्यायको रोहमा सबैको अधिकारको विषयको रूपमा रहेको हुन्छ । प्रक्रियागत स्वच्छता, सुनुवाइको अवसर र प्रतिवादको मौकाविना गरिएको न्याय केवल औपचारिक हुन गई त्यसलाई स्वच्छ सुनुवाइको संज्ञा दिन मिल्ने हुँदैन । सुनुवाइको सहज अवसरलाई यान्त्रिकरूपबाट मापन गरी प्रतिवाद गर्ने अधिकारमा संकुचन ल्याउन मिल्ने पनि नहुने ।

सुनुवाइको अधिकारलाई प्रश्रय नगर्दा न्यायमा समान पहुँचको अवसरबाट समेत वञ्चित गरिएको मानिन्छ । न्यायमा समान पहुँचको अधिकारको सुनिश्चितता नै स्वच्छ सुनुवाइको मूल लक्ष्य हुने ।

निवेदकहरू बसोबास गरिआएको ठेगाना फरक रहेको र नाम अस्पष्ट रहेको भन्ने अवस्थामा म्यादवाला व्यक्ति फेला नपरेको भनी गुम्बाको सूचना पाटीमा निजहरूको म्याद सूचना टाँस भएको र सोही ठेगाना उल्लेख गरी पुनः पत्रिकामा सूचना प्रकाशित भएबाट निवेदकहरूले आफू विरूद्धको मुद्दाको जानकारी पाएको र निजहरूलाई सुनुवाइको मौका प्राप्त भएको भन्न मिल्ने हुँदैन । प्रतिवाद गर्ने पर्याप्त अवसर र थाहा जानकारी पाउन सक्ने स्थिति देखिएमा त्यस्तो म्याद पत्रिकामा प्रकाशित गरी तामेल गर्न सकिने हुन्छ । उल्लिखित वतनमा तामेल भएको म्याद एकपटक बदर भइसकेपछि पुनः सोही वतनमा सूचना प्रकाशित गरी तामेल भएको म्यादबाट जानकारी प्राप्त भएको सहज अनुमान गर्न सकिने हुँदैन । यसका अतिरिक्त मुद्दामा प्रक्रिया पुऱ्याउने नाममा कार्यविधिगत अवस्थाप्रतिको बेवास्ता प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूल हुन जाने ।

आफूसँग सम्बन्धित मुद्दामा हाजिर भई प्रतिवाद गर्ने मौका पाउँ भनी आफू हाल बसोबास गरिआएको ठेगानासमेत उल्लेख गरी कानूनबमोजिम अदालतमा प्रवेश गरेको अवस्थामा प्रतिउत्तर नै दर्ता गर्न नमिल्ने भनी भएको आदेशबाट निवेदकहरूको सुनुवाइको अधिकारमा आघात पर्न जाने ।

निवेदकहरूका नाउँमा जारी भएको म्याद का.म.न.पा. वडा नं. ६ मा शेल्खर गुम्बाको सूचना पाटीमा टाँस भएको र त्यसरी सूचना पाटीमा टाँस भएको कारण पुनः राजधानी दैनिकमा म्याद सूचना प्रकाशन गर्नु परे पनि निवेदकले सो म्याद प्राप्त गर्न सकेको स्थिति भने देखिएन । निजहरूको नाउँमा सम्प्रेषित सूचना उल्लिखित वडा नं. ६ को वतनमा तामेल भएको देखिए पनि निजहरूले पेस गरेको निवेदनमा वडा नं. १५ मा बसोबास गरिआएको भनी उल्लेख गरेको देखिएकोले निवेदकहरूको वास्तविक वतन फरक रहेको, निवेदकमध्ये ङावाङ लामाको नाम नै सही उल्लेख नभएको स्थितिमा प्रकाशित भएको म्याद सूचनालाई रीतपूर्वकको तामेली भन्न मिल्ने नदेखिँदा काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।१।२६ मा प्रकाशित भएको निवेदकहरूको नाउँको म्याद सूचना तथा सो सम्बन्धमा काठमाडौं जिल्ला अदालतबाट मिति २०७२।९।३ मा भएको आदेश र सोही आदेश सदर गरी पुनरावेदन अदालत

पाटनबाट भएको मिति २०७२।१२।१९ को आदेश उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

प्रतिवादीहरूलाई रीतपूर्वकको म्याद दिई प्रतिउत्तर लेखिल्याए प्रतिउत्तर दर्ता गरी कानूनबमोजिम निर्णय गर्नु भनी विपक्षी जिल्ला अदालत काठमाडौंका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत: दिलीपराज पन्त

कम्प्युटर : विकेश गुरागाइँ

इति संवत् २०७४ साल कात्तिक ८ गते रोज ६ शुभम् ।

३

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०७४-WH-००५५, बन्दीप्रत्यक्षीकरण, *रमेशकुमार श्रेष्ठ वि. गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

कारागार नियमावली, २०२० को नियम २९(२क) मा "उपनियम (१) र (१क) मा जुनसुकै कुरा लेखिएको भए तापनि असल चालचलन भएका पैसट्ठी वर्ष उमेर पुगेका कैदीहरूको हकमा पचहत्तर प्रतिशतसम्मको कैद सजाय छोट्याउन सकिनेछ" भन्ने व्यवस्थाबाट कैदीको उमेर, कसुरको अवस्था हेरी छुट दिन सकिने व्यवस्था सम्बन्धित कारागारको क्षेत्राधिकारअन्तर्गतको विषय देखिन आउने ।

जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२(१क) र कारागार नियमावली, २०२० को नियम २९(२क) को उक्त दुवै कानूनी व्यवस्थाले उमेर र कसुरको अवस्था एवम् असल चालचलनसमेत विचार गरी तोकिएको सीमाभित्र के कति छुट दिने भन्ने कुरा निर्णयकर्ताको "तजबिजी" अधिकार रहेको देखियो । साथै उक्त कानूनले छुट दिने सम्बन्धमा कसुरदारको उमेर तत्त्व र कसुरको गाम्भिर्यसमेतको आधारमा फरक हुनु स्वाभाविक नै हुन जाने भए पनि कारागार नियमावली, २०२० को नियम २९(१क) अनुसारको भ्रष्टाचार मुद्दामा कैद सजाय पाएको कारणले मात्र कैद सजायमा छुट दिन नसकिने भन्ने कारागार व्यवस्थापन विभागका महानिर्देशकसमेतको लिखित जवाफ नेपालको संविधानको धारा ४१ को जेष्ठ नागरिकको हक र जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ बमोजिमको जेष्ठ नागरिकलाई राज्यबाट प्रदान गरिने विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हकको अनुकूल नहुने हुँदा जेष्ठ नागरिकलाई कैद सजाय छोट्याउन मिल्ने कारागार नियमावली, २०२० को नियम २९(२क) को व्यवस्थालाई उक्त कारागार नियमावली, २०२० को नियम २९(१क) को प्रावधानले सीमित गर्न सक्ने नदेखिने ।

कारागार नियमावली, २०२० को (चौधौ संशोधन, २०७२) को नियम २९ को २(क) मा "उपनियम (१) र (१क) मा जुनसुकै कुरा लेखिएको भए तापनि असल चालचलन भएका पैसट्ठी वर्ष उमेर पुगेका कैदीहरूको हकमा पचहत्तर प्रतिशतसम्म कैद सजाय छोट्याउन सकिनेछ" भन्ने कानूनी व्यवस्था रहेको र रिट निवेदक रमेशकुमार श्रेष्ठ असल चालचलनका व्यक्ति होइनन् भन्ने लिखित जवाफसमेत नदेखिँदा ऐन, कानूनले निर्धारण गरेको आचरणविपरीतको व्यवहार नदेखिएको स्थितिमा कारागार नियमावली, २०२० को नियम २९(२)(क) को कानूनी व्यवस्था यी निवेदकको हकमा आकर्षित हुने नै देखिएकोले अविलम्ब सजाय छोट्याउनेसम्बन्धी व्यवस्थाको कारबाही अघि बढाउनु भनी विपक्षी कारागार व्यवस्थापन विभाग र कारागार कार्यालय डिल्लीबजारको नाममा परमादेश जारी हुने ।

जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ को सजाय छुट दिने सम्बन्धमा यसै अदालतबाट मिति २०७२।७।१६ मा ०७१-WO-००५१ र मिति २०७३।११।१२ मा ०७३-wo-००४८ को बन्दीप्रत्यक्षीकरण मुद्दामा जारी भएको परमादेशको आदेशबमोजिम सम्बन्धित निकायले त्यस्तो सजाय छुट दिने विधि र प्रक्रिया निर्धारण गरी सकेको

नदेखिएकोले हाल बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः दिलीपराज पन्त

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल फागुन १६ गते रोज ४ शुभम्।

४

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६९-WO-०३३७, परमादेश, अधिवक्ता राजकुमार रानासमेत वि. *प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

मानव स्वास्थ्यको लागि हानिकारक फर्मालिन नामक ग्याँसको अत्याधिक प्रयोगबाट उपभोक्तामा प्रत्यक्ष असर पर्ने र बिनाकारण विभिन्न किसिमको रोगको सिकार हुनुपर्ने भन्ने देखियो । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६(१) र १८(३) एवम् वर्तमान संविधानको धारा ३०, ३५ र ३६ ले गरेको संवैधानिक व्यवस्थाअन्तर्गत आम नेपाली नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई अन्यथा हुने गरी वस्तु तथा सेवाको बिक्री वितरण गर्न पाउने भन्ने नदेखिने ।

खाद्य पदार्थको वर्गभित्र नपर्ने फर्मालिन जस्ता विषादी अनुमतित सीमाभन्दा बढी प्रयोग हुन गएमा मानव जीवन नै बेकम्मा हुन जाने खतरा रहँदारहँदै पनि प्रयोग गर्नु गराउनु र त्यसउपर नियमनकारी निकायको निगरानी नरहनुबाट कानूनको प्रभावकारी कार्यान्वयन भएको भन्न मिल्ने नदेखिने ।

उपभोक्ताको स्वास्थ्य सुरक्षा र आर्थिक हित कायम राख्न र उपभोग्य वस्तु वा सेवाको गुणस्तर परिमाण एवम् मूल्यको अनियमितताबाट उपभोक्ता वर्गलाई संरक्षण गरी गुणस्तरयुक्त उपभोग्य वस्तु वा सेवाको बिक्री वितरण निकासी र सञ्चयमा प्रभावकारिता ल्याउने सन्दर्भमा राज्यका नियमनकारी निकायको मुख्य दायित्व रहने हुँदा मानव स्वास्थ्यलाई असर पर्ने किसिमका किटनाशक औषधिको अत्याधिक प्रयोगबाट आई पर्ने खतरालाई न्यूनीकरण गर्न उपभोक्ता संरक्षण ऐनको दफा १३ को प्रभावकारी कार्यान्वयन हुन वाञ्छनीय देखिने ।

माथि विवेचित तथ्य एवम् संवैधानिक र कानूनी व्यवस्थाबाट जनस्वास्थ्यमा अत्यन्त नकारात्मक असर पार्ने फर्मालिन नामक विषादीको प्रयोग मानव जीवनको लागि हानिकारक रहेको र स्टोरेज गरिएको माछाको गुणस्तर कायम राख्ने प्राकृतिक विधि प्रतिकूलसमेत भएको देखिएकोले, खाद्य वस्तुमा प्रयोग हुने यस प्रकारको विषादीका कारण शरीरको कुनैपनि अङ्गको शक्ति क्षण वा हरण हुन सक्ने हुँदा त्यसमा निगरानी राख्नु, नियन्त्रण गर्नु राज्यको प्रमुख दायित्वअन्तर्गत पर्न जाने देखियो । तसर्थ सर्वसाधारण जनताले कृषिजन्य वस्तुको रूपमा उपभोग गर्ने माछालगायतका खाद्य वस्तुमा जनस्वास्थ्य र वातावरणमा समेत प्रतिकूल असर पुर्‍याउने विषादी तत्त्व (Formalin) को प्रयोगलाई नियन्त्रण गरी विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको मात्राभन्दा बढी प्रयोग नगर्नु नगराउनु भनी विपक्षीको नाममा परमादेश जारी हुने ।

साथै उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा १३ बमोजिम उपभोक्ताको हक हितमा प्रतिकूल असर पार्ने किसिमले अनुचित व्यापारिक क्रियाकलाप गरिरहेको वा कमसल उपभोग्य वस्तुको उत्पादन र बिक्री वितरण गरिरहेको पाइएमा नेपाल सरकारले आवश्यक जाँचबुझ र निरीक्षण गर्न सक्ने कानूनी व्यवस्थाको प्रभावकारी अनुगमन एवम् कार्यान्वयन गर्नु अपरिहार्य देखिएकोले सो मागबमोजिम अनुगमन तथा निरीक्षण गरी आवश्यक व्यवस्थापन गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृतः दिलीपराज पन्त

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल फागुन १३ गते रोज १ शुभम्।

५

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६९-WO-०५८८, परमादेश, *रामनारायण गुप्ता वि. कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयसमेत*

अदालतको फैसलाबमोजिम लेनदेनको बिगोबापत डाँक लिलाम सकार गरेको सम्पत्ति चलन हटकमा कानूनको रीत पुर्‍याई चलन चलाउने कार्य भएको देखिएको र चलन डोरमा खटी जाने कर्मचारीमध्ये शा.अ. शिवप्रसाद साहबाहेक अन्य कर्मचारी विरूद्ध उच्च अदालत राजविराजमा लुटपिट मुद्दा दर्ता भई हाल मुल्तबीमा रहेको भन्ने निवेदन बेहोराबाट देखिएकोले सिरहा जिल्ला अदालत तहसिल शाखाबाट फैसला कार्यान्वयन गर्ने सिलसिलामा मिति २०६८।१२।३ मा भए गरेको कार्यका सम्बन्धमा सोही मुद्दाबाट निरूपण हुने र अनुमति दिने विषय सम्बन्धित निकायले निर्णय गर्ने प्रकृतिको देखिएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः दिलीपराज पन्त

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल फागुन १३ गते रोज १ शुभम् ।

६

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७१-WO-०५१२, उत्प्रेषण / परमादेश, *पदममाया गुरूङ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

कुनै निकाय वा अधिकारीको लापरवाहीको दायित्व उनाउ व्यक्तिले बहन गर्न पर्ने परिस्थिति सिर्जना हुनु नितान्त कानूनविपरीतको कार्य हो । अड्डा अदालतको हेलचेक्राइँबाट कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रतामा आँच आउनु हुँदैन । फौजदारी कानूनका क्षेत्रमा विकसित अवधारणाले यस्तो कार्यलाई स्वीकार गर्दैन । कानूनी व्यवस्था नभएकै कारण न्याय प्राप्तबाट वञ्चित हुनुपर्ने स्थिति न्यायिक हुँदैन । कानून नभएको भन्ने आधारमा न्याय गर्नबाट पन्छिनु पनि न्यायकर्ताको धर्म प्रतिकूल हुन जान्छ । न्यायिक विवेकको प्रयोग गर्दा अन्याय परेको देखिएमा कानून छैन भनेर न्याय प्रदान गर्नबाट विचलित हुँदा पीडित झन् पीडित हुन पुग्ने ।

कानूनको निर्माण गर्ने कार्य अदालतको होइन तथापि समय र परिस्थितिअनुकूलको कानूनी व्यवस्था नभएको र कुनै नयाँ विषयमा कानून निर्माणको आवश्यकता देखिएमा न्यायिक मनको प्रयोगबाट त्यस्तो विषय उजागर गर्नु अदालतको संवैधानिक दायित्वअन्तर्गत पर्न आउँछ । नेपाल सन्धि ऐन, २०४७ को दफा ९(२) ले व्यवस्था गरेको कानूनी व्यवस्थाबाट अन्तर्राष्ट्रिय सन्धि महासन्धिद्वारा सिर्जित दायित्वसमेतको परिपालना हुने गरी बढी कैदमा बसेको अवधिको मनासिब क्षतिपूर्ति दिनेसम्बन्धी कानून निर्माण गर्नु वाञ्छनीय देखिन आउने ।

वैयक्तिक स्वतन्त्रताको हरणबाट गैरकानूनी रूपमा निवेदकले परिपूरण पाउने कुनै कानूनी व्यवस्था नभएकै भरमा न्याय मर्न दिनु हुँदैन । निजलाई न्यायको अनुभूति दिलाउन गैरकानूनी थुनाबापत क्षतिपूर्ति दिनु राज्यको कर्तव्यभित्र पर्ने ।

कुनै सरकारी अड्डा वा अधिकारीको गल्तीले वैयक्तिक स्वतन्त्रतामा आँच आउनु कानूनी राज्यको मूल्य मान्यताप्रतिकूल हुन जान्छ । राज्य नागरिक अधिकारको संरक्षक पनि हो । कानूनबमोजिम स्थापित राज्यका निकाय वा सो निकायमा नियुक्त अधिकारीबाट नागरिकको स्वतन्त्रतामा आँच आउने गरी गैरकानूनी थुनामा राखेको कार्यबाट पीडितलाई मनासिब क्षतिपूर्ति दिने कार्य राज्यको दायित्वअन्तर्गत पर्न आउँछ । यसमा राज्यबाट नजर अन्दाज गर्न मिल्ने हुँदैन र गर्नु पनि नहुने ।

कुनै पनि नागरिकलाई अभियोग प्रमाणित भएमा हुन सक्ने अधिकतम कैदको सजायको अवधिभन्दा बढी अवधिसम्म थुनामा राख्नु संवैधानिक

एवम् कानूनी व्यवस्थाको प्रतिकूल देखिएको हुँदा निवेदक सर्वोच्च अदालतका मिति २०५१।२।५ का फैसलाले लागेको कैद वर्ष ५ मात्र कैद बस्नुपर्नेमा ५ वर्ष ६ महिना ७ दिन बढी अवधि कैदमा बसेको देखिएकोले बढी कैद बसेको अवधिको प्रतिदिन रू. तीन सयका दरले हुन आउने छ लाख तीन हजार छ सय निवेदकलाई क्षतिपूर्तिबापत भराई दिलाई दिनु भनी विपक्षी नेपाल सरकारका नाउँमा परमादेश जारी हुने।

प्रस्तुत विषयमा कानून निर्माण भएको नदेखिँदा वैयक्तिक स्वतन्त्रता अपहरण हुने गरी लागेको कैद जरिवानाभन्दा बढी कैद वा थुनामा राखेको अवस्थामा उचित क्षतिपूर्ति दिलाउने कानूनको निर्माण गरी वैयक्तिक स्वतन्त्रता अक्षुण्ण राख्ने दिशामा तदारूकता देखाउनु भनी विपक्षीहरूका नाममा निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृत: दिलीपराज पन्त

कम्प्युटर : विकेश गुरागाईं

इति संवत् २०७४ साल फागुन १३ गते रोज १ शुभम्।

७

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७३-WO-०९१३, परमादेश, *केदार धमलासमेत वि. खानेपानी तथा सरसफाई मन्त्रालयसमेत*

नेपाल खानेपानी संस्थान ऐनले जनशक्ति व्यवस्थापन गर्ने, पदपूर्ति गर्ने, आवश्यक दरबन्दीहरू स्वीकृत गर्ने, परीक्षा सञ्चालन गर्नेसमेतका कार्य खानेपानी संस्थान पदपूर्ति समिति आफैँ गर्न सक्ने गरी कानूनले व्यवस्था गरेको पाइन्छ । उल्लिखित आवश्यक पदको लागि विज्ञापन गरी परीक्षा सञ्चालन, अन्तर्वार्ता र नियुक्तिसमेतका विषयमा खानेपानी संस्थान पदपूर्ति समितिमा कारबाही चलिरहेको अवस्थामा सो कारबाहीलाई असर पर्ने गरी प्राकृतिक न्यायको सिद्धान्तविपरीत आफ्नो क्षेत्राधिकारभन्दा बाहिरको विषयमा प्रवेश गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पदपूर्तिमा रोक लगाउने गरी मिति २०६८।३।२९ र मिति २०६९।१२।२ मा निर्णय तथा पत्राचार गरेको देखियो। आयोगको उक्त मितिको पत्रमा उल्लिखित निर्णयमा कुन कानूनअनुसार निर्णय भएको हो सोसमेत खुलाएको नदेखिएको र अधिकारक्षेत्र नै नरहेको विषयमा निर्णय गरी संस्थानको काम कारबाहीमा असर पुऱ्याएको देखिएकोले उक्त निर्णय एवम् पत्राचार कानूनसम्मत रहेको भन्न मिल्ने नदेखिने।

कानूनबमोजिम स्थापित कुनै पनि निकायले कानूनमा उल्लेख भएकोसम्म अधिकार प्रयोग गर्न पाउँछ। कानूनले तोकेभन्दा बढी अधिकारको प्रयोग गर्न पाउँदैन । नेपाल खानेपानी संस्थानले आफ्नो संस्थालाई आवश्यक जनशक्तिको लागि विज्ञापन गर्ने, परीक्षा सञ्चालन गर्ने, सिफारिस गर्नेलगायतको अधिकार प्रचलित कानूनसमेतले उक्त संस्थानलाई रहे भएको देखिन्छ। संस्थानले कर्मचारी पदपूर्ति सम्बन्धमा गरेको विज्ञापन र अन्तर्वार्ता रद्द गराउन सक्ने अधिकार आयोगलाई रहेको देखिँदैन। यस्तो अवस्थामा कर्मचारी छनौट प्रक्रिया प्रारम्भ भई आवश्यक कारबाही भइरहेको अवस्थामा सो कारबाहीलाई असर पर्ने गरी भएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णय क्षेत्राधिकारविहीन भएको देखिने।

अतः अख्तियार दुरूपयोग अनुसन्धान आयोगको च.नं.१८३८ मिति २०६८।३।२९ को निर्णय पत्रानुसार विज्ञापन नं.०४५।०६६–०६७ समेतका पदमा लिइएको लिखित र मौखिक परीक्षाको परीक्षाफल प्रकाशन नगरी २०६८।५।१५ को संस्थानको सञ्चालक समितिको सिफारिसको आधारमा सो परीक्षा नै रद्द गर्ने गरी संस्थानबाट भएको निर्णय र सोबमोजिम नेपाल खानेपानी संस्थानबाट भएका काम कारबाहीहरू त्रुटिपूर्ण देखिएकोले उत्प्रेषणको आदेशले बदर गरिदिएको छ।

यी निवेदकहरूको हकमा २०६६।८।२५ मा विज्ञापन गरिएका पद, तह र दरबन्दीका लागि सम्पन्न भएको लिखित तथा अन्तर्वार्ता परीक्षाको नतिजा प्रकाशन गरी पदपूर्तिसम्बन्धी प्रक्रिया अगाडि बढाउनु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने।

इजलास अधिकृतः दिलीपराज पन्त

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल फागुन १३ गते रोज १ शुभम्।

८

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७३-WO-१३९६, परमादेश, शिवम् भिर मधु वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

कुनै पनि मुलुकले के कस्तो सर्त र आधारमा विदेशी नागरिकलाई आफ्नो मुलुकको प्रवेशाज्ञा दिने र त्यो मुलुकमा रहँदा विदेशीले पालना गर्नुपर्ने सर्त बन्देजसहितको कानूनी व्यवस्थाको पालना गर्नु प्रवेशाज्ञा लिने व्यक्तिको दायित्व रहने भन्ने देखियो । रिट निवेदकले वैदेशिक रोजगार न्यायाधिकरणबाट वैदेशिक रोजगार कसुरमा सजाय पाई फैसलाबमोजिम कैद र जरिवानाको सजाय भुक्तान गरिरहेकोमा सजाय भक्तान भएपछि निजलाई नेपालबाट निस्काशन गर्ने वा नगर्ने भन्ने सम्बन्धमा सम्बन्धित अधिकारीले गर्ने विषय देखिन आउने।

कुनै सरकारी निकाय वा अधिकारीले कानूनबमोजिम आफूले गर्नुपर्ने कर्तव्य पूरा नगर्दा त्यसबाट हक अधिकारमा आघात पुग्न जाने स्थिति भएमा कानूनबमोजिमको कर्तव्य पूरा गर्न गराउन परमादेश जारी हुने अवस्थामा आशङ्काको स्थितिलाई उजागर गरी निष्काशन हुनुपर्ने हो कि भनी परमादेशको माग गरी रिट निवेदन दायर भएको देखिँदा निष्काशन हुने सम्भावना भएको भन्ने अनिश्चित मागका सम्बन्धमा मागबमोजिमको आदेश जारी गर्न मिल्ने देखिएन। अतः प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः दीलिपराज पन्त

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल फागुन १३ गते रोज १ शुभम्।

९

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CR-१२२२, कर्तव्य ज्यान, *निरमाया राई वि. नेपाल सरकार*

खुकुरी प्रहारको चोटपटक निको नहुँदै बमबहादुर राई थला परी निजलाई उपचारको लागि लैजाने क्रममा मृत्यु भएको देखिन्छ । शव परीक्षण प्रतिवेदनमा मृतकको मृत्यु Right side lobar pneumonia with right para pneumonic effusion leading to cardiopulmonary arrest को कारण मृत्यु भएको भनी उल्लेख भएअनुसार शव परीक्षण गर्ने विशेषज्ञले मृत्युको कारणमा मृतकको फोक्सोको दायाँपट्टिको तल्लो भागमा निमोनिया भएको कारणले मुटुले काम गर्न छोडी मृत्यु भएको भन्ने बुझाउँछ भनी बकपत्र गरेको देखिन्छ। विशेषज्ञले निमोनिया चोटको कारणले टाउकोमा रगत जमी हिँड्डुल गर्न नसकि थला परेको हुनसक्ने भन्ने भनी बकपत्रमा स्पष्ट खुलाई दिएको पाइन्छ । यसरी विशेषज्ञको भनाइअनुसार घटनापश्चात् मृतकलाई लागेको चोटको कारणले हिँड्डुल गर्न नसकी थला परेको कारणबाट निमोनिया भई मृतकको मृत्यु भएको भनी बकपत्र गरिदिएको, घटनापश्चात् मृतकले हिँड्डुल गर्ने भई सामान्य जीवनयापन गरेको भन्ने नदेखिएको अवस्थासमेतबाट मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ८ नं. को कसुरमा ऐ. महलको १३ नं. को देहाय ३ बमोजिम पुनरावेदिका प्रतिवादीलाई कसुरदार ठहर गरेको पुनरावेदन अदालत राजविराजको फैसला अन्यथा नदेखिने।

अत: विवेचना गरिएअनुसार पुनरावेदिका

प्रतिवादीलाई अभियोग दाबीबमोजिम कसुरदार ठहर गरेको सुरू उदयपुर जिल्ला अदालतको मिति २०७१।३।१० को फैसला सदर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०७२।३।१६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

मृतक ससुराले जाँड रक्सी खाएको समयमा प्रतिवादीलाई गाई वस्तु चराउन जान लागेको समयमा केटाहरू सुताउने गर्छेस्, गोठालो म आफैँ जान्छु भनी भन्दा भएको वादविवादको जरियाबाट वारदात भएको, मृतकले प्रतिवादीलाई हात पाखुरा समाई भुइँमा लडाई मृतकले प्रतिवादीमाथि चढेको अवस्थामा प्रतिवादीले मृतकको पन्जाबाट उम्कन मृतकको टाउकोमा एक्कासी खुकुरी प्रहार गरेको अवस्थाले बिना कुनै तयारी अकस्मात हुन गएको क्रियाबाट घटना घटेको पूर्वरिसइवी राखी योजना बनाई मनसायपूर्वक कर्तव्य गरेको भन्ने देखिन नआएको अवस्था एवम् घटनाको प्रकृति, वारदात हुँदाको अवस्था र पारिवारिक कारणसमेतले पुनरावेदिका प्रतिवादीलाई १२ वर्ष मात्र कैद सजाय गर्दा पनि कानूनको मक्सद पूरा हुने नै देखिँदा पुनरावेदन अदालत राजविराजले पुनरावेदिका प्रतिवादीलाई १२ वर्ष कैद सजाय गर्ने गरी व्यक्त गरेको रायसमेत मनासिब नै देखिँदा सो रायसमेत सदर हुने ।

इजलास अधिकृत: भिमबहादुर निरौला

इति संवत् २०७४ साल चैत ८ गते रोज १ शुभम् ।

१०

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी र मा.न्या. श्री टंकबहादुर मोक्तान**, ०७१-CI-०६२३, जग्गा खिचोला घर उठाई चलन चलाई पाऊँ, *दामोदर खंगखत्वेसमेत वि. सबुरी खंगखत्वे*

विवादित जग्गा प्रत्यर्थी वादीका बाबुले रू.९९।- मा खरिद गरेको भन्ने उल्लेख भएको रू.९९।- को लिखतलाई तत्कालीन समयमा हदमुनिको मानी रजिस्ट्रेसन गर्नु पर्ने नहुँदा उक्त लिखतलाई कानूनसम्मत मान्नु पर्ने देखिन्छ । दाबीको जग्गा २००४ सालको सर्भे नापीमा मौजे मलेठको गाउँ ब्लक नं. २४ उल्लेख गरी कित्ता नं. कायम भई दर्ता भएको देखिन्छ । फिराद लेखबाट वादीको बुबाले मिति २०११।७।३ मा दाबीको जग्गा अकलु खंगबाट खरिद गरेको र वादीको बुबा चौधरी खंगको २०३४ साल कात्तिकमा र आमा रूदनीदेवी खंगको २०३६ बैसाखमा देहावसान भएपश्चात् स्वभावतः विवादित जग्गा प्रत्यर्थी वादीको भोगमा रहन आएको मान्नु पर्ने देखिन आउने ।

सुरू अदालतबाट भई आएको नक्सा मुचुल्कामा वादी दाबीको ज.वि. ०-०-१० जग्गालाई न.नं. ५ (क), (ख), (ग) र (घ) मा संकेत गरिएको पाइन्छ । न.नं. ५ को (क) मा ९×९ फिटको पूर्व मुख भएको घर-१, न.नं. (ख) मा १३×१० फिटको पश्चिम मुख भएको घर-१ गरी २ वटा फुसको घर, न.नं. (ग) मा १९×१२ फिटको र न.नं. (घ) मा १२×८ फिटको टिनको छाना भएको २ गरी ४ वटा घर निर्माण भएको र सो घरहरूमा पुनरावेदक प्रतिवादीहरूको भोग (बसोबास) रहे भएको भन्ने देखिन्छ । उक्त नक्सा सर्जमिन मुचुल्कामा रही रोहवरमा रही सहिछाप गर्ने पुनरावेदक प्रतिवादी दामोदर खंगखत्वेले दाबीको जग्गामा आफू (प्रतिवादीहरू) को भोग (बसोबास) लाई स्वीकार गरेको देखिन्छ । यसरी माथि उल्लेख भएबमोजिम मिति २०११।७।३ मा अकलु खंगले वादीका बुबा चौधरी खंगखत्वेलाई गरी दिएको घरसारको लिखत कानूनसम्मत रहेको देखिएको र पिता माताको देहावसानपश्चात् फिराद दाबीको जग्गामा प्रत्यर्थी वादीको हक हुन आई वादीको भोगमा रहेको देखिएको र नक्सा सर्जमिन मुचुल्काबाट वादी दाबीका जग्गामा देखिएका ४ वटा घरहरूमा पुनरावेदक प्रतिवादीहरूको भोग बसोबास रहेको देखिन आउने ।

दाबीको जग्गामा वादीको भोग रहेको देखिएको र वादीको हक भोग भएको जग्गामा प्रतिवादीहरूले घर बनाई भोग गरेको देखिँदा सुरू अदालतको फैसला

उल्टी गरी वादी दाबीअनुसार वादी दाबीको जग्गामा पुनरावेदक प्रतिवादीहरूले खिचोला गरेको ठहऱ्याएको पुनरावेदन अदालत राजविराजको फैसला मिलेकै देखिन आउने।

अतः माथि गरिएको विवेचनाको आधारमा वादी दाबी नपुग्ने ठहर गरेको सुरू सप्तरी जिल्ला अदालतको फैसला उल्टी गरी वादी दाबी पुग्ने ठहर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०७०।९।१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : भीमबहादुर निरौला

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०७५ साल असार २६ गते रोज ३ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री जगदीश शर्मा पौडेल**, ०७०-CR-०५६६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. दुवे हेम्ब्रमसमेत*

मौकामा प्रतिवादीहरूलाई पोल गरेका वादी पक्षका साक्षी जन्मजेय साहसमेतले अदालतमा आई बकपत्र गर्दा मौकाको आफ्नो भनाइलाई समर्थित एवम् पुष्टि गर्न सकेको नदेखिँदा निजहरूले मौकामा व्यक्त गरेको भनाइलाई प्रत्यक्ष प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने देखिएन। जाहेरवालाले मृतकलाई गोली हान्नुभन्दा अगाडि ४, ५ मिनेटजति बाँसका भाटा, लात, मुक्का र छुरी प्रहार गरी प्रतिवादीहरूले कुटपिट गरेको भनी अदालतमा उपस्थित भई बकपत्र गरे पनि मृतकको लास प्रकृति मुचुल्कामा मृतकको शरीरमा गोलीको बाहेक अन्य चोट रहेको भन्ने उल्लेख भएको नदेखिएको तथा शव परीक्षण प्रतिवेदनमा समेत गोली लागेको बाहेक अन्य चोटपटक निलडाम केही नभएको भन्ने बेहोरा उल्लेख भएको देखिन्छ। यस अवस्थामा प्रतिवादीहरूको सन्दर्भमा समेत जाहेरवालाले गरेको बकपत्रलाई प्रत्यक्ष प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने नदेखिने।

प्रस्तुत मुद्दामा मृतकलाई कर्तव्य गरी मार्नको लागि घटित वारदातमा अन्य प्रतिवादीहरूको संलग्नता रहेको भन्ने जाहेरवालाको कथन मिसिल संलग्न स्वतन्त्र प्रमाणबाट पुष्टि हुन सकेको नदेखिँदा निज प्रतिवादीहरूलाई समेत अभियोग दाबीबाट सफाइ हुने ठहर गरेको सुरू मोरङ जिल्ला अदालतको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत विराटनगरबाट भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा विद्वान् सहन्यायाधिवक्ताको बहस बुँदासँग सहमत हुन नसकिने।

जाहेरवाला राजकुमार साहले मिति २०६३।१।१७ गते राति प्रतिवादी जंजुल भन्ने वरियार मर्मुसमेतका मानिसहरू मेरो घरमा आई मेरो बाबुलाई गोली हानी मारेको भनी मौकामा किटानी जाहेरी दिएको र सो जाहेरी बेहोरालाई समर्थित हुने गरी अदालतमा बकपत्र गरेको पाइन्छ। प्रतिवादी जंजुल भन्ने वरियार मुर्मु आरोपित कसुर गरेमा अदालतमा इन्कार रही बयान गरे तापनि अनुसन्धानको क्रममा निजले मृतकलाई गोली प्रहार गरी कर्तव्य गरी मारेको भनी कसुरमा साबित भई बयान गरेको र आरोपित कसुरजन्य कार्य आफूले नगरेको वा आफ्नो संलग्नता नरहेको भन्ने तथ्य पुष्टि हुने कुनै विश्वसनीय र युक्तियुक्त आधार प्रमाण यी प्रतिवादीले पेस गर्न सकेको मिसिलबाट देखिन आउँदैन। वारदात हुँदाका प्रत्यक्षदर्शी जाहेरवाला राजकुमार साह रहेको देखिन्छ। निज जाहेरवालाले प्रतिवादीमध्येका जंजुल भन्ने वरियार मर्मुले मृतक मेरो बाबु शशीकान्त साहलाई गोली प्रहार गरी मारेको देखेको हुँ सो बखत आफूसमेत घाइते भएको थिएँ भनी अदालतमा बकपत्र गरेको र सो तथ्य मिसिल प्रमाणबाट समर्थित हुन आएको अवस्था हुँदा प्रतिवादी जंजुल भन्ने वरियार मर्मुले मृतकलाई गोली प्रहार गरी निजको

कर्तव्यबाट नै मृतकको मृत्य भएको तथ्य स्थापित हुन आयो। यस्तो अवस्थामा प्रतिवादी जंजुल भन्ने वरियार मुर्मुलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३((१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी सुरू मोरङ जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत विराटनगरको फैसला अन्यथा देखिन नआउने।

तसर्थ, विवेचित आधार कारणबाट प्रतिवादी जंजुल भन्ने वरियार मुर्मुलाई ज्यानसम्बन्धी महलको १ नं.को कसुरमा सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने र अन्य प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरी सुरू मोरङ जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत विराटनगरबाट मिति २०६९।१०।२८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल भदौ १२ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान**, ०७३-CR-०५९१, भ्रष्टाचार (घुस, रिसवत), *नेपाल सरकार वि. सुमन खरेल*

रकम बरामद भएको भनिएको स्थान क्रसरोड रेस्टुरेन्टमा प्रतिवादीका अलावा अन्य प्रहरी कर्मचारीहरू मिलनकुमार सिंह र अभय राउतसमेत उपस्थित रहेको भन्ने देखिन्छ । पेस हुन आएको सिडीमा यी प्रतिवादीले वार्तालाप गरेको भन्ने देखिन नआएको भन्ने सिडी लेखबद्ध कागजबाट देखिन आउँछ । प्रतिवादीले मौकामा तथा अदालतसमक्ष बयान गर्दा आरोपित कसुरमा इन्कार रही बयान गरेको अवस्था देखिन्छ । घटना वारदात भएको भनिएको समयमा सँगसाथमा रहेका भनिएका प्रहरी कर्मचारीहरू मिलनकुमार सिंह तथा अभय राउतको स्पष्टीकरणबाट सुमन खरेलसमेत तीनैजना कफी पिउन उक्त रेस्टुरेन्टमा गएको भनी अञ्चल प्रहरी कार्यालयबाट उठाइएको निजहरूको कारबाही फायलमा दिएको स्पष्टीकरणबाट खुल्न आएको पाइन्छ । उजुरीकर्ता युवराज सिंह ठकुरीले विशेष अदालतसमक्ष बकपत्र गर्दा आफूले आफ्नो भाइ विरूद्ध चोरी मुद्दा दर्ता गरेको प्रतिसोध साँध्न प्रतिवादीलाई फसाउने नियतले योजना बनाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा गई निवेदन दिएको भनी बेहोरा लेखाएकोसमेतका आधार प्रमाणहरूबाट प्रस्तुत मुद्दामा प्रतिवादी सुमन खरेलले घुस रिसवतबापत रकम लिएको भन्ने कुरा नै शङ्कारहित तवरबाट पुष्टि हुन आएको नदेखिएको हुँदा शङ्काको सुविधा अभियुक्तले पाउने भन्ने फौजदारी कानूनको सर्वमान्य सिद्धान्तसमेत रहेको परिप्रेक्ष्यमा प्रमाणको विवेचना गरी प्रतिवादी सुमन खरेलले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याएको विशेष अदालतको फैसला न्यायसङ्गत देखिन आउने।

तसर्थ माथि विवेचित आधार र कारणहरूबाट अन्योल र शङ्कास्पद स्थितिमा कसुर गरेकै हुन् भनी यकिन हुने ठोस सबुद प्रमाणको अभावमा कसुरदार ठहऱ्याउनु कानून एवम् न्यायसङ्गत नभएकोले प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याएको विशेष अदालत काठमाडौंको मिति २०७३।५।२३ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल पुस २० गते रोज ५ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७२-CR-१०८४, लागु औषध, *नेपाल सरकार वि. रिङ्कु राइनी*

एउटै टाँगामा चढी आएका प्रतिवादी रिङ्कु राइनीसमेतका यात्रीहरूमध्येका सहप्रतिवादी असफाक अहमदको साथबाट मौकामा लागु औषध ब्राउन सुगर बरामद भएको देखिएको र सोही टाँगामा सवार भई आउने यी प्रतिवादी रिङ्कु राइनीको साथबाट लागु औषध बरामद भएको नदेखिएकोमा यी प्रतिवादी रिङ्कु राइनी र सहप्रतिवादी असफाक अहमदसमेत एउटै टाँगामा बसी आएको देखिए तापनि सहप्रतिवादीले लागु औषध ब्राउन सुगर आफूले खरिद गरी लिई आउने क्रममा होटलमा बसी खाजा खाने क्रममा भेट भएपछि कुराकानी तथा परिचय भई सँगै आउने क्रममा पक्राउ परेको भनी बयान गरेको देखिन आएकोले यी प्रतिवादी रिङ्कु राइनीले उक्त लागु औषध खरिद बिक्री एवम् ओसारपसारको लागि सहप्रतिवादी असफाक अहमदसँग कुनै पूर्वसल्लाह एवम् योजनाका साथ उक्त लागु औषधसहित उक्त टाँगामा बसी आएकोसमेत नदेखिएको र यी प्रतिवादीको निज सहप्रतिवादी असफाक अहमदसँग लागु औषध कारोबारमा संलग्नता रहेको देखिने कुनै तथ्ययुक्त ठोस सबुद प्रमाण अभियोजन पक्षबाट प्रस्तुत हुन सकेको नदेखिएको अवस्थामा निज प्रतिवादी रिङ्कु राइनीलाई समेत अभियोग दाबीबमोजिमको कसुरदार ठहर गर्न न्याय एवम् कानूनसङ्गत नहुने हुँदा निज प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ प्रदान गरिएको सुरू बाँके जिल्ला अदालतको मिति २०७०।०२।१४ को फैसला सदर हुने भनी पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७२।०३।०८ मा भएको फैसला मिलेकै देखिन आएको हुँदा प्रतिवादी रिङ्कु राइनीलाई समेत अभियोग दाबीबमोजिम कसुरदार ठहर गरी सजाय हुनुपर्ने भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचित आधार प्रमाणसमेतबाट यी प्रतिवादी रिङ्कु राइनीलाई अभियोग माग दाबीबाट सफाइ दिने गरी सुरू बाँके जिल्ला अदालतबाट मिति २०७०।२।१४ मा भएको फैसला सदर हुने भनी पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७२।३।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७५ साल वैशाख ६ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७२-CR-१४४३, लागु औषध, *नेपाल सरकार वि. भिमबहादुर घले*

प्रतिवादीको सेवनसम्मको साबिती बयान रही सोलाई प्रतिवेदकको बकपत्रले समर्थन गरिदिएको अवस्था र प्रतिवादीका घर कोठाबाट लागु औषधसँग सम्बन्धित अन्य कुनै प्रमाणसमेत फेला परेको नदेखिएबाट यी प्रतिवादीका साथबाट बरामद भएको उक्त लागु औषध निजले बिक्री वितरण गर्ने उद्देश्यले लिई आएको भन्ने कुनै पनि तथ्य कहिँकतैबाट उजागर हुन सकेको पाइँदैन। निज प्रतिवादीले लागु औषधको सञ्चय एवम् ओसारपसार गर्छन् भन्नेसमेतका कुनै पनि तथ्ययुक्त प्रमाणविना नै निजबाट बरामद भएको उक्त लागु औषधको परिमाणको आधारमा मात्र निजले सो लागु औषधको ओसारपसार तथा सञ्चय एवम् बिक्री वितरणसमेत गर्छन् भन्ने अनुमान गरी सोही आधारमा निजलाई अभियोग दाबीबमोजिमको कसुरदार कायम गर्न नमिल्ने।

प्रतिवादीका साथबाट बरामद भएको लागु औषधको आधारमा मात्र यी प्रतिवादीले लागु औषधको बिक्री वितरण एवम् सञ्चय गर्दछन् भन्ने तथ्य स्थापित हुन सक्ने अवस्था देखिँदैन। बरामद लागु औषधको परिमाण ठूलो भएको भन्ने पुनरावेदन जिकिर भई वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताले समेत सोही बहस जिकिर लिनु भएको देखिन्छ। सबै प्रकारका लागु औषधको

परिमाणलाई एकै आधारमा हेर्न मिल्दैन। लागु औषधको प्रकृति कस्तो छ ? अर्थात् कुन लागु औषध हो भन्ने आधारमा परिमाणलाई हेर्नु पर्ने हुन्छ । बरामद लागु औषधको प्रकृतिअनुसारको परिमाणलाई बेचबिखन गर्ने उद्देश्यले नै राखेको हो भनी निष्कर्ष निकाल्न नमिल्ने।

प्रतिवादीका साथबाट बरामद भएको उक्त लागु औषध निजले आफैँ सेवन गर्ने प्रयोजनको लागि ल्याएको भन्ने नै देखिएको र सोबाहेकको निजउपरको अभियोग दाबीबमोजिमको अन्य कसुर पुष्टि हुन सक्ने कुनै तथ्ययुक्त प्रमाणबाट स्थापित हुन सकेको नदेखिँदा सुरू अदालतले निज प्रतिवादीलाई सेवनबाहेकको अन्य कसुरमा समेत सजाय गरेको मनासिब एवम् न्यायसङ्गत रहेको नदेखिएबाट सुरू अदालतको फैसला सो हदसम्म उल्टी गरी निज प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(छ) को कसुरमा सोही ऐनको दफा १४(१)(ज) बमोजिम २ महिना कैद हुने भनी पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।०३।२३ मा भएको फैसला मिलेकै देखिन आएको हुँदा निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने भन्ने पुनरावेदक वादी नेपाल सरकारको प्रस्तुत पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, उल्लिखित विवेचित आधार प्रमाणसमेतबाट यी प्रतिवादी भिमबहादुर घलेले निजबाट बरामद भएको लागु औषध सेवनसम्मको कसुर गरेको देखिँदा निज प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (घ) (ङ) (च) (छ) बमोजिमको कसुरमा सोही ऐनको दफा १४(१)(झ) बमोजिम २ वर्ष कैद र रू.१,००,०००।- जरिवाना हुने भनी सुरू नवलपरासी जिल्ला अदालतबाट मिति २०७१।२।२६ मा भएको फैसला सो हदसम्म केही उल्टी गरी निज प्रतिवादी भिमबहादुर घलेलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(छ) को कसुरमा सोही ऐनको दफा १४(१)(ज) बमोजिम २ महिना कैद हुने भनी पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।०३।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना
कम्प्युटरः मन्जिता ढुंगाना
इति संवत् २०७५ साल वैशाख ४ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७२-CR-१७४१, वैदेशिक रोजगारसम्बन्धी कसुर, *प्रज्वलकुमार बज्राचार्य वि. नेपाल सरकार*

प्रतिवादीले अनुसन्धानका क्रममा बयान गर्दा, आफूले जाहेरवालाबाट पटकपटक गरी रू.६,००,०००।- रकम जग्गाको कारोबारको क्रममा लिएको हो। सो रकममध्ये रू.४,००,०००।- जाहेरवालालाई फिर्ता गरिसकेको छु । अब रू.२,००,०००।- मात्र बुझाउन बाँकी छ । उक्त कारोबार लेनदेनको हो, वैदेशिक रोजगारको होइन । लिखत कागज डरधाक र धम्की दिई गराएको हो भनी बयान गरेको देखिन्छ भने निजले वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष बयान गर्दा, प्रस्तुत मुद्दामा पेस भएको वैदेशिक रोजगारको कागज गरेको दिन मबाट एघार लाखको चेक पनि निजले लिएका छन् । मैले निजलाई रकम तिरी सकेको भनी जिकिर लिएको देखिए तापनि जाहेरवालालाई वैदेशिक रोजगारीका लागि अमेरिका पठाइदिन्छु भनी गराइएको उक्त लिखत आफूलाई जाहेरवालाले डर धाक धम्की दिएर गराएको भन्ने सम्बन्धमा निज प्रतिवादीको कहिँकतै उजुरसमेत परेको नदेखिएको आफूले कहिँकतै उजुर गरेको छैन भनी प्रतिवादीको बयान बेहोरामा नै उल्लेख भएको देखिएकोले उक्त लिखत आफूलाई करकाप वा डरधाक देखाई गराइएको हो भन्ने कुराको उक्त जिकिरलाई यी प्रतिवादीले करकापबाट भएको हो भनी प्रमाणित

गराउन सक्नु पर्नेमा सो गराउन नसकेबाट उक्त लिखत कागजलाई अन्यथा हो भनी मान्न सकिने अवस्था नदेखिने।

पीडित जाहेरवाला दशरथ बस्नेतले सुरू न्यायाधिकरणसमक्ष उपस्थित भई बकपत्र गर्दा यी प्रतिवादीले वैदेशिक रोजगारमा अमेरिका पठाई दिन्छु भनेकोले पटकपटक गरी रू.११,००,०००।- रकम दिएको हुँ । मलाई वैदेशिक रोजगारमा लाने काम प्रतिवादीले गरेनन् र रकमसमेत फिर्ता पाएको छैन भनी आफ्नो जाहेरीलाई खम्बिर हुने गरी बकपत्र गरिदिएको देखिन्छ भने प्रतिवादीले जाहेरवालाबाट लिएको उक्त रकम निजलाई फिर्ता बुझाइसकेको भन्ने जिकिरका सम्बन्धमा हेर्दा, निजले उक्त रकम जाहेरवालालाई दिएको भए सोहीबमोजिम जाहेरवालाबाट भरपाई कागज गराई लिन सक्नु पर्नेमा सो गरी लिएको कुनै भरपाई निस्सा प्रतिवादीबाट पेस दाखिला हुन सकेको नदेखिएको अवस्थामा निज जाहेरवालालाई आफूले उक्त रकम बुझाइसकेको भन्ने निज प्रतिवादीको भनाइ प्रतितलायक नदेखिने।

प्रतिवादी प्रज्वलकुमार बज्राचार्यले वैदेशिक रोजगारको व्यवसाय गर्नको लागि इजाजत लिएकोसमेत नदेखिएको अवस्थामा उक्त वैदेशिक रोजगारमा पठाइदिन्छु भनी गरिदिएको कागजलाई प्रतिवादीले अन्यथा पुष्टि प्रमाणित गराउन नसकेको अवस्थामा निज जाहेरवाला दशरथ बस्नेतलाई वैदेशिक रोजगारमा अमेरिका पठाइदिन्छु भनी प्रलोभनमा पारी निज जाहेरवालाबाट रकम बुझिलिई वैदेशिक रोजगारमा नपठाई सो रकमसमेत फिर्ता गरेको देखिन नआएको भन्ने पुष्टि हुन आएको अवस्था विद्यमान देखिएकोले यी प्रतिवादीउपर वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिमको कसुरमा सोही ऐन, २०६४ को दफा ४३ बमोजिम १।६।० (एक वर्ष छ महिना) कैद र रू.२,००,०००।- (दुई लाख रूपैयाँ) जरिवाना हुने एवम् बिगो रकम रू.१६,५०,०००।- (सोह्र लाख पचास हजार रूपैयाँ) प्रतिवादीबाट जाहेरवालाले भरी पाउने भनी सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७१।०६।२७ मा भएको फैसला मिलेकै देखिन आएकोले यी पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, यी प्रतिवादीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम १।६।० (एक वर्ष छ महिना) कैद र रू.२,००,०००।- (दुई लाख रूपैयाँ) जरिवाना हुने एवम् बिगो रकमको हर्जानासहित हुन आउने जम्मा बिगो रकम रू.१६,५०,०००।- (सोह्र लाख पचास हजार रूपैयाँ) प्रतिवादीबाट जाहेरवालाले भरी पाउने भनी सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७१।०६।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल वैशाख ४ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७२-CR-१८१९, गौवध, *नेपाल सरकार वि. धनकुमार मोक्तानसमेत*

प्रतिवादीमध्येका सन्ते भन्ने नरप्रसाद घिसिङ मौकामा फरार रही म्यादमा अदालतमा हाजिर भई बयान गर्दा आफूसमेत भई उक्त बाच्छो मारेकामा स्वीकार रही बयान गरेको देखिए तापनि अन्य प्रतिवादीहरू धनकुमार मोक्तान र मनप्रसाद लिम्बूले मौकामा र अदालतमा आई बयान गर्दासमेत नरप्रसादले लडाई राखेको बाच्छो गोरू पछि निजले बोलाउँदा मात्र आई मरिसकेको अवस्थाको बाच्छो गोरूको मासु भाग लगाउनसम्म सहयोग गरेको हो। जिउँदो बाच्छो हामीले मारेको होइन भनी बयान उक्त बाच्छो आफूहरूसमेतले मारेकोमा इन्कार गरेको पाइन्छ । यी प्रतिवादीहरूको उक्त बयानलाई अदालतमा उपस्थित भई बकपत्र गर्ने जाहेरवालामध्येका सोमनाथ सुवेदी, घटना विवरणका

मानिस फुलमाया घिसिङ, अनिता घिसिङलगायतका सरकारी गवाहहरूले समेत पुष्टि गरेको पाइने ।

प्रतिवादी नरप्रसादले यी प्रतिवादीहरूसमेत मिली मारेको भनी पोल गरेको देखिए तापनि निज नरप्रसादले आफ्नै घरमा आफ्नो बन्चरोले हानेर बाच्छोलाई ढालेको भनी फूलमाया घिसिङ र अनिता घिसिङले देखेको भनी घटना विवरणको कागजमा खुलाई लेखाई दिएकोमा निजहरूले अदालतसमक्ष उपस्थित भई बकपत्र गर्दा अन्य प्रतिवादीहरू साइला लामा भन्ने धनकुमार मोक्तान र मनप्रसाद लिम्बूलाई नरप्रसादले पछि बोलाएका कारण आएको भनी लेखाई दिएको देखिएको निज प्रतिवादीका साक्षीहरूले समेत प्रतिवादीको इन्कारी बयानलाई समर्थन हुने गरी बकपत्र गरिदिएको देखिएको हुँदा प्रतिवादी नरप्रसाद लिम्बूको पोल बयानलाई अन्य कुनै पनि स्वतन्त्र प्रमाणहरूबाट पुष्टि गराउन सकेको नदेखिएकोले निज नरप्रसादको पोललाई मात्र आधार लिई अन्य प्रतिवादीहरू साइला लामा भन्ने धनकुमार मोक्तान र मनप्रसाद लिम्बूले अभियोग दाबीबमोजिमको कसुर अपराध गरेको भनी विश्वास गर्न सकिने अवस्था नदेखिने ।

तसर्थः प्रतिवादी नरबहादुरको साबिती बयान, जाहेरवाला र घटना विवरणका मानिसहरूको बकपत्रसमेतका आधार प्रमाणबाट प्रतिवादी नरप्रसाद घिसिङले बाच्छो मारेकामा गरेको स्वीकारोक्ती बयानलाई पुष्टि गरिरहेकोले निज नरप्रसाद घिसिङलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, चौपायाको महलको ११ नं.अनुसार १२(बाह्र) वर्ष कैद हुने र अन्य प्रतिवादीहरू धनकुमार मोक्तान र मनप्रसाद लिम्बूको हकमा वादी नेपाल सरकारले लिएको अभियोग दाबी पुष्टि हुन नसकेकोले निजहरूले प्रस्तुत अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई सुरू झापा जिल्ला अदालतबाट मिति २०७१।३।१० मा भएको फैसला मिसिल प्रमाणको रोहमा मिलेकै देखिन आएकोले सोही सुरू फैसलालाई सदर हुने भनी पुनरावेदन अदालत इलामबाट मिति २०७२।५।२० मा भएको फैसलालाई अन्यथा हो भनी मान्न नमिल्ने ।

अतः माथि विवेचित आधार प्रमाणहरूबाट प्रतिवादी सन्ते भन्ने नरप्रसाद घिसिङलाई अभियोग दाबीबमोजिम १२ वर्ष कैद सजाय हुने र प्रतिवादीहरू साइला लामा भन्ने धनकुमार मोक्तान र मनप्रसाद लिम्बूसमेतलाई अभियोग दाबीबाट सफाइ दिने गरी सुरू झापा जिल्ला अदालतबाट मिति २०७१।३।१० मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत इलामबाट मिति २०७२।५।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७५ साल वैशाख ४ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७३-CR-०८४४, कर्तव्य ज्यान, *इन्द्रबहादुर गुरूङ वि. नेपाल सरकार*

मृतकले यी प्रतिवादी विदेश रहेका बखत निजको श्रीमतीसँग अनैतिक सम्बन्ध राख्ने गरेको भन्ने विषयमा यी प्रतिवादीलाई जानकारी हुन आएका कारण मृतकप्रति पूर्वाग्रह र रिसइवी रहिरहेकै अवस्थामा निज मृतकलाई मार्ने भनी पूर्वयोजना बनाई रातको समयमा मृतक भरतबहादुरलाई बोलाई सँगै बसी वियर खाँदै गर्दा "आफ्नो श्रीमतीसँग अनुचित सम्बन्ध राख्ने पापीलाई सिध्याउनु पर्छ भन्ने सोची मृतकलाई पछाडिबाट दाउले हान्दा मृतक तल्लो गरामा झरेपछि आफू पनि झरी ३ पटक प्रहार गरेको, मृतकसँगको उक्त रिसइवी साँध्नकै लागि यी प्रतिवादीले दाउजस्तो धारिलो जोखिमी हतियारले गर्धन र टाउकोजस्तो संवेदनशील अङ्गमा प्रहार गरेपछि मृतकलाई प्रहार गरिएको उक्त स्थानबाट तल्लो गरामा झरेपछि पनि यी प्रतिवादीले मृतक झरेकै ठाउँमा गई पुनः ३पटक सोही हतियार दाउले प्रहार गरेको भनी निज प्रतिवादीले गरेको बयान

बेहोराको कथनमा उल्लेख भएको देखिन आएकोले यी प्रतिवादीले प्रहार गरेको जोखिमी हतियारको चोटको कारणले निज मृतकको मृत्यु भएको देखिन आएको हुँदा प्रस्तुत वारदातलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं.मा भएको व्यवस्थाअनुसारको आवेश प्रेरित घटनाको रूपमा हेर्न मिल्ने अवस्था देखिन नआउने।

प्रतिवादी इन्द्रबहादुर गुरूङले मृतकसँगको आफ्नो रिसइवी साँध्नकै लागि निजलाई मार्ने भनी पूर्वयोजना बनाई मृतकलाई आफूसमक्ष बोलाई जोखिमी हतियार दाउले मृतकको गर्धन र टाउकोजस्तो संवेदनशील अङ्गमा पटकपटक प्रहार गरेका कारण मृतकको घटनास्थलमा नै मृत्यु भएको भन्ने देखिन आएको हुँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने भनी सुरू धादिङ जिल्ला अदालतबाट मिति २०७२।३।३० मा भएको फैसला सदर हुने भनी पुनरावेदन अदालत पाटनबाट मिति २०७३।३।१३ मा भएको फैसला मिलेकै देखिन आएकोले यी पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, यी प्रतिवादी इन्द्रबहादुर गुरूङले मृतकलाई मार्ने पूर्वयोजना बनाई जोखिमी हतियार दाउले मृतकको गर्धन र टाउकोजस्तो संवेदनशील अङ्गमा प्रहार गरी निज प्रतिवादीको कर्तव्यबाट मृतकको मृत्यु भएको देखिन आएको हुँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने भनी सुरू धादिङ जिल्ला अदालतबाट मिति २०७२।३।३० मा भएको फैसला सदर हुने भनी पुनरावेदन अदालत पाटनबाट मिति २०७३।३।१३ मा भएको फैसला मिलेकै देखिन आएको हुँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

इति संवत् २०७५ साल वैशाख ६ गते रोज ५ शुभम्।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा. श्री आनन्दमोहन भट्टराई,** ०७४-CR-०१५९, जबरजस्ती करणी, *गोवर्धन अधिकारी वि. नेपाल सरकार*

प्रतिवादीउपर मौकामा परेको पीडितको किटानी जाहेरीमा आफूलाई प्रतिवादीले जबरजस्ती करणी गरेको भनी उल्लेख गरेको देखिएको र उक्त जाहेरीको कथनलाई समर्थन हुने गरी निज पीडित एवम् जाहेरवालीले अदालतसमक्ष उपस्थित भई गरिदिएको बकपत्र, प्रत्यक्षदर्शी कमला भुजेलको मौकाको कागज, वस्तुस्थितिका मानिसहरूको मौकाको भनाइलाई समर्थन हुने गरी निजहरूले अदालतसमक्ष उपस्थित भई गरिदिएको बकपत्र तथा पीडितको शरीरमा देखिएका चोटपटक देखिएको शारीरिक परीक्षण प्रतिवेदन, वस्तुस्थितिका मोहनमणिसमेतको अदालतसमक्षको बकपत्र बेहोराबाट समेत प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको तथ्य स्थापित हुन आएको देखिएको हुँदा प्रतिवादीलाई जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम छ वर्ष कैद र अशक्त जाहेरवालीलाई जबरजस्ती करणी गरेको देखिएकोमा ऐ.महलको ३(क) नं.बमोजिम थप ५ वर्ष कैद सजायसमेत भई पीडितलाई प्रतिवादीबाट रू.चार लाख पचास हजार क्षतिपूर्ति भराई दिने भनी सुरू झापा जिल्ला अदालतबाट मिति २०७२।०८।०७ मा भएको फैसला सदर गर्ने गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७३।१२।१७ मा भएको फैसला मिलेकै देखिन आएको हुँदा यी पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचित आधार प्रमाणसमेतबाट यी पुनरावेदक प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको तथ्य स्थापित हुन आएको देखिएको हुँदा निज प्रतिवादीलाई जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम ६ वर्ष कैद र अशक्त जाहेरवालीलाई

जबरजस्ती करणी गरेको देखिएकोमा ऐ.महलको ३(क) नं.बमोजिम थप ५ वर्ष कैद सजायसमेत भई पीडितलाई प्रतिवादीबाट रू.चार लाख पचास हजार क्षतिपूर्ति भराई दिने भनी सुरू झापा जिल्ला अदालतबाट मिति २०७२।८।७ मा भएको फैसला सदर गर्ने गरी उच्च अदालत विराटनगर, इलामबाट मिति २०७३।१२।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः- सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः- मन्जिता ढुंगाना

इति संवत् २०७५ साल वैशाख ६ गते रोज ५ शुभम्।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७३-CR-१६५८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. शिवनाथ ठाकुर*

प्रतिवादीले मृतकलाई मार्नेसम्मको कुनै पूर्वरिसइवी रहेको पनि नदेखिएको र मृतकलाई मार्ने भनी पूर्वयोजना बनाई कुनै धारिलो वा घातक हतियारको प्रयोग गरी कर्तव्य गरेको भन्ने पनि देखिँदैन। मृतकले पानी लिन भनी गएकोमा पानी लिएर आउँदा ढिला गरी आएको कारणबाट श्रीमती अन्य परपुरूषसँग लागेकी पो हो कि भन्ने शङ्का गरी उसै मौकामा उठेको रिसको झोँकमा श्रीमतीलाई काठको टुक्रा (पिर्का) ले हानेको देखिएको र त्यही चोटको कारणबाट मृतकको मृत्यु भएको भन्ने देखिने।

वारदातको अवस्था र प्रकृतिसमेतबाट प्रतिवादी शिवनाथ ठाकुरले आफ्नी श्रीमती ईन्द्रावतीलाई मार्नेसम्मको कुनै पूर्वयोजना बनाई जोखिमी हतियारको प्रयोग गरी कर्तव्य गरी मारेको नदेखिएको र निज प्रतिवादीलाई तत्काल उठेको रिसको कारण उसै मौकामा रिस थाम्न नसकी काठको टुक्राले हिर्काउँदा मृत्यु भएको देखिएको हुँदा यी प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं.बमोजिम सजाय हुने अवस्था विद्यमान रहेको देखिँदा निज प्रतिवादीलाई सोही महलको १४ नं. बमोजिम १०(दश) वर्ष कैद सजाय हुने भनी सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०७२।६।६ मा भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०७३।३।७ मा भएको फैसला मिलेकै देखिन आएको हुँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवम् वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग समेत सहमत हुन नसकिने।

तसर्थ, उल्लिखित विवेचित आधार प्रमाणसमेतबाट प्रतिवादी शिवनाथ ठाकुरले आफ्नी श्रीमती ईन्द्रावतीलाई मार्नेसम्मको कुनै पूर्वयोजना बनाई जोखिमी हतियारको प्रयोग गरी कर्तव्य गरी मारेको नदेखिएको र निज प्रतिवादीलाई तत्काल उठेको रिसको कारण उसै मौकामा रिस थाम्न नसकी काठको टुक्राले हिर्काउँदा सोही चोटका कारण घटनास्थलमा नै मृतकको मृत्यु भएको देखिएको हुँदा यी प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १०(दश) वर्ष कैद सजाय हुने भनी सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०७२।६।६ मा भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०७३।३।७ मा भएको फैसला मिलेकै देखिन आएको हुँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७५ साल भदौ १० गते रोज १ शुभम्।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७३-CR-०८३७, कर्तव्य ज्यान, *काशीराम बुढा वि. नेपाल सरकार*

मृतकलाई प्रतिवादीले मार्नुपर्नेसम्मको पूर्वरिसइवी रहेको भन्नेसमेत नदेखिए तापनि मृतकले यी प्रतिवादीलाई तथानाम गाली गलौज गरी मृतकले

घाँटीमा समातेपछि आफूले रिस थाम्न नसकी आवेशमा आई मृतकलाई ढुङ्गाले हानेको भन्ने यी प्रतिवादीको उक्त भनाइ पुष्टि हुने कुनै साक्षी प्रमाण यी प्रतिवादीले गुजार्न सकेको देखिँदैन । सो घटना वारदातका समयमा मृतकसमेत रक्सी सेवन गरेका कारण निज नशामा रहेको भन्ने देखिन्छ भने रातको समयमा बाटोमा पर्ने एकान्त स्थानमा मृतकले यी प्रतिवादीलाई गाली गलौज गरी घाँटीमा समाउन आउनु पर्नेसम्मको युक्तियुक्त कारण र जवाफ यी प्रतिवादीले आफ्नो बयान बेहोरालगायतको पुनरावेदन जिकिर लिँदासमेत उल्लेख गर्न सकेको पाइँदैन । मौकाको घटनास्थल एवम् लासजाँच प्रकृति मुचुल्का हेर्दा, मृतकको टाउको देखि २२ मिटर टाढा सुनको कानमा लगाउने मारवाडी थान १, र नाकमा लगाउने बुलाकी थान १ समेत फेला परेको, मृतकको टाउकोदेखि २२ मिटर टाढासम्म ढुङ्गामा रगत रहेको, निधारको भाग पूरै थिचिई छाला काटिएको, दुवै आँखा फुटेको, दाँत भाँचिएको, छाती पेट नीलो रहेको, योनिको भागमा कालो डाम भएको भनी उल्लेख भएको देखिएबाट समेत उक्त १४ नं.का रीतबमोजिम यी प्रतिवादीले उक्त घटनास्थलमा मृतकलाई आवेशमा आई ढुङ्गाले प्रहार गरेका कारण मृतकको मृत्यु हुन पुगेको भन्ने तथ्य कहिँकतैबाट पुष्टि हुन सकेको नदेखिएबाट निज प्रतिवादीउपर ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुर स्थापित हुने अवस्थाको विद्यमानता नदेखिएकोले यी प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(३) नं. को कसुरमा ऐ. १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने भनी सुरू अदालतको फैसला सदर हुने गरी पुनरावेदन अदालत तुलसीपुरबाट भएको फैसला मिलेकै देखिन आएकोले यी प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

पुनरावेदक प्रतिवादीको मृतक हिरा घर्ती मगरसँग निजलाई मार्नु पर्नेसम्मको कुनै पूर्वरिसइवी रहेको नदेखिएको र मृतकलाई मार्ने पूर्वयोजनाका साथ प्रतिवादी उक्त वारदातस्थलमा मृतकलाई ढुकी बसेकोसमेत नदेखिएको र निजलाई मार्नेसम्मको इविलाग वा मनसाय रहेको नभई यी प्रतिवादीसमेत रक्सी सेवन गरी आइरहेको अवस्थामा वारदातस्थलमा मृतकसँग जम्का भेट भई नशाको शुरमा मृतकलाई समाती जबरजस्ती करणी गर्न खोज्दा मृतकले करणी गर्न नदिएपछि प्रतिवादीले मृतकको टाउकोमा ढुङ्गाले हानी मारेको कुरा निजले घरमा आई आफ्नो श्रीमती भीमा बुढासँग भनेको र तत्काल निज पक्राउ पर्ने डरले भागे पनि फर्की आइसकेपछि निज पक्राउ परेको अवस्थामा अनुसन्धान अधिकारीसमक्ष आरोपित कसुरमा साबित रही बयान गरेको र अदालतमा समेत मृतकलाई आफूले ढुङ्गाले हानी निजको मृत्यु हुन पुगेको हो भनी सो कसुर स्वीकार गरी बयान गरी न्यायिक प्रक्रियामा सहयोगसमेत गरेको देखिँदा सुरू अदालतबाट निज प्रतिवादीलाई मुलुकी ऐन, अ.बं.१८८ नं.बमोजिम १०(दश) वर्ष कैद हुन मनासिब देखिएको भनी व्यक्त गरेको रायसहितको फैसला सदर हुने भनी पुनरावेदन अदालत तुलसीपुरबाट व्यक्त भएको रायसहितको फैसला मनासिब रहेको देखिने ।

अतः माथि विवेचित आधार, कारण र प्रमाणहरूबाट यी प्रतिवादी काशीराम बुढा मगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. को कसुरमा सोही १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद सजाय ठहर गरी निजलाई अ.बं.१८८ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय गर्नु पर्ने भनी व्यक्त भएको रायसहित सुरू दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०७२।४।२४ मा भएको फैसला सदर हुने भनी पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७३।१।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः- सुरथप्रसाद तिमल्सेना

इति संवत् २०७५ साल भाद्र १० गते रोज १ शुभम् ।

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६८-WO-१२७७, उत्प्रेषण, *शोभन देव पन्त वि. भूमि सुधार तथा व्यवस्थापन विभाग, बबरमहलसमेत*

निवेदक मोहनलक्ष्मी मास्के वि. आन्तरिक राजस्व विभागसमेत भएको (रिट नं.०६४-WF-०००१) उत्प्रेषण मुद्दा तथा निवेदक किशोरकुमार मास्केसमेत वि. आन्तरिक राजस्व विभागसमेत भएको (रिट नं.०६४-WF-०००२) उत्प्रेषण मुद्दामा श्री डिष्ट्रिलरी प्रा.लि. उपरको कारबाहीको सिलसिलामा निवेदकहरूका नामको चल अचल सम्पत्ति रोक्का राख्ने भनी आन्तरिक राजस्व कार्यालय, भरतपुरको मिति २०६१।१२।१० को निर्णय पत्र र निवेदकहरूको नामको चल अचल सम्पत्ति, बैंक ब्यालेन्स, सवारी साधनहरू रोक्का राख्ने हदसम्मको आदेशसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने भनी यस अदालतको पूर्ण इजलासबाट मिति २०६६।१०।७ मा भएको आदेश अन्तिम भइसकेको देखिएबाट प्रस्तुत रिट निवेदनमा उल्लिखित जग्गा सम्पत्तिसमेतको रोक्का राख्ने आदेश एवम् पत्रसमेतका हकमा सोही (रिट नं. ०६४-WF- ०००१) र (रिट नं. ०६४-WF- ०००२) रिटमा मिति २०६६।१०।०७ मा परमादेशसमेत जारी हुने ठहरी उक्त चल अचल सम्पत्तिहरू फुकुवा हुने ठहर भइसकेको देखिएबाट प्रस्तुत रिटबाट पुनः सोही विषयमा थप विवेचना गरी सोही आदेश जारी गरिरहनु पर्ने अवस्था विद्यमान रहेको नदेखिने।

तसर्थ, निवेदक बैंकबाट ऋण कर्जा प्रवाह गरिएका विपक्षीमध्येका श्री खाद्य उद्योग प्रा.लि.का सञ्चालक मथुराप्रसाद मास्केको हकमा राजस्व हिनामिना गरेको विषयमा अनुसन्धानका क्रममा निजका नामसमेतको अचल सम्पत्ति घरजग्गा रोक्का राख्ने गरी भएको सो काम कारबाहीलाई कानून प्रतिकूल भएको भन्ने अर्थमा यसअघि नै परेको (रिट नं.०६४-WF-०००१) र (रिट नं.०६४-WF-०००२) रिटमा निजका नाउँको चल अचल सम्पत्ति फुकुवा गरिदिनु भनी परमादेशसमेत जारी हुने ठहरी यस अदालतको पूर्ण इजलासबाट मिति २०६६।१०।७ मा आदेश भइसकेको परिप्रेक्ष्यमा सोही विषयमा प्रस्तुत रिट निवेदकको मागबमोजिम आदेश जारी गरिरहनु पर्ने अवस्था विद्यमान रहेको नदेखिएबाट प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः शुरथप्रसाद तिमल्सेना

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल वैशाख ३ गते रोज २ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६८-WO-०९३३, उत्प्रेषण, *पुनम बजाजसमेत वि. सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारसमेत*

निजामती सेवा ऐन, २०४९ को दफा १८(७) को कानूनी प्रावधान लागू भएपछि निवेदकहरू लोक सेवा आयोगको क्षेत्रीय निर्देशनालयहरूबाट दरखास्त फाराम भरी परीक्षामा सामेल भई सिफारिस तथा पदस्थापना भएको तथ्यमा विवाद देखिन्न । यस अर्थमा उल्लिखित दफा १८(७) को कानूनी व्यवस्थालाई स्वीकार गरी निवेदकहरू निजामती सेवामा प्रवेश गरेको मान्नु पर्दछ। त्यसैले सेवा प्रवेश गरिसकेपछि उक्त कानूनी व्यवस्थाको अभ्यास र पालना गर्नु निवेदकहरूको कानूनी कर्तव्य हो । अधिकार र कर्तव्य एक सिक्काका दुईपाटा हुन् । अधिकारको उपभोग गर्ने कर्तव्यप्रति बेवास्ता गर्ने संस्कार न्यायमा सुहाउने कुरा होइन । निवेदकहरू

लोक सेवा आयोग क्षेत्रीय निर्देशानालयबाट सिफारिस भई नियुक्ति भएको करिब १५ महिनाको अवधिमा नै सो अञ्चलबाहेकको अन्यत्रको अञ्चलमा सरूवा भई गएको देखिन्छ । निजहरूको यसप्रकारको सरूवा उपदफा (७) मा भएको कानूनी व्यवस्थाको विपरीत देखिन्छ । कानूनविपरीतको निर्णयबाट कानूनबमोजिमको पदाधिकार सिर्जना हुन सक्दैन । तसर्थ सरूवा भएको कार्यालयमा यथावत् कामकाज गर्न पाउँ भनी दाबी गर्ने अधिकारसमेत निवेदकहरूलाई रहे भएको देखिने ।

निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (१२) ले ऐनको दफा १८ विपरीत भएको सरूवा सामान्य प्रशासन मन्त्रालयले रद्द गर्नेछ भन्ने कानूनी व्यवस्था देखिन्छ । स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागले गरेको निवेदकहरूको सरूवालाई सामान्य प्रशासन मन्त्रालयले रद्द गरेको देखिएको र ऐनको दफा १८ को विपरीत भएको सरूवा रद्द गर्ने अधिकार उपदफा (१२) ले सामान्य प्रशासन मन्त्रालयलाई रहे भएकै देखिएकोले निवेदन दाबीबमोजिमको आदेश जारी हुन सक्ने अवस्था नरहने ।

साथै, सामान्य प्रशासन मन्त्रालयको मिति २०६८।१२।२ को निर्णयअनुसार निवेदकहरूको सरूवा रद्द भई निवेदकहरूलाई साबिकको पदाधिकार रहेको कार्यालयमा नै फिर्ता गरी सकिएको भन्ने देखिँदा प्रस्तुत रिट निवेदनको औचित्यसमेत समाप्त भइसकेको अवस्था रहेको ।

अतः निजामती सेवा ऐन, २०४९ को दफा १८(७) को कानूनी व्यवस्थाविपरीत भएको निवेदकहरूको सरूवा रद्द गर्ने गरी सामान्य प्रशासन मन्त्रालयबाट मिति २०६८।१२।२ मा भएको निर्णयबाट निवेदकहरूको संविधान एवम् कानूनप्रदत्त हक अधिकार हनन् भएको नपाइएकोले निवेदक मागबमोजिमको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: आनन्दराज पन्त
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७५ साल वैशाख २ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या. श्री ईश्वरप्रसाद खतिवडा,** ०७०-WO-००६४, उत्प्रेषण, *शम्भुप्रसाद देव वि. कृषि विकास मन्त्रालय, सिंहदरबारसमेत*

निवेदकलाई साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजनाको स्वीकृत अस्थायी दरबन्दीमध्ये आयोजना निर्देशक पदमा २०६९ मङ्सिर १ गतेदेखि २०७० असार मसान्तसम्मको लागि भनी काजमा खटाइएको र सो अवधि समाप्त भएपछि निवेदकलाई काज फिर्ता गरिएको पाइयो । तसर्थ उल्लिखित कानूनी व्यवस्थाको विपरीत हुने गरी निवेदकको काज फिर्ता भए गरेको देखिन नआउने ।

निवेदकले सामान्य प्रशासन मन्त्रालयको सहमतिबिना काज फिर्ता गरिएको भनी दाबी लिएको सन्दर्भमा हेर्दा उल्लिखित कानूनी व्यवस्थाअनुसार काज अवधि समाप्त भएपछि काज फिर्ता गर्दा सामान्य प्रशासन मन्त्रालयको सहमति आवश्यक देखिँदैन । अर्कोतर्फ निवेदकउपर अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेतका निकायहरूमा उजुरी निवेदन परी उक्त निकायहरूबाट छानबिन गरी कारबाही गर्न लेखी आएकोले निजमाथि छानबिनसमेत भइरहेको र सोही अवस्था र कारण देखाई आयोजनाबाट काज फिर्ता गर्न सामान्य प्रशासन मन्त्रालयबाट मिति २०७०।४।२० मा सहमति प्रदान भएको भन्ने विपक्षीहरूको लिखित जवाफ बेहोरा देखिन्छ । यसरी निवेदकलाई काज फिर्ता गर्न सामान्य प्रशासन मन्त्रालयबाट सहमति प्रदानसमेत भइसकेको देखिएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्नु पर्ने अवस्था नरहने ।

तसर्थ नेपाल सरकार कृषि विकास मन्त्रालय (सचिवस्तर) को मिति २०७०।४।२ को निर्णयानुसार निवेदकलाई काज फिर्ता गर्ने गरी भएको निर्णयसमेतका काम कारबाहीबाट निजको संवैधानिक र कानूनी हकको हनन् भएको नपाइएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७५ साल वैशाख २ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७४-WO-०१२४, उत्प्रेषण, *डा. राम परीक्षण यादव वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथसमेत*

निवेदकले अनुशासनहीन, गैरजिम्मेवार तथा कर्तव्य विमुख भई काम गरेको भन्ने आधारमा निजलाई सरूवा गरिएको भन्ने लिखित जवाफ देखिए पनि मिति २०७४।४।२६ च.नं. ६८० को सरूवा पत्र हेर्दा निवेदकलाई नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१क को उपनियम (२) को खण्ड (क) र उपनियम (३) को खण्ड (ग) बमोजिम सरूवा गरिएको भन्ने देखिन आउँछ। नियमावलीको नियम ३१क को उपनियम (१) मा कर्मचारीलाई सरूवा गर्दा पालना गर्नु पर्ने समय तालिकाको सम्बन्धमा व्यवस्था गरेको देखिन्छ। उपनियम (२) र (३) को अवस्था विद्यमान रहेमा समय तालिकाबाहेकको अन्य अवधिमा पनि कर्मचारीलाई सरूवा गर्न सकिने देखिन्छ। सरूवा पत्रमा उल्लेख भएको नियमावलीको नियम ३१क को उपनियम (२) को खण्ड (क) मा "कुनै कार्यालयमा दरबन्दी रिक्त भई स्वास्थ्य सेवा प्रवाहमा कठिनाई उत्पन्न भएमा" भन्ने र उपनियम ३ को खण्ड (ग) मा "विभागीय प्रमुख वा कार्यालय प्रमुखको वा आयोजना प्रमुख भई कार्य सञ्चालन गर्न विशेष जिम्मेवारी दिनु परेमा" भन्ने उल्लेख भएको देखिन्छ। विपक्षीहरूको लिखित जवाफमा उल्लिखित कारण परी सरूवाको समय तालिकाबाहेकको अवधिमा निवेदकलाई सरूवा गरिएको भन्ने जिकिर लिएको देखिँदैन। तसर्थ निवेदकको सरूवा पत्रमा आधार लिएको निवेदकलाई सरूवा गर्नु पर्नाको कारण र लिखित जवाफमा उल्लेख भएको कारण फरक फरक भई विरोधाभाषपूर्ण देखिने।

कुनै पनि राष्ट्रसेवकले आफूलाई तोकिएको जिम्मेवारी प्रचलित कानूनले तोकेको आचरण र व्यावसायिक मर्यादाको पालना गर्दै विधिसम्मत ढंगले पूरा गर्नुपर्ने कुरामा विमति हुन सक्दैन। कानूनको शासनको मर्म पनि सार्वजनिक निकायले सम्पादन गर्ने हरेक कार्य विधिसम्मत ढंगले गर्नु पर्दछ भन्ने हो। कुनै पनि राष्ट्र सेवकले प्रचलित कानूनले निर्धारण गरेको आचरण र व्यावसायिक मर्यादाको उल्लङ्घन गरेमा कानूनी प्रक्रिया पूरा गरेर कारबाही गर्नु पर्दछ। नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को परिच्छेद ८ मा स्वास्थ्य सेवाका राष्ट्रसेवक कर्मचारीले पालना गर्नुपर्ने आचरणको व्यवस्था गरेको र सोही ऐनको परिच्छेद १० मा सो सेवाका कर्मचारीलाई दिइने सजायसमेतको सम्बन्धमा व्यवस्था गरेको पाइन्छ। विपक्षीहरूको लिखित जवाफमा उल्लेख भएबमोजिम निवेदकले अनुशासनहीन, गैरजिम्मेवार तथा कर्तव्य विमुख भई आफ्नो स्वार्थअनुरूप कार्य गरेको अवस्था भएमा प्रचलित कानूनले निर्धारण गरेको विधि र प्रक्रिया पूरा गरी कारबाही र सजाय गर्न नसकिने होइन। तर विपक्षीहरूको लिखित जवाफ हेर्दा, निवेदकलाई नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ र नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ ले निर्धारित गरेको विधि र प्रक्रिया पूरा गरी विभागीय कारबाही गरेको भन्ने देखिन नआउने।

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २१ बमोजिमको अवधि नपुग्दै र नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१क को उपनियम (१) बमोजिम निर्धारित समय तालिकाबाहेकको

अवधिमा निवेदकको सरूवा गरिएको तथ्यमा विवाद देखिएन । निजलाई करिब १० महिनाको अवधिमा विभिन्न स्थानमा पटकपटक काज तथा सरूवा निर्णय भए गरेको तथ्य पनि स्थापित रहेको पाइयो। निजलाई प्रचलित कानूनबमोजिम विभागीय कारबाही गरेको अवस्थासमेत देखिएन । अवधि नपुग्दै र सरूवाको समय तालिकाबाहेकको अवधिमा सरूवा गर्नु पर्नाका प्रचलित कानूनबमोजिमका वस्तुगत आधार र कारण विपक्षीहरूले खुलाउन सकेको पनि नपाइने।

तसर्थ नेपाल सरकार (मा.मन्त्रिस्तर) को मिति २०७४।४।२६ को निर्णयअनुसार निवेदकलाई जनकपुर अञ्चल अस्पतालबाट महाकाली अञ्चल अस्पतालमा सरूवा गर्ने गरी भएको काम कारबाही स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २१ र स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१क को कानूनी व्यवस्थाविपरीतको देखिएकोले उक्त सरूवासमेतका निर्णय तथा सोसँग सम्बन्धित काम कारबाही उत्प्रेषणको आदेशले बदर गरी दिएको छ। निवेदकलाई पूर्ववत् रूपमा जिम्मेवारी दिई काममा लगाउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७५ साल वैशाख २ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६९-CR-०९९०, ०७५-RC-००९२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. देउमाया वि.क., नेपाल सरकार वि. नुनप्रसाद भन्ने नुनराज गुरूङ*

प्रतिवादी नुनप्रसाद भन्ने नुनराज गुरूङले आफू र सहप्रतिवादीहरू मृतक मनु देवकोटा र सुरेश देवकोटाको घरमा गएर निजहरूलाई खुकुरी र चक्कुसमेतले प्रहार गरी निजहरूको हत्या गरेको हो भनी अनुसन्धान अधिकारी र अदालतमा समेत स्वीकार गरी बयान गरेको र निज प्रतिवादी नुनराज गुरूङले पुन्टेको पसलमा ग्याँस चुलोनेर रहेको हतियार मैले कसैलाई कुनै जानकारी नगराई आफ्नो साथमा लिएको भनेको देखिँदा निजले हतियारको व्यवस्था गरेर तयारीका साथ मृतकहरूको घरमा गएको देखिन्छ । यसरी एकपटक झगडा भइसकेपछि पुन: पिछा गर्दै मृतकहरूको घरमा गएर विभत्स किसिमबाट हत्याको घटना भएको देखिँदा प्रतिवादी नुनराज गरूङको हकमा सुरू अदालतले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको फैसला सदर गरेको पुनरावेदन अदालत बुटवलको फैसला मनासिब देखिने।

प्रतिवादी देउमाया वि.क.ले मृतकहरूलाई मार्ने कार्यमा षड्यन्त्र गरेको वा मृतकहरूलाई मार भनी अह्राएको भन्ने देखिन आएको छैन। केवल मृतकहरू घरमा भए नभएको हेर्न भनी अर्का प्रतिवादी सँगम तामाङले अह्राएकोले मृतकहरू घरमा नै रहेको भन्ने जानकारी दिएकोसम्म देखिएको कार्यलाई अभियोग मागदाबीअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धीको १६ नं. को कसुर गरेको भन्ने देखिन नआएको हुँदा निज प्रतिवादी देउमाया वि.क को हकमा दाबीको कसुर कायम हुन सक्ने अवस्था देखिन नआउने।

प्रतिवादी देउमाया वि.क.ले मृतकहरूउपर सांघातिक आक्रमण गरेर मार्नु पर्छ भन्ने नियतबाट संगम तामाङलाई बोलाएको र निजले मृतक मनु देवकाटा र सुरेश देवकोटालाई मार्नका लागि षड्यन्त्र गरेको र मार्न लगाएको भन्ने कुरा पुष्टि हुन नआएको हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७ नं. को देहाय ३ मा "अरू किसिमसँग मत सल्लाहमा पसेकोमा मार्ने ठाउँमा गई अरू कुरा केही नगरी हेरी रहनेलाई र लेखिएदेखि बाहेक अरू किसिमका मतलबीलाई ६ महिनादेखि तीन वर्षसम्म कैद गर्नुपर्छ" भन्ने व्यवस्था

रहेको देखिन्छ । यी प्रतिवादीले मृतकहरू घरमा भए नभएको कुरासम्म अन्य प्रतिवादीको अह्रोट मानी हेर्न गई मृतकहरू घरमा नै भएको जानकारी गराएको कार्यमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७ नं. को देहाय ३ को अन्तिम वाक्यांशबमोजिम".......लेखिएदेखि बाहेक अरू किसिमका मतलबीलाई ६ महिनादेखि तीन वर्षसम्म कैद गर्नुपर्छ" भन्ने व्यवस्थाअन्तर्गतको यी प्रतिवादीलाई मतलबीसम्म मान्नु पर्ने देखिएकोले निजको हकमा उक्त ऐनबमोजिम तीन वर्ष कैदको सजाय गरेको पुनरावेदन अदालत बुटवलको फैसला मनासिब देखिन आएकोले वादी नेपाल सरकारको अभियोग माग दाबीबमोजिम सजाय हुनुपर्छ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थः विवेचित आधार कारणहरूसमेतबाट प्रतिवादी कामी नुनप्रसाद भन्ने नुनराज गुरूङसमेतलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने र प्रतिवादी देउमाया वि.क.लाई ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम ३ वर्ष कैदको सजाय हुने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट मिति २०६९।६।२३ मा भएको फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्तैन । मुलुकी अपराध (संहिता) ऐन, २०७४ दफा ४० को उपदफा (२) मा" कानूनमा कुनै कसुरबापतमा सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन, प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय निर्धारण गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने व्यवस्था रहेकोले सो व्यवस्थाअनुसार प्रतिवादीहरू कामी नुनप्रसाद भन्ने नुनराज गुरूङ र सिमसाङ्ग भन्ने संगम तामाङसमेत दुवै जनाको हकमा सर्वस्व गर्नु नपर्ने भएको हुँदा सर्वस्वको लगतसम्म कट्टा गरी जन्मकैदको मात्र लगत राख्नु भनी सुरू अदालतमा लेखी पठाई दिने।

इजलास अधिकृत: नारदप्रसाद भट्टराई
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०७५ साल फागुन १९ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-CR-०११०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. खेमबहादुर राईमगर*

प्रतिवादी खेमबहादुर राई मगरले मौकामा बयान गर्दा मिति २०६९।३।२ गते म बाटोमा सुतिरहेको अवस्थामा किन बाटोमा सुतेको, छोरीलाई कुटी किन भागेको भनेकाले रिस उठी मृतक कमान सिंह झेंडी मगरको टाउकोमा पटकपटक हिर्काएको हुँ भन्ने र अदालतमा बयान गर्दा पनि उक्त मिति २०६९।३।२ गते म थकाई लागी बाटोमा पल्टिएको अवस्थामा मृतक ससुरा कमानसिंह झेंडीमगर आई मलाई उठाई पागल जस्ता शब्द प्रयोग गरी गाली गर्न लागेपछि हामीहरू दुवैजनाले हात हालाहाल गर्न लाग्दा मैले निजलाई पहिला ढुंगाले हिर्काएँ र निज बाटोको तल ढले त्यसपछि पनि २/३ पटक ढुंगा टिपेर हानेको हुँ र सोही ढुंगाको चोटका कारणले निज ससुरा कमान सिंह झेंडी मगरको मृत्यु भएको हो भनी मृतकलाई कुटपिट गरी मारेको तथ्य स्वीकार गरेको देखिन्छ । यी प्रतिवादी खेमबहादुर राई मगरले निज मृतक कमान सिंह मगरलाई पूर्वरिसइवीको कारण ज्यान मार्ने मनसायले योजनासमेत बनाई कर्तव्य गरी मारेको हुँ भनी उक्त बयानमा नभनेको र जाहेरवाला चक्रबहादुर झेंडी मगर, प्रहरीमा कागज गर्ने निजको भाइ देवबहादुर झेंडी मगर मृतकको छोरी तथा प्रतिवादीको श्रीमती रामीसरा राई तथा वस्तुस्थिति मुचुल्काका चमबहादुर खनगाह मगरसमेतका मानिसहरूले प्रतिवादीले मृतकलाई ज्यानै मार्नु पर्नेसम्मको पूर्वरिसइवीका कारणबाट ढुंगाले प्रहार गरी कर्तव्य गरी मारेको हो भनी

लेखाएको देखिँदैन। यसैगरी मृतकको श्रीमती सुमिसरा झेंडी मगरले प्रतिवादी र मृतकसमेत बिच कुनै पुरानो रिसइवी नरहेको भन्ने बेहोराको कागज गरेको देखिन्छ। यसरी मृतक र प्रतिवादी ज्वाई ससुरा नाताका रहेका र प्रतिवादी सुतिरहेको अवस्थामा मृतकले प्रतिवादीलाई उठाई प्रतिवादीले निजकी श्रीमतीलाई कुटपिट गरेको विषयामा आपसमा विवाद भई प्रतिवादी आवेशमा आई मृतकालाई तत्कालै ढुङ्गासमेतले कुटपिट गरेको कारण मृतकको मृत्यु भएको देखिएकोले मृतकलाई प्रतिवादीले मार्ने पूर्वयोजनाअनुसार कुटपिट गरी मृतकको मृत्यु भएको भन्ने वारदात स्थापित भएको देखिने।

प्रतिवादीको मृतकलाई मार्नुपर्ने पूर्वरिसइवीसमेत रहेको तथ्य पुष्टि हुन नआएकोले सुरू नवलपरासी जिल्ला अदालतबाट ज्यानसम्बन्धी महलको १४ नं. अन्तर्गतको कसुर कायम गरी सोही नं. बमोजिम १० वर्ष कैद गर्ने गरी भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत बुटवलबाट भएको फैसला मनासिब देखिँदा उक्त फैसला बदर गरी अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, विवेचित आधार र कारणबाट प्रतिवादी खेमबहादुर राई मगरलाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुर गरेको हुँदा निजलाई सोही नं. बमोजिम १० वर्ष कैद हुने ठहर गरी भएको नवलपरासी जिल्ला अदालतको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०७०।९।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कुमार मास्के

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७५ साल माघ २७ गते रोज १ शुभम्।

६

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-CR-०४६३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. गणेश थापासमेत*

प्रतिवादीहरू गणेश थापा र रेशमबहादुर थापाको अनुसन्धानको क्रममा भएको बयानमा रामबहादुर वि.क.लाई कुनै प्रकारको हातहतियार प्रहार गरी हानेको होइन लात्ता मुक्काले मात्र हानेको भनी एकै मिलानको छुट्टाछुट्टै बेहोरा लेखाएको देखिन्छ । जाहेरवालीले सुरू अदालतमा बकपत्र गर्दा मेरो श्रीमान् रामबहादुर वि.क.ले पूजामा प्रतिवादीसँग सामान्य धकल पकल भएको हो। पूजा भएको घरबाट आफ्नो घरतर्फ आउने क्रममा बाटोमा २, ३ पटक लोटेको हुँ भनी मलाई भन्नु भएको थियो भन्ने बेहोरा लेखाएको देखिन्छ। मृतकको मृत्युको कारण यकिन गर्न नसकिने भन्ने लासजाँच प्रतिवेदनबाट देखिएको छ । मृतक र प्रतिवादीहरूका बिच पूर्वरिसइवी रहे भएको भन्ने देखिँदैन । मृतकको श्रीमतीको बकपत्रबाट मृतकले मादक पदार्थ सेवन गरिरहने गरेको भन्ने देखिन्छ । मृतकलाई मार्ने नै उद्देश्यबाट प्रतिवादीहरूले कुटपिट गरेको भन्ने देखिएको छैन । पहिलादेखि अस्वस्थ रहेको मृतकलाई प्रतिवादीहरूले सामान्य कुटपिट धकल पकल लछार पछार गरेको भन्ने देखिएको र सोही घटनापश्चात् मृतक रामबहादुरको मृत्यु भएको देखिने।

प्रतिवादीहरूबाट भएको कसुरको प्रकृति र अवस्था हेर्दा मृतकलाई ज्यान लिनुपर्नेसम्मको पूर्वइविलाग नरहेको, मार्ने नै मनसायपूर्वक कुटपिट गरेको भन्ने पनि नदेखिएको, कुनै हातहतियार प्रयोग नगरी सामान्य कुटपिट भएको र सोही जरियाबाट मृतकको मृत्यु भएको मिसिल संलग्न प्रमाणबाट देखिएकोले ज्यानसम्बन्धीको १३(३) नं. बमोजिमको कसुर कायम गरी सजायमा गरिपाउँ भन्ने वादी नेपाल

सरकारको अभियोग दाबी स्थापित हुन नआई प्रस्तुत वारदातमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ नं. बमोजिमको भवितव्य देखिन आउने।

तसर्थ, विवेचित आधार र कारणबाट प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको ५ नं. को कसुरमा सोही महलको ६ नं. को देहाय (२) बमोजिम जनही १ वर्ष ७ महिना कैद हुने ठहऱ्याई सुरू सुर्खेत जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत सुर्खेतबाट मिति २०७०।११।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सरिता रिजाल

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७५ साल भदौ २६ गते रोज ३ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री मीरा खडका,** ०७३-CR-१६९९, कर्तव्य ज्यान, *डम्मरीदेवी पन्त वि. नेपाल सरकार*

वादीका साक्षी उषा पन्तले मोहीमा बालुवा जस्तो कालो पदार्थ मिसाई मृतकलाई प्रतिवादीले खुवाएको भनी मौकाको कागज उल्लेख गरेकी छिन् भने सुनिल पन्तले मोहीमा गोली मिसाई खुवाएको भनी उल्लेख गरे पनि दुवैजनाले अदालतमा बकपत्र गर्दा प्रहरीमा लेखाएको बेहोरा आफ्नो होइन, डम्मरीदेवी पन्तले विष खुवाएको होइन भनी बकपत्र गरेका छन्। जाहेरवालाले पनि बकपत्र गर्दा डम्मरीदेवी पन्तले मृतक लक्ष्मी पन्तलाई निमका पात कुटेर पानी तताएर दिएको थियो, लक्ष्मी पन्तले उल्टी गरेकी थिइन्, प्रहरीलाई कसले खबर गऱ्यो थाहा छैन, मृतक लक्ष्मी पन्तलाई प्रतिवादीले मारेको होइन भनी आफ्नो बेहोरा लेखाएका छन। जाहेरी दरखास्तमा यी प्रतिवादीले मृतकलाई विष सेवन गराई मारेको आशङ्का व्यक्त गरी जाहेरी दिएको तथा उषा पन्त र सुनिल पन्तले प्रतिवादीले मोहीमा विष मिसाई मृतकलाई खुवाई मारेको भनी लेखाए पनि अदालतमा बकपत्र गर्दा सो बेहोरा आफ्नो होइन, प्रतिवादीले मृतकलाई मारेको होइन भनेबाट निजहरूले अनुसन्धानको क्रममा व्यक्त गरेको भनाइ र बकपत्र आफैँमा विरोधाभाषपूर्ण रहेको र निजहरूले मौकामा व्यक्त गरेको उक्त कुरा मिसिल संलग्न कुनै पनि प्रमाणबाट समर्थित भएको देखिँदैन। उषा पन्त र सुनिल पन्तले मौकामा व्यक्त गरेको कुरा र अदालतमा गरेको बकपत्र विरोधाभाषपूर्ण भई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा लिन मिल्ने नदेखिएकोमा सो कुरालाई प्रमाणमा लिई प्रतिवादीलाई कसुरदार ठहर गरी भएको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको फैसला त्रुटिपूर्ण देखिने।

मृतक लक्ष्मी पन्तले गरेको बान्ता खाई उक्त बिरालोको मृत्यु भएको भनी भन्ने वादीको भनाइ प्रमाणित हुने देखिँदैन। मृतकको पोस्टमार्टम रिपोर्टमा Cease of death is not known and for further investigation viscera are sent for examination भन्ने उल्लेख भएको देखिन्छ। केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको च.नं. २५९८ मिति २०७२।९।३० को पत्रसाथ प्राप्त नमूना नं.१ देखि ५ मृतक लक्ष्मी पन्तको शरीरबाट विषादी परीक्षणका लागि पठाइएका नमुनाहरूमा विषालु पदार्थ नभएको भन्ने परीक्षण प्रतिवेदन रहेकोबाट मृतकको मृत्यु विष सेवनबाट भएको भन्ने वादी दाबी पुष्टि हुन सकेको नदेखिने।

प्रतिवादी डम्मरीदेवी पन्तले मृतकलाई विष सेवन गराएको आरोपित कसुरमा इन्कार रही अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा बयान गरेको देखिन्छ। आफैँले पालन पोषण, रेखदेख र रक्षा

शिक्षा गरी आएकी लक्ष्मी पन्तलाई विष सेवन गराई मार्नु पर्ने कुनै कारण अभियोजन पक्षबाट खुलाउन सकेको पाइँदैन भने मिसिल संलग्न प्रमाणबाट त्यस्तो कुनै कारण पनि देखिँदैन। मृत्यु भइसकेकी सौताबाट जन्मेको छोरालाई पनि निजले नै पालन पोषण गरेको देखिँदा सौताबाट जन्मेको छोरी भएको कारणले मात्र मारेको होला भनी अनुमान गर्न नमिल्ने।

प्रस्तुत मुद्दामा वस्तुनिष्ठ प्रमाण कागजबाट प्रतिवादीउपर लगाइएको अभियोग खम्बिर हुन सकेको नदेखिएको र कोही कसैले मृतकप्रति प्रतिवादीको यो यस्तो रिसइवी रहेको तथ्य व्यक्त नगरेको अवस्थामा मृत्यु अघिपछिको घटनाक्रमबाट प्रतिवादीले मृतकलाई मार्ने मनसायबाट मोहीमा विष मिसाएको, बान्ता गर्दा रातभरि नै कुनै उपचार नै नगरी छटपटिई राखेको अवस्थामा छोडिदिएको भन्ने शङ्काको आधारमा कर्तव्य ज्यानजस्तो जघन्य अपराधमा प्रतिवादीलाई कसुरदार ठहर गरेको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको फैसलामा प्रमाण ऐन, २०३१ को दफा २५ को त्रुटि रहेको देखिएको तथा शङ्काको सुविधा अभियुक्तले पाउने भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त एवम् उपर्युक्त उल्लिखित नजिरहरूको पालना नभई उक्त फैसला त्रुटिपूर्ण रहेको देखिने।

अतः उल्लिखित आधार, कारण तथा प्रमाणहरूबाट प्रतिवादी डम्मरीदेवी पन्तले मृतक लक्ष्मी पन्तलाई मार्नु पर्ने कुनै कारण रहेको नदेखिएको, मृतकलाई प्रतिवादीले विष सेवन गराएको र सोही कारण मृतकको मृत्यु भएको भन्ने वादी दाबी प्रमाणित हुन नसकेको, मृतकले गरेको बान्ता खाई मरेको भनिएको बिरालोको मृत्यु विषको कारण भएको हो, होइन भन्ने परीक्षण नै नगरिएकोबाट उक्त बिरालोको मृत्यु मृतकले गरेको बान्ता खाई मरेको भन्न मिल्ने नदेखिएको, मृतकलाई प्रतिवादीले मोहीमा विष मिसाई सेवन गराएको भनिएको समयमा सँगै रहेका उषा पन्त र सुनिल पन्तले अदालतमा बकपत्र गर्दा प्रतिवादीले मृतकलाई विष सेवन गराएको होइन भनी बकपत्र गरेको, मृतकको शव परीक्षण प्रतिवेदनमा तत्काल मृत्युको कारण उल्लेख नगरी भिसेरा जाँचका लागि पठाइएकोमा भिसेरा परीक्षण प्रतिवेदनमा विषादी फेला नपरेको, प्रतिवादीले अनुसन्धानको क्रममा र अदालतमा आरोपित कसुरमा इन्कार रही बयान गरेको र कर्तव्य ज्यानजस्तो गम्भीर अपराधमा वस्तुनिष्ठ सबुद प्रमाणबिना केवल शंका र अनुमानको आधारमा कसुर ठहर गरी सजाय गर्नु फौजदारी न्यायका मूल्य मान्यता र मान्य सिद्धान्तविपरीत हुँदा पुनरावेदक प्रतिवादीले आरोपित कसुर गरेको ठहर गरी निजलाई मुलकी ऐन, ज्यानसम्बन्धी महलको १३(२) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरी मिति २०७३।३।२ मा कञ्चनपुर जिल्ला अदालतबाट भएको फैसलालाई सदर हुने ठहर गरी भएको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७३।१०।१० मा भएको फैसला उल्टी भई पुनरावेदक प्रतिवादी डम्मरीदेवी पन्तले आरोपित कसुरबाट सफाइ पाउने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७४ साल चैत १४ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CR-१२६१, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. डोलेन्द्रप्रसाद कँडेल*

जाहेरवालाहरू होमबहादुर कुँवर, पदमबहादुर गुरूङ र तिलकबहादुर थापाले प्रतिवादीहरूले वैदेशिक रोजगारका लागि अमेरिका पठाइदिने भनी रकम लिई थाइल्याण्डसम्म पुऱ्याई फर्काई ल्याएको भन्ने जाहेरी भए तापनि मौकामा प्रतिवादीमध्ये देवी

रेग्मीलाई उजुरी गर्ने मनसाय नभएको भनी बयान गरेका र जाहेरवालाहरूले प्रतिवादी डोलेन्द्रप्रसाद कँडेललाई त्यसरी रकम दिएको भन्ने कुरा वस्तुनिष्ठ प्रमाणबाट वादी पक्षले पुष्टि गर्न नसकेको र आफूलाई मर्का पर्‍यो भन्ने जाहेरवालाहरू वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष उपस्थित भई आफ्नो बेहोरालाई पुष्टि हुने गरी प्रमाणित गराउन नसकेको अवस्थामा जाहेरवालाहरूबाट प्रतिवादीहरूले रकम लिएको पुष्टि हुन नसकेकोले जाहेरवालाहरू होमबहादुर कुँवर, पदमबहादुर गुरूङ र तिलकबहादुर थापाको जाहेरी सम्बन्धमा अभियोग दाबी पुग्न नसक्ने ठहर्‍याई र प्रतिवादी डोलेन्द्र कँडेललाई सम्पूर्ण दाबीबाट सफाइ दिने गरी भएको सुरु वैदेशिक रोजगार न्यायाधिकरणको फैसला अन्यथा नदेखिने।

तसर्थः विवेचित आधार प्रमाणबाट प्रतिवादी देवी रेग्मीले जाहेरवाला वसन्त बानियालाई बेल्जियममा वैदेशिक रोजगारमा पठाई दिने भनी निजबाट रू.३,१०,०००।– लिई वैदेशिक रोजगारमा नपठाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा सोही ऐनको दफा ४३ बमोजिम १ वर्ष ६ महिना कैद र रू.१,५०,०००।– जरिवाना तथा जाहेरवाला वसन्त बानियासँग लिएको रकम रू.३,१०,०००।– र सोको ५०% ले हुने हर्जानासमेत जाहेरवाला वसन्त बानियाले प्रतिवादी देवी रेग्मीबाट भराई पाउने र अन्य जाहेरवालाहरू पदमबहादुर गुरूङ, तिलकबहादुर थापा र होमबहादुर कुँवरको जाहेरीउपर अभियोग माग दाबी पुग्न नसक्ने र प्रतिवादी डोलेन्द्रप्रसाद कँडेललाई सम्पूर्ण अभियोग मागदाबीबाट सफाइ दिने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७१।३।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७४ साल माघ १७ गते रोज ४ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CR-०५७५, बम बिस्फोट गरी मारेको कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. रामलखन शर्मासमेत*

प्रस्तुत मुद्दामा प्रतिवादीहरू जगतनारायण शर्मा, उपेन्द्र साह र रामलखन शर्माले मौकामा बयान गर्दा ललका भन्ने कौसल सहनी, अजय सहनीसमेत भई काठमाडौंको त्रिपुरेश्वरमा बम राखेको र सो घटना घटाउने कार्यको षड्यन्त्रमा प्रतिवादीहरू जगतनारायण शर्मा, उपेन्द्र साह, राजनारायण ठाकुर शर्मा र रामलखन शर्मा सरिक रहेको भनी बेहोरा लेखाएको पाइन्छ। निजहरूका सो बयानलाई मृतकको पोष्टमार्टम रिपोर्टलगायतका कागजातहरूले पुष्टि गरेको छ । यस अवस्थामा प्रतिवादी जगतनारायण शर्मा, उपेन्द्र साह, राजनारायण ठाकुर र रामलखन शर्माउपर ज्यानसम्बन्धी महलको १६ नं. आकर्षित हुने नै देखिने।

प्रतिवादी संजिव साहले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा जगतनारायण शर्मासमेतका प्रतिवादीहरूसँग कलंकीको टिकट काउन्टरमा भेटघाट सम्पर्क भएको, रौतहट फर्कन प्रतिवादीहरूलाई टिकट काटी दिएको तथा बम पड्केको खबर सुन्न रेडियो किनिदिएको भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ। यसरी घटना घटाउने कार्यमा यी प्रतिवादीको प्रत्यक्षत: संलग्नता नदेखिए तापनि घटना घट्ने कुराको जानकारी वारदातपूर्व नै थाहा पाई मौकामा प्रहरीलाई खबर नगरेको कारण प्रस्तुत घटना घट्न गएकोसमेत देखिँदा प्रतिवादी संजिव साहले आफूलाई जानकारीमा रहेको घटना वारदात हुन सक्ने

कुरा लुकाई घटना घटाउने कार्यमा मद्दतागरको भूमिका निभाएकाले प्रतिवादी संजिव साहको हकमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. अनुसार पुनरावेदन अदालत पाटनले गर्ने गरेको सजाय मिलेकै देखिने।

प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. अनुसार सजाय नगर्ने गरेको फैसला मिलेन भन्ने जिकिरका सम्बन्धमा हेर्दा सुरू जिल्ला अदालतले प्रतिवादीहरूलाई ज्यान मार्ने उद्योगको कसुर गरेको ठहऱ्याई फैसला गरेको देखिन्छ । पुनरावेदन अदालतले निज प्रतिवादीहरूको पुनरावेदन नपरेकाले सो विषयमा विवेचना गर्न परेन भनी फैसलामा उल्लेख गरेको पाइन्छ । प्रतिवादीहरूलाई बम विष्फोट गराई कर्तव्य ज्यान तर्फ षड्यन्त्र पूर्ण कार्यमा संलग्न भएको भनी कसुरदार कायम गरी सजाय ठहर भएको र उक्त सजायलाई स्वीकारी बसेको देखिने । प्रतिवादीहरू रामलखन शर्मा, जगतनारायण शर्मा, उपेन्द्र साह, राजनारायण ठाकुरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १६ नं. अनुसार जनही १० (दश) वर्ष कैद र प्रतिवादी संजिव साहलाई ऐ. ऐनको ऐ. महलको १७(३) नं. अनुसार २ वर्ष ६ महिना (दुई वर्ष छ महिना) कैद सजाय हुने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७१।०५।१० भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुदिपकुमार भट्टराई
कम्प्युटर : हर्कमाया राई
इति संवत् २०७५ साल साउन २० गते रोज १ शुभम्।

- यसै लगाउको ०७२-CR-०६८९, कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. रामलखन शर्मासमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CR-१२१७, भ्रष्टाचार, *ठाकुरप्रसाद शर्मा वि. नेपाल सरकार*

प्रतिवादी ठाकुरप्रसाद शर्माले नोकरी प्रवेश तथा बढुवा प्रयोजनका लागि इन्टरमिडियट परीक्षा पास गरेको भनिएको प्रमाणपत्र परीक्षार्थीको नाम ठाकुरप्रसाद शर्मा, परीक्षा इन्टरमिडियट, अनुक्रमाङ्क ११५२२४०, वर्ष सन् १९९७, योग २२१ III Division भएको प्रमाणपत्रलाई प्रमाणीकरणको निमित्त पठाउँदा योग १९०।५०० नकि २२१ र Fail नकि III श्रेणी भन्ने उल्लेख भई आएको देखियो । विशेष अदालत काठमाडौंको मिति २०७१।८।१८ को आदेशानुसार पुन: प्रमाणीकरणको लागि पठाइएकोमा पनि ‘अपुष्टित’ उल्लेख भई आएको उच्च माध्यमिक शिक्षा परिषद्को मिति २०७२।६।१७ आ.च.नं.११२ को पत्रबाट देखिने।

पुनरावेदक प्रतिवादीले सुरू विशेष अदालतसमक्ष आफैँले माग गरेअनुसार निजले पेस गरेको र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उच्च माध्यमिक शिक्षा परिषद्मार्फत पेस गरेको प्रमाणपत्रमध्ये कुन सत्य हो यकिन गर्नु भन्ने सुरू विशेष अदालतको आदेशानुसार सम्बन्धित निकायमा बुझ्दासमेत प्रतिवादीको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली नै हो भनी मिति २०७२।६।१७ को च.नं. ११२ को पत्रबाट पुष्टि भई आएको देखिन्छ । Inter Level को प्रमाणपत्रको नियमन गर्ने निकाय उच्च शिक्षा परिषद्मार्फत प्राप्त भएको प्रमाणीकरणलाई अन्यथा भनी व्यक्ति आफूले पेस गरेको प्रमाणपत्रको प्रमाणीकरणलाई आधिकारिक मान्नुपर्ने कानूनत: मिल्ने नदेखिने।

जुन शैक्षिक प्रमाणपत्रलाई प्रमाणीकरण गरी ‘अपुष्टित’ भनी दाबी लिएको हो सोही प्रमाणपत्र प्रतिवादीको मागबमोजिम पुन: प्रमाणीकरणको लागि पठाउँदा एकै बेहोराको जवाफ ‘अपुष्टित’ भनी प्रमाणीकरण भई आएको अवस्थामा प्रतिवादीले पेस गरेको प्रमाणपत्र सक्कली हो भनी भन्न नमिल्ने।

अत: माथि विवेचित तथ्य कानून तथा प्रमाणको मूल्याङ्कनको आधारमा विशेष अदालत काठमाडौंले प्रतिवादीले पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली भएको आधारमा भ्रष्टाचारको कसुर ठहर गरेको मिति २०७२।८।३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : सुदिपकुमार भट्टराई

कम्प्युटर : हर्कमाया राई

इति संवत् २०७५ साल असार १९ गते रोज ३ शुभम्।

यसमा यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७२-CR-१६८६, भ्रष्टाचार, *धारी महतो खुलवट वि. नेपाल सरकार*
- ०७२-CR-१९८२, नक्कली प्रमाणपत्र पेस गरी सार्वजनिक पद धारण गरी भ्रष्टाचार गरेको, *नरबहादुर विष्ट वि. नेपाल सरकार*

३

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CR-१८७८, जबरजस्ती करणी, *मनु काँडु वि. नेपाल सरकार*

प्रतिवादी मौकामा साबिती रहेको र अदालतमा कसुरमा इन्कार रही बयान गरेपनि पीडितको घरमा ४ वर्षदेखि काम गरेको भनी स्वीकार गरेको देखिन्छ। यसरी पीडितको घरमा प्रतिवादीको आउने जाने क्रम रहेको देखियो। जबरजस्ती करणीको वारदातको प्रमाणको रूपमा सर्वप्रथम पीडित नै हुन्छ। पीडित नै स्वयम् चश्मदिद साक्षी पनि हो। पीडित स्वयम्ले प्रतिवादीले आफूलाई करणी गरी गर्भवतीसमेत बनाएको कुरा उल्लेख गर्दै अदालतमा समेत बकपत्र गरी मौकाको भनाइलाई पुष्टि गरेको पाइयो। पीडितलाई प्रतिवादीले जबरजस्ती करणी गरेको नहुँदो हो त पीडिताले आजीवन रूपमा दाग लाग्ने गरी जबरजस्ती करणी जस्तो अपराधमा प्रतिवादीले करणी गरेको भनी भन्नुपर्ने कुनै कारण देखिन आउँदैन। त्यो पनि आफ्नै ठाउँमा काम गर्ने केटालाई काम गरेको तलब नदिन आफ्नै छोरीलाई बलात्कार गरेको भनी आरोप लगाएको विचार गर्न सकिने अवस्था नदेखिने।

मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को कानूनी व्यवस्थाले सोह्र वर्षभन्दा कम उमेरको बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा जबरजस्ती करणी गरेको ठहरिने भन्ने देखिन्छ। पीडितको उमेर निजको अदालतसमक्षको बकपत्रमा वर्ष १३ र स्वास्थ्य परीक्षण प्रतिवेदनमा १३-१४ वर्ष उल्लेख भएबाट पीडित नाबालिका रहेको देखियो। नाबालिकालाई निजको मन्जुरी वा विना मन्जुरी करणी गरेमा जबरजस्ती करणीको महलको १ नं. कै परिभाषाभित्र पर्न आउँछ। यसर्थ प्रतिवादीले पीडितलाई जबरजस्ती करणीको कसुर गरेको स्थापित हुने।

पीडित गर्भवती रहेको निजको Ultrasound report तथा स्वास्थ्य परीक्षणबाट देखिन्छ। समग्र मिसिलबाट प्रतिवादीले गर्भवती रहेको पीडितलाई जबरजस्ती करणी गरेको देखिने।

अत: प्रतिवादी मनु काँडुलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३ नं. को कसुरमा सोही महलको ३(२) नं. बमोजिम १० (दश) वर्ष कैद र गर्भवती भएको अवस्थामा जबरजस्ती करणी गरेकाले ऐ. को दफा ३क बमोजिम थप ५ (पाँच) वर्षसमेत जम्मा कैद वर्ष १५ (पन्ध्र) र क्षतिपूर्तिबापत रू.५०,०००।- (पचास हजार) पीडितलाई प्रतिवादीबाट भराई दिने ठहऱ्याएको सुरू जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत नेपालगन्जको मिति २०७२।५।२० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुदिपकुमार भट्टराई

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७५ साल साउन २० गते रोज १ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७४-CR-०२७१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. टोपबहादुर चन्द ठकुरी*

दशैंको समयमा राँगा किन्न सँगै गएका मृतक भिमबहादुर परियार र प्रतिवादी टोपबहादुर ठकुरीबिच मृतकले प्रतिवादीको खल्तीमा कति रूपैयाँ रहेछ भनी हात हाल्दा खल्ती च्यातिन गएको र सोही विषयमा विवाद हुँदा प्रतिवादी टोपबहादुरले दाउराको चिर्पटले पहिले मृतकको टाउकोमा र पछि डँडाल्नुमा प्रहार गरेको भन्ने प्रत्यक्षदर्शी भिमले दमाईको जाहेरी बेहोरा देखिन्छ। मृतककी श्रीमती शन्तुमाया परियारले मौकामा कागज गर्दा प्रतिवादी र आफ्नो श्रीमान् राँगो किन्न भनी सँगसँगै गाउँतिर गएकोमा तरलेली कामीको घर छेउमा पुग्दा मेरो श्रीमान्ले प्रतिवादीको गोजीमा कति रूपैयाँ छ भनी तान्दा खल्ती च्यातिएकोले सोही विषयमा निजहरूबिच विवाद भएको र सोही क्रममा प्रतिवादीले एक्कासी आवेशमा आई नजिकै रहेको दाउराले टाउको तथा पिठ्युँमा प्रहार गरी सख्त घाइते बनाएकोमा उपचारको क्रममा निजको मृत्यु भएको हो। निजहरूबिचमा पूर्वरिसइवी केही थिएन भनी बेहोरा लेखाएको देखिने।

मौकामा बुझिएका तथा घटना विवरण कागज गर्ने कसैले पनि यी मृतक र प्रतिवादीबिच पूर्वइवी रहेको र सोही कारणले प्रतिवादीले ज्यान मार्नेसम्मको कार्य गरेको हो भनी लेखाउन सकेको देखिँदैन। यी दुवैबिचमा पूर्वइवी रहेको भए सँगसँगै राँगा किन्न जाने अवस्था रहने पनि थिएन। मृतकको शव परीक्षण गर्ने चिकित्सक रघुवंश त्रिपाठीले अदालतसमक्ष टाउकोमा लागेको चोटको कारणले रगत जमेको र सोही असरले मृत्यु भएको भनी बकपत्र गरेको देखिन्छ। लास जाँच मुचुल्कासमेतबाट मृतकको टाउको र पिठ्युँको बिच भागमा चोटबाहेक अन्य चोटपटक रहेको देखिँदैन। यसबाट केवल आफ्नो खल्ती च्यातिदिएको कारणबाट तत्काल उठेको रिस थाम्न नसकी प्रतिवादी टोपबहादुर ठकुरीले मृतक भिमबहादुर परियारलाई दाउराले टाउकोमा प्रहार गरेको र सोही चोटबाट निजको मृत्यु हुन गएको देखिने।

मृतक र यी प्रतिवादीबिचमा ज्यान लिनु पर्नेसम्मको पूर्वरिसइवी केही रहेको नदेखिएको, वारदातमा धारिलो हतियार नभई सामान्य दाउराको प्रयोग भएको, वारदातको दिन पनि प्रतिवादीले मृतकलाई मार्न पूर्वतयारी गरेर आएको अवस्था नदेखिएको, लुकी चोरी प्रहार गरेको नभई उसै मौकामा उठेको रिस थाम्न नसकी दाउराले हान्दा सोही चोट पिरले घाइतेको उपचारको क्रममा मृत्यु भएको अवस्था देखिँदा प्रस्तुत वारदात अभियोग मागदाबीअनुरूप मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. बमोजिम सजाय हुने कसुर अपराध नभई ऐ. १४ नं. विपरीतको कसुर अपराध भएको देखिन आउने।

अतः मिसिल संलग्न सबुत प्रमाणहरूबाट प्रतिवादी टोपबहादुर चन्द ठकुरीले तत्काल उठेको रिस थाम्न नसकी आवेशमा आई भीमबहादुर परियारलाई टाउकोमा दाउराले प्रहार गरेको कारणले मृत्यु भएको देखिँदा निज प्रतिवादी टोपबहादुर चन्द ठकुरीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद हुने ठहऱ्याई भएको उच्च अदालत पोखराको मिति २०७४।३।१९ गतेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: तीर्थराज भट्टराई

इति संवत् २०७५ साल कात्तिक १३ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-CR-०४४० र ०७१-CR-०४९४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रमेश भन्ने दुर्गाबहादुर थापा र दुर्गाबहादुर थापा वि. नेपाल सरकार*

वादी पक्षले यी मृतक र प्रतिवादीबिच पूर्वरिसइवी रहेको, मार्नु पर्नेसमेतको कारण रहेको भनी

मनसाय प्रेरित हत्या नै हो भन्ने तथ्य कुनै शङ्कारहित सबुद प्रमाणबाट पुष्टि गर्न सकेको अवस्था देखिन आएन । मृतकले आफ्नो श्रीमतीमाथि जबरजस्ती हातपात गर्न लागेको कार्यबाट प्रतिवादीले तत्काल उठेको रिस थाम्न नसकी मृतकलाई ढुङ्गा प्रहार गरी मृतकको मृत्यु हुन गएको तथ्य पुष्टि हुन आएको देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. मा वर्णित अवस्थाभित्रै पर्ने हुँदा सुरू मोरङ जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहरी पुनरावेदन अदालत विराटनगरबाट मिति २०७०।१०।८ मा भएको फैसला मिलेको देखिँदा अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदक / वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष मेरो श्रीमती अजिता घरको पछाडि कलमा भाँडा माझ्न लागेको अवस्थामा प्रेम किस्कुले मेरो श्रीमतीलाई अनैतिक कार्य गर्न खोजेको हुँदा मैले श्रीमतीको इज्जत बचाउन तत्काल ढुङ्गा टिपी २ पटक प्रहार गरेँ, निज भुइँमा लड्यो, मरे जस्तो लागी लुकाउनका लागि मैले र बुबा डिल्लीबहादुरले घिसार्दै लगी फालेका हौं भनी गरेको बयानलाई प्रतिवादीकै श्रीमती अजिता थापासमेतको मौकाको कागज बेहोराले समर्थन गरेको पाइन्छ । त्यसैगरी जाहेरवाला, वस्तुस्थिति मुचुल्काका व्यक्तिहरू सोनी किस्कु, छोटे हस्दा, लुखिया सोरेन, सुधिर मण्डल, नविन्द्र विक्रम साह, सुरेन्द्र बस्नेतसमेतले अदालतसमक्ष उपस्थित भई अनुसन्धानमा गरेको कागजलाई नै समर्थन गरी बकपत्र गरेबाट प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयानलाई समर्थन गरेको पाइन्छ । प्रतिवादीले अदालतमा बयान गर्दा अधिकारप्राप्त अधिकारीसमक्षको बयान बेहोरा मेरो नभई प्रहरीले आफैँ तयार गरी मलाई कुटेर डर धाक देखाई सही गराएका हुन् भनी उल्लेख गरे तापनि सो तथ्य पुष्टि गर्न सकेको अवस्था नहुँदा प्रमाण ऐन, २०३१ को दफा ९(२)(क)(२) बमोजिम निजले व्यक्त गरेको कुरा निजको विरूद्धमा प्रमाणमा लिन मिल्ने देखिन्छ। मेरो श्रीमतीको सतीत्त्व जोगाउनका लागि निजलाई तान्दा मृतकले आवेगमा आई मेरो गर्धन पकडी कुटपिट गर्दा मैले आत्मरक्षाका लागि र श्रीमतीको सतीत्त्व जोगाउनका लागि सामान्य ढुङ्गा टिपी होस नपुऱ्याई हान्दा मृतकको टाउकोमा लागी भवितव्यबाट मृत्यु भएको हो, तसर्थ भवितव्यमा सजाय हुनुपर्ने हो भनी प्रतिवादीले यस अदालतसमक्ष पुनरावेदन गर्दा मात्रै जिकिर लिएको देखिन्छ । प्रतिवादीले अदालतसमक्ष गरेको इन्कारी बयानलाई निजले यस अदालतसमक्ष पुनरावेदन गर्दा लिएको पुनरावेदन जिकिरबाट खण्डित भएको छ । प्रतिवादीउपरको किटानी जाहेरी, घटनास्थल तथा लासजाँच मुचुल्का, मौकामा बुझिएका मानिसहरूले गरिदिएको कागज तथा अदालतसमक्ष गरेको बकपत्र, प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान, शव परीक्षण प्रतिवेदन, अदालतसमक्ष गरेको इन्कारी बयानलाई खण्डित हुने गरी लिएको पुनरावेदन जिकिरसमेतका मिसिल संलग्न प्रमाणबाट मृतकको मृत्यु प्रतिवादीकै कर्तव्यबाट भएको तथ्य पुष्टि हुन आएको देखिने।

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष तथा अदालतमा बयान गर्दासमेत भवितव्यतर्फ जिकिर लिई बयान गरेको देखिदैंन। मार्नुपर्ने कारण पूर्वरिसइवी नभएको भए तापनि तत्काल उठेको रिस थाम्न नसकी ढुङ्गा प्रहार गरेको कारणबाट मृत्यु भएको भन्ने मिसिल संलग्न कागजबाट पुष्टि भएको देखिँदा प्रतिवादी रमेश भन्ने दुर्गाबहादुर थापालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १०(दश) वर्ष कैद हुने ठहऱ्याई मोरङ जिल्ला अदालतबाट मिति २०६९।८।१७ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालतबाट मिति २०७०।१०।८ मा भएको फैसला मनासिब नै देखिन आयो । ऐ.को ५ नं.बमोजिमको कसुरमा ६ नं.बमोजिम सजाय हुनु पर्दछ भन्ने प्रतिवादी दुर्गाबहादुर थापाको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादीले ज्यानसम्बन्धी महलको

१४ नं. बमोजिमको कसुर अपराध गरेको पुष्टि हुन आएकोले सोही १४ नं. बमोजिम प्रतिवादी रमेश भन्ने दुर्गाबहादुर थापालाई १०(दश) वर्ष कैद सजाय हुने ठहऱ्याई सुरू मोरङ जिल्ला अदालतबाट मिति २०६९।८।१७ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत विराटनगरबाट मिति २०७०।१०।८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल कात्तिक २८ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-CR-१७१५, कर्तव्य ज्यान, *सन्देश मादेन वि. नेपाल सरकार*

पुनरावेदक / प्रतिवादी सन्देश मादेनले अनुसन्धानमा बयान गर्दा आफ्नो श्रीमती पेरू पालुङ्वाको अवैध गर्भ रहेको आशङ्कामा उक्त दिन घरमा नै आफूले दुवै हातले घाँटीमा समाई दिएको र नानाथरी गाली गरेकोले सहन नसकी आवेशमा आई घरमा रहेको हाते आराले घाँटीमा र बाम्पोक खुकुरीले टाउकोमा प्रहार गर्दा निजको मृत्यु भएको हो। अपराध लुकाउन कपडाले अनुहारको रगत पुछी उपचारको लागि भनी हल्ला गरी छरछिमेकीको सहयोगमा अस्पताल लिएर गएको हुँ भनी आफूले प्रहार गरेको खुकुरी र आरा चिनेँ भनी सनाखतसमेत गरिदिएको पाइने।

शव परीक्षण गर्ने विशेषज्ञले अदालतमा गरिदिएको बकपत्रमा मुखमा फिँज, मुटु कलेजो फोक्सोमा रगत जमेको देखिएकोमा घाँटीमा दबाई प्रेसर हुँदाको अवस्थामा श्वासप्रश्वास अवरूद्ध भई मृतकको मृत्यु भएको भनी लेखाई दिएका छन्। घाँटी थिचिएको र श्वासप्रश्वास अवरूद्ध भएको भन्ने निज विशेषज्ञको भनाइबाट यी प्रतिवादीले अनुसन्धानका क्रममा आफूले पहिला घाँटी थिचेको भन्ने भनाइसमेत समर्थित हुन आउने।

पुनरावेदक प्रतिवादीले मृतक बिरामी भएकोले आफूलाई आफैँले हिर्काउँदा मृत्यु हुन गएको भनी जिकिर लिएपनि त्यसरी आफूले आफैँलाई प्रहार गरेको भन्ने तथ्य कहिँकतैबाट पुष्टि हुन आएको छैन। सिकिस्त बिरामी अवस्थामा रहेको मानिसले आफूलाई झन् पीडामाथि पीडा हुने गरी प्रहार गर्न सक्दैन। त्यस्तै मृतकको घाँटी, निधार, टाउको जस्तो विभिन्न ठाउँमा चोट लागेको र घाँटी थिचिएको भन्ने वस्तुगत प्रमाणबाट स्पष्ट देखिन आउने।

एक ठाउँमा आफैँले आफूलाई प्रहार गरेपनि त्यसबाट भएको पीडाका कारण त्यसपछि मानिसले आफैँले आफैँलाई अन्यत्र प्रहार गर्न सक्ने अवस्था नै रहन नसक्ने हुन्छ। त्यस्तै हतियार पनि बाम्पोक र आरा प्रयोग भएको पाइन्छ। आफैँले आफैँलाई प्रहार गर्दा दुई हतियार पनि प्रयोग गर्नु प्रायः असम्भव हुन्छ। बिरामी अवस्थामा रहेको मानिसले यसरी यत्रतत्र आफैँले आफैँलाई प्रहार गरी रगतपच्छे भएपश्चात् आफ्नो घाँटीसमेत आफैँले थिची आत्महत्या गर्न सक्दैन। यसका साथै निजले आफैँले आफैँलाई प्रहार गर्नुपर्नेसम्मको कारण रहेभएको भन्ने पनि मिसिलबाट देखिन नआउने।

मिसिल संलग्न वस्तुगत प्रमाण, अनुसन्धानका क्रममा यी प्रतिवादीको बयान बेहोरा, बुझिएका व्यक्तिहरूको भनाइ र वारदातको परिस्थितिजन्य अवस्था आदि मिसिल संलग्न प्रमाणहरूबाट यी प्रतिवादीले नै कर्तव्य गरी मृतकलाई मारेको भन्ने तथ्य एकआपसमा मिल्न भिड्न आई समर्थित हुन आएको छ। प्रतिवादीको अदालतको बयान भने ठोस रूपमा कतैबाट समर्थित हुन सकेको देखिँदैन। त्यसैले यी मृतकलाई प्रतिवादीले नै घाँटी थिची यत्रतत्र प्रहार गरी कर्तव्य गरेर नै मारेको देखिन आएकोले सुरू जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालतको फैसला मिलेको नै देखिने।

अतः विवेचित आधार, कारण र प्रमाणहरूबाट यी पुनरावेदक / प्रतिवादी गोरा भन्ने सन्देश मादेनलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को

कसुरमा निजलाई ऐ. १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई सुरू ताप्लेजुङ जिल्ला अदालतबाट मिति २०७२।२।१२ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत विराटनगर इलाम इजलासबाट मिति २०७३।११।१८ मा भएको फैसला मिलेकै देखिएकोले सदर हुने।

इजलास अधिकृत : यदुराज शर्मा

कम्प्युटर : मञ्जु खड्का

इति संवत् २०७४ साल चैत २० गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-CI-१५५६, फैसला बदर, *सत्यनारायण महरा चमार वि. सुखल महरा चमार*

दाबीका कि.नं. १०१ र २०७ का जग्गाका साबिक जग्गाधनी विसेसर राउत भएको र साबिक दर्तावाला मोही मोहीचन महरा भन्ने मोहीचन सार्की भएको भन्ने देखिई सो कुरामा दुवै पक्षका बिच मुख मिलेको देखिन आउँछ । मोही मोहीचन महराको पुस्तावली हेर्दा मोहीचन महरा भन्ने मोहीचन सार्कीका दुई छोराहरूमा जेठा तपेसर महरा र कान्छा यी प्रत्यर्थी वादी सुखल महरा चमार भन्ने देखिन आयो। तपेसर महराका छोरा यी पुनरावेदक प्रतिवादी सत्यनारायण महरा रहेको पाइने।

मोही मोहीचन सार्कीको समेत परलोक भएकोले निजको हकखाने निजका दुई छोराहरूमा यी पुनरावेदक प्रतिवादीका बुबा तपेसर महरा र कान्छा यी प्रत्यर्थी वादी सुखल महरा चमार रहेको पाइयो । मोहीचन महराको मोहियानी हक रहेको जग्गाको समेत निजका छोरा पुनरावेदकका बुबा तपेसर र प्रत्यर्थी सुखल महरा चमार बराबर हिस्सेदार रहेको देखिन आउने।

हक सर्ने भन्ने कुरा क्रमैसँग बाबुपछि छोराहरू र त्यसपछि नातिहरूमा सर्ने हो। बाजेको हक अधिकारभित्र पर्ने जग्गामा सिधै नातिको नाममा हक सरिजाने भन्ने हुँदैन। विवादित जग्गामा यी पुनरावेदकका बाजे मोहीचन महराको एकलौटी मोहियानी हक रहेको देखिएपनि निज मोहीचनका दुई छोराहरू रहेभएको देखिएकोले सो जग्गाहरूमा यी पुनरावेदकका बुबा तपेसरको मात्र एकलौटी मोहियानी हक रहेको भन्ने कहिँकतैबाट देखिन आएको छैन । आफ्नो बुबाको एकलौटी मोहियानी हक स्थापित नभई बाजेको मोहियानी हक भएको जग्गामा निज बाजे मोहीचनको अर्को छोरा अर्थात् यी पुनरावेदकका बुबाको समान अंशियार भाइ प्रत्यर्थी सुखल महरा भएको अवस्थामा यी पुनरावेदकको उक्त जग्गामा एकलौटी मोहियानी हक कायम रहन सक्ने देखिन नआउने।

पुनरावेदक प्रतिवादी पक्षबाट आफ्नो मात्र एकलौटी मोहियानी हक लाग्ने कुनै अवस्था देखाई सप्रमाण सोको पुष्टि गरेको पनि मिसिलबाट देखिँदैन। त्यसकारण मोहीचनको मोहियानी हक निजपछि उनका छोराहरू पुनरावेदकका बुबा तपेसर र यी प्रत्यर्थी वादी सुखल महरा चमारमा बराबर रूपमा रहने नै देखिने।

विवादको कि.नं. १०१ र १०७ को जग्गा मिति २०५८।७।२६ को निर्णयले कैलसियादेवीको नाममा नामसारी भई विभिन्न कित्ता नम्बरमा कित्ताकाट गरी रामचरीत, भागनारायण, लालबाबुको अंश भागमा परेको भन्ने मिसिल देखिन आएको छ । अरू हकदार तथा जग्गाधनीहरूलाई विपक्षी नबनाई सो जग्गाहरूका जग्गाधनी नै नरहेका सुकदेवप्रसाद यादवलाई मात्र विपक्षी बनाई मोही नामसारी मुद्दा दिई गराएको निर्णय मिलेको मान्न नमिल्ने।

खास जग्गाधनीले सुखल महरा चमारलाई नै मोही पत्याई प्रतिवाद गरेको स्थिति र अवस्था विद्यमान रहेको छ । यस्तो अवस्थामा भूमि सुधार कार्यालय बाराबाट यी पुनरावेदक प्रतिवादीको नाममा मोही नामसारी हुने ठहर भई भएको मिति २०५७।११।१ को निर्णयबाट प्रत्यर्थी वादी सुखल महरा चमारको हकमा असर परेको स्पष्ट नै देखिन आएकोले सो निर्णय कानूनसम्मत रहेभएको पाइँदैन । त्यसैले भूमि सुधार कार्यालयको उक्त मिति २०५७।११।१ को निर्णयलाई बदर गर्नु पर्नेमा सो निर्णय मिलेकै देखिएको भनी यी प्रत्यर्थी वादीको वादी दाबी पुग्न नसक्ने ठहर गरी

भूमि सुधार कार्यालय बाराबाट मिति २०६६।३।१५ मा भएको फैसलासमेत नमिलेकोले सोलाई उल्टी गरी वादी दाबीबमोजिम भूमि सुधार कार्यालय बाराबाट मिति २०५७।११।१ मा भएको निर्णय बदर हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको फैसला मनासिब नै देखिन आउने।

अतः विवेचित आधार, कारण र प्रमाणहरूबाट भूमि सुधार कार्यालय बाराबाट वादी दाबी पुग्न नसक्ने ठहऱ्याई मिति २०६६।०३।१५ मा भएको फैसला उल्टी हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।१२।८ मा भएको फैसला मिलेकै देखिएकोले सदर हुने।

इजलास अधिकृतः यदुराज शर्मा

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७५ साल जेठ २८ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७५-WO-०२५७, उत्प्रेषण / परमादेश, *केशवबहादुर के.सी. वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगरसमेत*

निवेदक केशवबहादुर के.सी. स्वास्थ्य सेवाको सहायक चौथो तह अ.हे.व. पदमा मिति २०६२।५।१५ मा नियुक्त भई सेवा प्रवेश गरेको देखिन्छ । निजले मिति २०६७।१०।११ गतेको निर्णयअनुसार मिति २०६७।५।१५ देखि लागू हुने गरी पाँचौं तहमा स्तरवृद्धि पाएको देखिन्छ । विपक्षी महेशकुमार कक्षपति मिति २०४६।६।१२ को निर्णयले ए.प.अ.प्रा. तृतीय श्रेणीमा नियुक्ति भई मिति २०६५।३।१५ को पत्रानुसार अ.हे.व. चौथो तहमा पदनाम कायम भएको देखिन्छ भने निजको सहायक पाँचौं तहमा स्तरवृद्धि मिति २०६८।७।२९ को निर्णयअनुसार मिति २०६६।१०।१७ गतेदेखि लागू हुने गरी भएको देखिने।

निवेदक मिति ०६२।५।१५ मा स्वास्थ्य सेवाको सहायक चौथो तह अ.हे.व. पदमा मिति २०६२।५।१५ मा नियुक्ति पाएको र विपक्षी महेशकुमार कक्षपति मिति २०६५।३।१५ मा सहायक चौथो तह अ.हे.व. मा पदनाम कायम भएको देखिएबाट निवेदकभन्दा विपक्षी महेशकुमार कक्षपति जुनियर रहेको देखिन आउँछ । नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९(७क)(ङ) अनुसार स्वास्थ सेवाको चौथो तहबाट पाँचौं तहमा स्तरवृद्धि हुनको लागि न्यूनतम ५ वर्षको सेवा अवधि पुगेको हुनुपर्ने स्पष्ट कानूनी व्यवस्था रहेको अवस्थामा निवेदक ५ वर्ष सेवा अवधि पुगेपछि मिति २०६७।१०।११ को पत्रअनुसार मिति २०६७।५।१५ देखि लागू हुने गरी पाँचौ तहमा स्तरवृद्धि भएको देखिने।

५ वर्ष पुग्नै पर्ने कानूनी व्यवस्था भएको अवस्थामा सो अवधि नपुगी पाँचौं तहमा स्तर वृद्धि भएका विपक्षी महेशकुमार कक्षपति निवेदकको भन्दा अगाडि नै पाँचौं तहमा स्तर वृद्धि भएको आधारमा पाँचौं तहमा समायोजन बढुवामा समेत सिनियर हुन् भन्न मिल्ने हुँदैन। चौथो तहमा निवेदक केशवबहादुर के.सी. नै सिनियर भएको देखिएको र विपक्षी महेशकुमार कक्षपती कानूनी व्यवस्थाविपरीत ५ वर्ष नपुगी पाँचौं तहमा स्तरवृद्धि भएको देखिएको अवस्थामा निवेदक केशव बहादुर के.सी. नै पाँचौं तहमा बढुवा समायोजनमा सिनियर रही बढुवा समायोजन हुने देखिने।

लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर काठमाडौंबाट जिल्ला जनस्वास्थ्य कार्यालय, प्यूठानको बढुवा समितिको सचिवालयको मिति २०७५।२।२३ को निर्णय बदर गर्ने गरी मिति २०७५।५।७ मा भएको निर्णय उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब, जिल्ला जनस्वास्थ्य कार्यालय, प्यूठानको बढुवा समितिको सचिवालयको मिति २०७५।२।२३ को निर्णयअनुसार नै निवेदक केशवबहादुर के.सी.लाई नियमानुसार बढुवा समायोजन गर्नु भनी विपक्षीहरू लोक सेवा आयोग, केन्द्रिय कार्यालय र जिल्ला जनस्वास्थ्य कार्यालय, प्यूठानको बढुवा समितिको सचिवालयको नाउँमा

परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल माघ २२ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७३-CR-०७८०, जबरजस्ती करणी, विष्णु आचार्य *वि. नेपाल सरकार*

प्रतिवादी विष्णु आचार्यले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा जाहेरवालालाई आफूले जबरजस्ती करणी गरेको होइन । वारदात भएको भनिएको दिन आफू आफ्नो घरमा सुतेको, जाहेरवालीको घरमा नगएको, निज जाहेरवालीले आफूसँग तीन लाख पचास हजार रूपैयाँ सापटी लिएकोमा पैसा तिर्न नसकी आफ्नै हकभोगको जग्गा दिएर हिसाब मिलान भइसकेको र निजसँग मैले नै २५ हजार रूपैयाँ लिनु पर्ने थियो, सोही पैसाको विषयमा पहिला झगडा भएकोले लेनदेनका कारणले मलाई आरोप लगाइएको हुनुपर्छ भनी आरोपित कसुरमा इन्कार रहेको अवस्था छ । निज प्रतिवादीले अदालतसमक्ष बयान गर्दा मैले पीडितको घरमा गई भ्यान्टिलेसन जाली च्याती ढोका खोली, पीडितको मुख थुनी, मोबाइल फोडी पटकपटक जबरजस्ती करणी गरेको होइन भनी आरोपित कसुरलाई इन्कार रहेको देखिने ।

प्रतिवादी विष्णु आचार्यको शारीरिक परीक्षण रिपोर्टमा लिङ्गको वरिपरि स्त्री जातिको स्वाब नपाइएको, शरीरमा चिथोरिएको, संघर्षका चिह्नहरू र निलडामहरू नपाइएको भन्ने बेहोरा उल्लेख भएको देखिन्छ । जाहेरवालीको घर कोठाबाट बरामद गरिएको पीडित भनिएको संकेत नं.५६ ई.प्र.का. तुलसीपुर ०७२-५ ले जबरजस्ती करणीको समयमा लगाएको सुरूवाल, ओछ्याएको तन्ना, पीडितको योनि स्वाब र प्रतिवादीको urethral swab भौतिक सबुद परीक्षणको लागि केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला, सामाखुशी काठमाडौंमा पठाएकोमा semen could not be detected, sperm cell could not be found and blood could not be detected भन्ने मिति २०७२।८।१३ को केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला, सामाखुशी काठमाडौंको परीक्षण प्रतिवेदनबाट देखिएको हुँदा जाहेरी दरखास्तमा उल्लिखित बेहोरा खण्डित भएको पाइने ।

जबरजस्ती करणी जस्तो गम्भीर प्रकृतिको फौजदारी कसुरमा प्रतिवादीउपरको अभियोग दाबी शङ्कारहित तवरबाट पुष्टि हुनुपर्दछ अन्यथा शङ्काको सुविधा अभियुक्तले पाउने फौजदारी न्यायको मान्य सिद्धान्त रहेको छ । जाहेरवालीको जाहेरी दरखास्त, घटना विवरण कागज र अदालतमा गरेको बकपत्रको बेहोरा फरक फरक भई एकआपसमा बाझिएको अवस्थामा जाहेरवालीको भनाइलाई प्रमाणमा लिन मिल्ने देखिएन । जाहेरवालीको कागजलाई शारीरिक परीक्षण र अन्य भौतिक प्रमाणले समेत पुष्टि गर्न नसकेको अवस्थामा शङ्का र अनुमानको आधारमा मात्र प्रतिवादीलाई सजाय गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुन्छ । प्रस्तुत मुद्दामा यी पुनरावेदक प्रतिवादीउपरको अभियोग मागदाबी शङ्कारहित तवरबाट पुष्टि हुन नसकेको हुँदा प्रतिवादी विष्णु आचार्यलाई जबरजस्ती करणीको महलको ३ (५) नं. बमोजिम ७ (सात) वर्ष कैद सजाय हुने र पीडितले यी प्रतिवादीबाट रू.४०,०००।- (चालिस हजार) क्षतिपूर्ति भराई पाउने ठहऱ्याई सुरू दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०७२।११।१८ मा भएको फैसला केही उल्टी गरी प्रतिवादीलाई ५ वर्ष कैद र पीडितले प्रतिवादीबाट रू.३०,०००।– (तीस हजार) क्षतिपूर्ति भराई पाउने ठहऱ्याई पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७३।५।१४ मा भएको फैसला कानून र उल्लिखित नजिर सिद्धान्तसमेतको प्रतिकूल रहेको देखिँदा सो फैसला उल्टी भई प्रतिवादी विष्णु आचार्यले अभियोग मागदाबीबाट सफाइ पाउने ।

अतः विवेचित आधार, कारण र प्रमाणहरूबाट प्रतिवादी विष्णु आचार्यलाई जबरजस्ती करणीको महलको ३ (५) नं. बमोजिम ७ (सात) वर्ष कैद

सजाय हुने र पीडितले यी पुनरावेदक प्रतिवादीबाट रू.४०,०००।- (चालिस हजार) क्षतिपूर्ति भराई पाउने ठहऱ्याई सुरू दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०७२।११।१८ मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादीलाई ५ वर्ष कैद र पीडितले निज प्रतिवादीबाट रू.३०,०००।– (तीस हजार) क्षतिपूर्ति भराई पाउने ठहऱ्याई पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७३।५।१४ मा भएको फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी भई पुनरावेदक प्रतिवादी विष्णु आचार्यले अभियोग मागदाबीबाट सफाइ पाउने।

इजलास अधिकृत: गोपी विश्वकर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल माघ ७ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७१-CR-१०९४ र ०७१-CR-१०९५, गौवध, *साविर कसाई वि. नेपाल सरकार र मोहम्मद इसरार खाँ वि. नेपाल सरकार*

प्रतिवादी मुक्ति कुरेसी भन्ने साविर कसाईले अनुसन्धान अधिकारीसमक्ष वारदातमा संलग्न रहेकोमा साबित रही बयान गरेका र प्रतिवादी मोहम्मद इसरार खाँले अनुसन्धान अधिकारीसमक्ष गाई काटेकोमा इन्कार भई बयान गरे पनि गाईको मासु र गाईको सुकुटी लिने गरेकोमा सम्म साबित भई बयान गरेको देखिए तापनि अदालतमा बयान गर्दा अनुसन्धान अधिकारीसमक्षको बयान स्वइच्छाको होइन, अभियोग दाबीबमोजिम कसुर गरेको होइन भनी इन्कारी बयान गरेको देखिन्छ। वारदात स्थलमा देखिएको मासु र अस्थिपञ्जर गाई गोरूको हो वा होइन भनी परीक्षण भएकोसमेत देखिँदैन । घटनास्थल र बरामदी मुचुल्कामा प्रतिवादीहरूलाई रोहवरमा राखी निजहरूको सहिछापसमेत गराएको नदेखिने।

बरामदी मुचुल्काका मानिस र घटना विवरण कागज गर्ने व्यक्तिहरूलाई अदालतमा उपस्थित गराई वादी पक्षले बकपत्र गराउन सकेको पाइँदैन । प्रमाण ऐन, २०३१ को दफा १८ मा *"कुनै काम, घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानूनबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुने"* भन्ने व्यवस्था रहेको देखिएको अवस्थामा अदालतमा उपस्थित नभएका त्यस्ता व्यक्तिहरूको कथनलाई प्रमाणमा लिन सक्ने देखिँदैन। यस्तो अवस्थामा बरामदी मुचुल्कामा उल्लिखित बेहोरा र घटना विवरण कागज गर्ने व्यक्तिहरूको कथनलाई प्रमाणमा ग्रहण गर्न नमिल्ने।

वादी नेपाल सरकारले बरामदी मुचुल्काका मानिस र घटना विवरण कागज गर्ने मानिसहरूलाई अदालतमा उपस्थित गराई बकपत्र गराई अभियोजन प्रमाणित गर्न नसकेको र बरामद भएको मासु गाई गोरुको हो भनी परीक्षणबाट पुष्टि गराउन नसकेको अवस्थामा प्रतिवेदकको प्रतिवेदन र अनुसन्धान अधिकारीसमक्षको साबिती बयानलाई मात्र आधार मानी यी प्रतिवादीहरूलाई दोषी ठहर गर्नु फौजदारी न्याय सिद्धान्तको प्रतिकूल हुन्छ। गौवध जस्तो गम्भीर फौजदारी अपराधमा प्रहरीमा भएको साबितीलाई अन्य स्वतन्त्र र वस्तुनिष्ठ प्रमाणले पुष्टि गरेमा मात्र दोषी ठहर गर्न सकिने हुन्छ । सो स्वतन्त्र र वस्तुनिष्ठ प्रमाणको अभावमा यी पुनरावेदक प्रतिवादीहरूलाई दोषी ठहर गरी सजाय गर्नु न्याय र कानूनको रोहमा मिल्ने देखिन नआउने।

अतः विवेचित आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादीहरू मोहम्मद इसरार खाँ र मुक्ति कुरेसी भन्ने साविर कसाईलाई सुरू जिल्ला अदालतबाट सफाइ दिने गरी भएको फैसला उल्टी गरी पुनरावेदन अदालत नेपालगन्जबाट मुलुकी ऐन, चौपायाको महलको १ नं. को कसुर अपराधमा सोही महलको ११ नं. बमोजिम १२ वर्ष कैद सजाय गर्ने गरेको मिति २०७१।६।२८ को फैसला नमिलेको हुँदा उल्टी भई निज प्रतिवादीहरू मोहम्मद इसरार खाँ र मुक्ति कुरेसी भन्ने साविर कसाईले अभियोग

मागदाबीबाट सफाइ पाउने।
इजलास अधिकृत: विष्णुप्रसाद आचार्य
इति संवत् २०७५ साल जेठ ९ गते रोज ४ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-WO-०९२७, उत्प्रेषण / परमादेश, *दिपो सहनी वि. राजेन्द्र सहनीसमेत*

अदालतबाट बन्डा छुट्ट्याउने प्रक्रिया अघि बढाई मिति २०७१।१।११ मा बन्डा छुट्ट्याउने मुचुल्का हुँदा यी विपक्षी उक्त मिति २०७१।१।११ को बन्डा मुचुल्कामा उपस्थित भई रोहवरमा बसेको देखिँदैन। सो बन्डा मुचुल्का नरम गरम नमिलाई भएको थाहा जानकारी स्वत: हुनुपर्ने भनी सम्झन मिल्दैन। जबसम्म सो बन्डा मुचुल्काको रीतपूर्वक नक्कल प्राप्त हुँदैन सो बारेमा विपक्षीलाई थाहा जानकारी हुन सक्ने अवस्था नरहने।

पुनरावेदन अदालत जनकपुरबाट भएको मिति २०७१।२।२२ मा आदेशानुसार पुन: बन्डा गर्न दुवै पक्षलाई बन्डा गर्ने डोरको तारेख तोकी मिति २०७१।११।३० मा पुन: बन्डा मुचुल्का भएको धनुषा जिल्ला अदालतको च.नं. ९४५२ मिति २०७१।१२।४ को पत्रबाट देखिन्छ। सो बन्डा मुचुल्कामा निवेदक दिपो सहनी उपस्थित भएपनि सही छाप नगरेको भनी जनिएको छ। सोपछि भएको बन्डा मुचुल्का अनुसार आआफ्नो भाग दर्तासमेत गरिसकेका छन् भनी विपक्षीका कानून व्यवसायीले बहसको क्रममा भन्नुभएको छ। विपक्षीको अनुपस्थितिमा नरमगरम नमिलाई भएको बन्डा मुचुल्का बदर गरी पुन: बन्डा गर्न भनी पुनरावेदन अदालत जनकपुरबाट भएको मिति २०७१।२।२२ को आदेश कानूनबमोजिम रहेको र दोस्रो बन्डा मुचुल्काबाट रिट निवेदनको औचित्यसमेत समाप्त भएको हुँदा निवेदकको निवेदन मागबमोजिमको उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गर्नु नपर्ने देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।
इजलास अधिकृत : विदुरकुमार उपाध्याय
कम्प्युटर : संजय जैसवाल
इति संवत् २०७४ साल वैशाख १४ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-WO-०५२८, उत्प्रेषण, *दिपेस डंगोलसमेत वि. भूमिसुधार तथा व्यवस्थापन विभाग, काठमाडौंसमेत*

जग्गा (नाप जाँच) ऐन, २०१९ को २(ङ) तथा मालपोत ऐन, २०३४ को दफा २(ख२) मा "सरकारी जग्गा" भन्नाले सडक, बाटो, रेल्वे, सरकारी घर, भवन वा कार्यालय रहेको जग्गा सम्झनुपर्छ र सो शब्दले नेपाल सरकारको अधीनमा रहेको वन, बुटेन, नदी, खोलानाला, नदी उकास, ताल, पोखरी तथा सोको डिल, नहर, कुलो ऐलानी, पर्ती वा अन्य जग्गा भिर, पहरा, इनार, बगर र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सरकारी जग्गा भनी तोकिदिएको जग्गासमेतलाई जनाउँछ भनी परिभाषा गरेको पाइन्छ। प्रस्तुत विवादित कि.नं. १४७, १५२ र १५८ का जग्गा पनि धोवीखोलाअन्तर्गत पर्ने भनी २०५३ सालमा नापी शाखाबाट नापजाँच भएको देखियो। धोवीखोलाले आफ्नो बहाव बदली नदी उकास भएका यी कित्ता जग्गाहरू ऐनको परिभाषाअनुसार सरकारी जग्गाअन्तर्गत पर्ने देखिन्छ। निवेदकका बाजेले नै जग्गा दर्ता प्रक्रिया गर्दा विवादित कित्ताहरू धोवीखोलाअन्तर्गत पर्ने भनी उसैबखत थाहा जानकारी पाई सो जग्गा कट्टा गरी अरू जग्गा दर्ता गरिसकेका छन। बाबु बाजेले नै सार्वजनिक भनी सहमति जनाई छाडिसकेका जग्गा छोरा नातिले अब दाबी गर्न नमिल्ने।

अत: २०५३ सालमा नै वादीले दाबी गरेको जग्गा साबिक धोवीखोलाअन्तर्गत पर्ने भनी नापी शाखा चाबहिलले कित्ताकाट गरी पठाएको देखिँदा ती जग्गाहरू साबिकमा धोवीखोला नै रहेको सार्वजनिक रूपमा देखिन आएको छ। २०५३

सालमा नै नेपाल सरकार जग्गाधनी भनी टिप्पणीमा जनिएको र तत्काल साबिक नक्सा भिडाई विवादित जग्गाहरू धोवीखोलाअन्तर्गत रहेको भन्ने देखिई सो जग्गाहरू कट्टा गरी नेपाल सरकार जग्गाधनी कायम भइसकेको हुँदा त्यस्तो जग्गा निवेदकको हकको भन्न नमिल्ने भएकोले निवेदकको नाउँमा दर्ता गर्न नमिल्ने भनी विपक्षी मालपोत कार्यालय चावहिलबाट मिति २०६९।१०।१९ मा भएको निर्णय कानूनबमोजिम नै हुँदा निवेदन मागबमोजिमको उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विदुरकुमार उपाध्याय

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७४ साल वैशाख १४ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-WO-०६०५, उत्प्रेषण / परमादेश, *जगन्नाथ बुढा वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय, काठमाडौंसमेत*

विपक्षी साबिक मालाखेती गाउँ विकास समितिको कार्यालयका नाउँमा जग्गा प्रदान गर्ने गरी सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिति कैलालीको मिति २०५८।३।१३ को निर्णयबाट निवेदकको हक अधिकारमा आघात पुऱ्याएको पाइँदैन । निवेदकले प्राप्त गरेको भनेको कि.नं. १६, १११ र ११९ का जग्गा सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिति कैलालीबाट जग्गा वितरण हुँदा प्राप्त गरेका हुन् । साबिक हक दर्ताको भने नभएको ।

मुलुकी ऐन, अदालती बन्दोबस्तीको ८२ नं. को कानूनी व्यवस्था हेर्दा "नेपाल सरकार वादी हुने मुद्दा र घुस खाने / माग्ने सरकारी कर्मचारीकै हस्ताक्षरको लिखतको सबुद लिई नालिस गरेको घुस मुद्दामा जोसुकैले नालिस गरेपनि हुन्छ । सोबाहेक अरू गैह्र मुद्दामा जसको जुन कुरामा हक पुग्छ उसले सो कुरामा दाबी गरी नालिस दिए मात्र लाग्छ" भन्ने रहेको देखिन्छ । यसरी हाम्रो कानूनी व्यवस्थाले हक पुग्नेको नालिस लाग्ने व्यवस्था गरी अदालत प्रवेश गर्ने सशक्त माध्यम हकदैयालाई लिइएको छ । "हकदैया" भन्नाले संविधान वा कानूनद्वारा प्रदत्त हकमा आघात परेमा कुनै विषयमा अदालतमा उपस्थित भई सो हक प्रचलन गराउन नालिस उजुर प्रतिवादी वा खण्डन गर्न सक्ने सक्षम हकलाई जनाउने । विवादित कि.नं. २ र ११८ का जग्गा सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिति कैलालीले मिति २०५८।३।१३ मा साबिक मालाखेती गाउँ विकास समिति कार्यालयलाई प्रदान गर्ने गरी भएको निर्णयानुसार उक्त कि.नं. २ र ११८ का जग्गा मालाखेती गाउँ विकास समितिको कार्यालयका नाउँमा दर्ता भएको त्यसपछि उक्त गाउँ विकास समितिले आफ्नो तेस्रो गाउँ परिषद्बाट निर्णय गरी मालाखेती प्रा.स्वा. केन्द्र हालको मालाखेती अस्पताललाई प्रदान गरेको देखिन्छ । यस प्रकारबाट विवादित कि.नं. २ र ११८ का जग्गा यी रिट निवेदकका नाउँ दर्ताको नदेखिएको उक्त जग्गामा यी रिट निवेदकको आफ्नो कुनै हक स्वामित्व नै स्थापित नभएको अवस्थामा यी रिट निवेदकको हक अधिकारमा आघात पुऱ्याएको भन्न मिल्ने देखिन नआउने ।

अतः माथि विवेचित आधार एवम् कारणहरूबाट सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिति कैलालीले सार्वजनिक संस्था साबिक मालाखेती गाउँ विकास समिति कार्यालयलाई उक्त कि.नं. २ र ११८ का जग्गा प्रदान गर्ने गरी मिति २०५८।३।१३ मा गरेको निर्णय र सो निर्णयका आधारमा मिति २०६७।६।१९ मा उक्त गाउँ विकास समितिलाई वितरण गरेको जग्गाधनी प्रमाण पुर्जालगायत सो सम्बन्धमा भए गरेका सम्पूर्ण काम कारबाही कानून प्रतिकूल देखिन नआएको तथा विलम्ब गरी पर्न आएको विवादित जग्गामा निवेदकको हकदैया नै नरहेकोले निवेदन माग दाबीबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विदुरकुमार उपाध्याय

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल वैशाख १४ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-WO-०९१३, उत्प्रेषण / परमादेश, *जीवन शाहीसमेत वि. सहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

मुआब्जा निर्धारण समितिको बैठकको निर्णयमा मुआब्जा रकमबाहेक थप रकम उपलब्ध गराउने भन्ने कुरा उल्लेख भएको छैन । रिट निवेदकहरूलाई मुआब्जा निर्धारण समितिले निर्धारण गरेको मुआब्जा रकममा चित्त नबुझेको हो भने १५ दिनभित्र नेपाल सरकार गृह मन्त्रालयमा उजुरी दिन सक्ने व्यवस्था जग्गा प्राप्ति ऐन, २०३४ को दफा २५(७) ले गरेको तर रिट निवेदकहरू कानूनबमोजिमको निकायमा उजुर गर्न जानु पर्नेमा सोतर्फ नगई मिति २०६४।८।५ मा मुआब्जा निर्धारण समितिले मुआब्जा रकम निर्धारण गरेकोमा २०६८ सालमा आएर मुआब्जा रकम घटी भएको भनी थप मुआब्जा रकम उपलब्ध गराइ पाउँ भनी सम्माननीय प्रधानमन्त्रीज्यूसमेत समक्ष निवेदन गर्नुभएको देखिँदा रिट निवेदकहरूले आफूलाई क्षतिपूर्ति वा मुआब्जामा चित्त नबुझेको कुरामा ऐनबमोजिमको म्यादभित्र सम्बन्धित निकायमा उजुर गर्न जानुभएको देखिन नआउने।

अतः नेपाल सरकारलाई आवश्यक परेको जग्गा सम्बन्धित जग्गाधनीहरूलाई मुआब्जा प्रदान गरी जग्गा प्राप्त गर्न सक्ने अधिकार जग्गा प्राप्ति ऐन, २०३४ ले प्रदान गरेको सोही कानूनी व्यवस्थाको अधीनमा रही सार्वजनिक रूपमा जिल्ला प्रशासन कार्यालय रुपन्देहीले भैरहवा भन्सार नाकाको लागि जग्गा प्राप्ति सम्बन्धित सूचना प्रकाशित गरी सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा मुआब्जा निर्धारण समिति गठन भई सोही समितिको निर्णयअनुसार अधिग्रहण गरिने जग्गाको मुआब्जा रकम निर्धारण गरी अधिग्रहण गरिएको जग्गाका सम्बन्धित जग्गाधनीहरूले आफ्नो हक भोगको प्रमाण पेस दाखिला गरी आआफ्नो अधिग्रहणमा परेको जग्गाको मुआब्जा रकम बुझिसकेपछि सोमा चित्त बुझेन भनी दिएको निवेदनउपर कारबाही हुँदा नेपाल सरकार सहरी विकास मन्त्रालय (सचिव स्तर) को मिति २०७२।९।७ को जग्गा प्राप्ति ऐन, २०३४ को प्रक्रिया पूरा गरी पुनरावेदन गर्नुपर्ने, हाललाई मुआब्जा बुझिसकेकोले थप मुआब्जा र राहत दिन मिल्ने नदेखिएको भनी भएको निर्णय कानून प्रतिकूल देखिन नआउने।

तसर्थ निवेदकहरूको निवेदन मागबमोजिमको उत्प्रेषणयुक्त परमेदशको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः विदुरकुमार उपाध्याय

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल वैशाख १४ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CI-११००, अंश चलन, *सीताराम आचार्य वि. राधेश्याम आचार्य*

मिति २०५१।१२।२० को घरसारको लिखत मुलुकी ऐन, रजिस्ट्रेसनको १ नं. को देहाय १ बमोजिम रजिस्ट्रेसन हुनुपर्नेमा नभएकोले त्यस लिखतले कानूनी मान्यता प्राप्त गर्ने अवस्था देखिन आएन। अत: वादी र प्रतिवादीबिच अंशबन्डा भएको भन्ने कुरा पुष्टि हुने गरी प्रतिवादीहरूबाट अन्य कुनै कागज प्रमाणसमेत पेस हुन नआएबाट वादीले प्रतिवादीबाट अंश पाउने नै देखिन आउने।

वादी प्रतिवादी चारैजनाको नाममा संयुक्त दर्ता रहको साबिक कि.नं. ६५ बाट आआफ्नो भाग हकहिस्सा बराबरका दरले कित्ताकाट गरी प्राप्त गरिसकेको देखियो । पुनरावेदक गोपीकृष्ण आचार्यसमेतले साबिक कि.नं. ६५ बाट प्राप्त गरेको जग्गा अन्यत्र बिक्रीसमेत गरिसकेको पाइयो । अत: चारैजनाको नाममा संयुक्त दर्ता रहेको कि.नं. ६५ को जग्गाबाट पुनरावेदकहरूले आफ्नो हकहिस्सा छुट्याई बिक्रीसमेत गरिसकेको हुँदा अब सोही साबिक कि.नं. ६५ बाट कित्ताकाट भई आएको विपक्षी वादी राधेश्याम आचार्यको नाममा दर्ता रहेको कि.नं. १३७ बाट पुन:

पुनरावेदकले अंश पाउने देखिन नआउने।

कि.नं. १ को जग्गा विपक्षी वादी राधेश्याम आचार्यले यी पुनरावेदक प्रतिवादीहरूसमेतको सहमति मन्जुरीमा बाबु माणिकबहादुर आचार्यबाट बकसपत्रबाट प्राप्त गरेकोमा सो कि.नं. १ को जग्गासमेत बन्डा लाग्ने देखिन नआउने।

मिति २०६४।१०।१३ मा ठुली कान्छी आचार्य र सानु कान्छी आचार्यको तर्फबाट मालपोत कार्यालय, कलंकीमा निवेदन परेको देखिन्छ । उक्त निवेदनको बेहोरालाई रामशरण आचार्य र राधेश्याम आचार्यसमेतले सनाखत गरिदिएको पनि देखिन्छ। उक्त निवेदनको बेहोरामा उल्लिखित कित्ता जग्गाहरू पति / पिता माणिकबहादुर आचार्यको नाममा दर्ता रहेकोमा निज मिति २०६१।११।२७ मा परलोक हुनुभएकोले निजको शेषपछि हक खाने हकदारमा हामी दुई श्रीमती छोराहरूसमेत ६ (छ) जना भएकोमा उल्लिखित कित्ता जग्गा सीताराम आचार्य र गोपिकृष्ण आचार्यको नाममा नामसारी गरिदिएमा हामी अन्य हकदारहरूको पूर्ण मन्जुरी छ, पछि मन्जुरी दिँदैमा हामीहरूको हक जाने होइन भनी कहिँकतै अड्डा अदालतमा उजुर बाजुर गर्ने छैनौ भन्ने बेहोरा उल्लेख भएको देखिन्छ। दुवै आमाले नामसारीको प्रयोजनको लागि मालपोत कार्यालयमा मन्जुरीनामासम्म दिएको र रामशरण आचार्य र राधेश्याम आचार्यसमेतले सनाखत गरेको देखियो । बाबुको नामको जग्गा कुनै एक अंशियारको नाममा नामसारी गर्ने प्रयोजनको लागि सहमति मन्जुरी दिँदैमा सो सम्पत्तिमा अन्य अंशियारहरूले अंशहकसमेत परित्याग गरेको मान्न मिल्दैन । नामसारी गर्ने प्रयोजनसम्मको लागि सहमति मन्जुरी दिएको मान्नु पर्ने हुन्छ । जबसम्म पैतृक सम्पत्तिमा अंशियारहरूका बिचमा रीतपूर्वक अंशबन्डा भएको हुँदैन एक अंशियारको नाममा दर्ता गर्ने प्रयोजनले दिएको सहमतिबाट सो सम्पत्तिमा अरू अंशियारहरूको अंशहक लोप हुन नसक्ने।

अत: काठमाडौं जिल्ला अदालतबाट भएको फैसला काठमाडौं जिल्ला छैमले गा.वि.स. वडा नं. ७क कि.नं. १, ऐ. ऐ. वडा नं. ७ख कि.नं. १३७ को हदसम्म केही उल्टी गरी उक्त कि.नं. १ र कि.नं. १३७ का कित्ता जग्गाहरू बन्डा नलाग्ने र काठमाडौं जिल्ला कीर्तिपुर भीमसेनस्थान गा.वि.स. वडा नं. ७(ङ) कि.नं. ५३ र ऐ.ऐ. कि.नं. ५४ को जग्गासमेत बन्डा लाग्ने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७१।०३।१९ मा भएको फैसला माथि उल्लेख गरिएका तथ्य, आधार, कानूनी व्यवस्था, प्रमाण र न्यायिक सिद्धान्तसमेतबाट मिलेकै देखिँदा सो फैसला सदर हुने।

इजलास अधिकृतः कृति थापा

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल असार १२ गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६९-CR-०५६२, ज्यान मार्ने उद्योग, *दिवाकर गौतम वि. नेपाल सरकार*

मिति २०६६।२।१६ मा लोकबहादुर नेपालीमाथि ज्यान मार्ने उद्योग भएको भनी प्रतिवादी दिवाकर गौतमसमेत उपर परेको जाहेरी दरखास्त, एउटा औंला छिनेको, अर्को औंला काटिएको र घाँटीमा चोट लागेको भन्ने पीडित लोकबहादुर नेपालीको घाउ जाँच केस फाराम, जाहेरवाला विजय नेपाली, पीडित लोकबहादुर नेपाली र पीडितकी पत्नी शान्ता नेपालीको अदालतसमक्षको बकपत्रलगायतका प्रमाण कागजातहरूबाट पीडितका छोरासँगको रिसइवी लिई यी प्रतिवादीसहितका १०।१२ जनाको समूह आई घरमा रहेका बाबु लोकबहादुर नेपालीलाई ज्यान मार्ने उद्देश्यले धारिलो हतियारले प्रहार गर्दा निजले हातले छेक्न खोजेको कारण पीडितको ज्यानसम्म बच्न गएको भन्ने तथ्य पुष्टि हुन आएबाट उक्त ज्यान मार्ने उद्योगको वारदातमा यी पुनरावेदक प्रतिवादीको समेत संलग्नता रहेको देखिन आउने।

वारदात दिन आफू मामाघरमा रहेको, प्रहरीले डर देखाई बयान कागजमा सहिछाप गराएको तथा जाहेरवालाको पितालाई आफूले नै प्रहार गरेको

भनी खुल्न नसकेको भन्नेसमेतको पुनरावेदन जिकिर छ । तर उक्त जिकिरबमोजिम प्रतिवादीले उक्त तथ्य पुष्टि हुने गरी कुनै भरपर्दो प्रमाण पेस गर्न सकेका छैनन् । अन्य मिसिल संलग्न प्रमाण कागजातहरूले यी प्रतिवादीउपरको अभियोग दाबीको कसुर प्रमाणित भइरहेको अवस्थामा केवल अदालतसमक्षको इन्कारी बयान मात्र सफाइ पाउने आधार बन्न सक्दैन । प्रतिवादी मानबहादुरको मौकाको साबिती बयानलाई जाहेरवाला तथा पीडितको बकपत्र तथा अन्य प्रतिवादीहरूको मौकाको बयानसमेतबाट पुष्टि भएको तथा वारदात मिति समयमा आफू सम्धीको घरमा थिएँ भनी लिएको Alibi को जिकिर पुष्टि गर्ने ठोस प्रमाण पेस गर्न नसकेको अवस्थामा प्रतिवादी निर्दोष रहेको भन्ने जिकिरसँग सहमत हुन सकिएन । तसर्थ यी प्रतिवादीसमेतको संलग्नतामा सामूहिक रूपले ज्यान मार्ने उद्योगको वारदात घटाएको प्रमाणित हुन आएकोले अभियोग दाबीको कसुरबाट सफाइ पाउनुपर्ने भन्ने निज प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः माथि विवेचित आधार र कारणहरूको आधारमा ज्यान मार्ने उद्योगको कसुरमा यी प्रतिवादी दिवाकर गौतमको पनि संलग्नता रहेको देखिँदा सुरू चितवन जिल्ला अदालतले प्रतिवादी दिवाकर गौतमलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको मिति २०६८।२।११ को फैसला उल्टी गरी निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. को कसुरमा सोहीबमोजिम ५ वर्ष कैद हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाले गरेको मिति २०६९।३।२६ को फैसला मिलेकै हुँदा सदर हुने ।

इजलास अधिकृतः कल्याण खड्का

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल असार २० गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७०-WO-०६५२, उत्प्रेषण, *मीनबहादुर गुरूङ वि. पुनरावेदन अदालत पाटनसमेत*

मिति २०५५।०५।१६ को सर्जमिन मुचुल्का हेर्दा, "मालपोत कार्यालयको मिति २०५५।०५।१५ को पत्र र नापी शाखा डिल्लीबजारको तोक आदेश मिति २०५५।०५।१५ आदेशानुसार काठमाडौं महानगरपालिका वडा नं. २ को सि.नं. १०२-१०२५-२३ को कि.नं. ५६१ र ५६२ को कित्ता क्रमश: कि.नं. ५६१ को नारायणबहादुर र कृष्णबहादुरको कि.नं. ५६२ को कृष्णबहादुरको नाउँमा ज.ध. कायम भइरहेको कित्ता निज कृष्णबहादुर र नारायणबहादुरले उक्त कि.नं. ५६१ र ५६२ को कित्ता बाटो कायम गरिपाउँ भनी दिएको निवेदनअनुसार नापी शाखाबाट खटिएका कर्मचारी आई उक्त माथि लेखिएको कित्ता जग्गा कि.नं. ५६१ र ५६२ को कित्ता सार्वजनिक बाटो हो होइन भनी सोधी" मुचुल्का तयार भएको देखिन्छ । उक्त मुचुल्कामा "काठमाडौं महानगरपालिका वडा नं. २ को कि.नं. ५६१ र ५६२ को कित्ता सार्वजनिक बाटो हो" भनी सही गर्नेमा यी रिट निवेदक मिनबहादुर गुरूङसमेत भएको देखिने ।

वादी लिलाकुमारी गुरूङ र प्रतिवादी यिनै निवेदकको एकाघर सगोलकी श्रीमती भवानी गुरूङबिच सार्वजनिक बाटो मिची निर्माण गरेको सम्बन्धमा काठमाडौं महानगरपालिकाबाट मिति २०६२।०९।२५ मा फैसला भएको देखिन्छ । यी रिट निवेदकले कि.नं.६६१ र कि.नं. ११८८ को घरजग्गा मिति २०६९।५।२५ मा हरिप्रसाद गुरूङबाट खरिद गरी लिएको देखिन्छ । यसरी निवेदकले सो घरजग्गा मिति २०६९।०५।२५ मा खरिद गरेको देखिएको र सो मितिभन्दा अघि अथवा २०६२ सालमा नै सार्वजनिक बाटो मिचेको ठहऱ्याई कि.नं. ५६२ को सार्वजनिक जग्गामा निर्माण गरेको भाग भत्काई दिने ठहऱ्याई फैसला भएको देखिन्छ । विपक्षीमध्येकी भवानी गुरूङको नाममा काठमाडौं महानगरपालिकाबाट पटकपटक मिति २०६२।९।२५ को फैसला कार्यान्वयनको लागि पत्राचार भएको देखिन्छ । यी रिट निवेदक र विपक्षीमध्येकी भवानी गुरूङ पति पत्नी नाताका रहेकोमा यी रिट निवेदकले भवानी गुरूङ

आफूसँग एकाघरमा नरहेको भन्ने पुष्टि गर्ने कुनै प्रमाण पेस नगरेको र यस अदालतबाट प्रस्तुत रिट निवेदनमा भवानी गुरूङको नाममा तामेल भएको सूचनाको म्याद एकाघर बस्ने यी रिट निवेदकले बुझी लिएँ भनी सहीसमेत गरेकोमा यी रिट निवेदकले विपक्षीमध्येकी भवानी गुरूङ एकाघरकी होइनन् भनी लिएको जिकिर ग्राह्य देखिन आएन । अत: एकासगोलका यी निवेदककी श्रीमती प्रतिवादी भई चलेको मुद्दा मिति २०६२।०९।२५ मा काठमाडौं महानगरपालिकाबाट फैसला भएकोमा सो फैसला बदर गर्न यी रिट निवेदकले २०६९ सालमा खरिद गरेको प्रमाणले दाबी गर्ने हकदैया नभएको र २०६२ सालमा एकासगोलकी श्रीमती प्रतिवादी भई चलेको मुद्दा बदर गर्न २०६९ सालमा आएकोमा हदम्यादसमेतको अभाव रहेको देखिने।

अत: काठमाडौं महानगरपालिकाबाट मिति २०६९।९।१९ मा फिराद दरपिठ गर्ने गरी भएको आदेश र सो दरपिठ आदेशलाई परिवर्तन गरिरहन परेन भनी पुनरावेदन अदालत पाटनबाट मिति २०७०।०६।१६ मा भएको आदेशमा कानूनी त्रुटि रहेको देखिन आएन। प्रस्तुत रिट खारेज हुने।

इजलास अधिकृतः कृति थापा

कम्प्युटर: चन्द्रशेर राई

इति संवत् २०७५ साल असार १३ गते रोज ४ शुभम्।

८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-WO-०१००, उत्प्रेषण / परमादेश, *मानुदास श्रेष्ठ वि. राममाया श्रेष्ठसमेत*

निवेदक मानुदास श्रेष्ठ वादी र प्रतिवादी रविनदास श्रेष्ठसमेत भई काठमाडौं जिल्ला अदालतमा चलेको ०७०-CP-११५५ अंशचलन मुद्दामा पक्षहरूबिच २०७०।१०।१४ मा मिलापत्रको कागज भएको देखिन्छ। उक्त मिलापत्रबाट यी रिट निवेदकको नाउँमा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ११ को कि.नं. ११८ को घर जग्गा आएको देखिन्छ । सो जग्गामा होटल सञ्चालन भइरहेको भन्ने खुल्न आएको छ । मिति २०७०।०५।०७ मा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ११ कि.नं. १३२ को घरजग्गाबाट रविनदास श्रेष्ठले बाटो दिने भनी मानुदास श्रेष्ठसँग घरसारको लिखत गरिदिएको तथ्य रहेको देखिन्छ भने रविनदास श्रेष्ठ र विपक्षीमध्येकी राममाया श्रेष्ठसमेतका बिचमा मिति २०७१।०१।२१ मा सर्त कबुलियतनामा पालन गर्ने गरी करार सम्झौता भएको प्रमाणसमेत मिसिल संलग्न देखिन्छ। उक्त सम्झौताको पहिलो सर्तबमोजिम रविन दास श्रेष्ठ र यी रिट निवेदक मानुदास श्रेष्ठको संयुक्त नाममा दर्ता भएको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ११ स्थित कि.नं. २२ र कि.नं. २३ को जग्गा राममाया श्रेष्ठसमेतले खरिद गर्न मन्जुर गरेको र उक्त करारनामाको दोस्रो सर्तमा रविन दास श्रेष्ठको नाममा रहेको कि.नं. १३२ को जग्गाबाट दक्षिण मोहडा हुने गरी १४ फिट बाटो दिन रविन दास श्रेष्ठ मन्जुर भई करारनामा भएको देखिन्छ। तत्पश्चात् मिति २०७१।०१।२८ मा राममाया श्रेष्ठसमेतले मिली कि.नं. २२ र २३ को जग्गा राजीनामा पारित गरी लिएको देखिन्छ भने रविनदास श्रेष्ठले राममाया श्रेष्ठ (गुरूङ) लाई मिति २०७२।०५।०८ मा कि.नं. १३२ को घरजग्गा र.नं. १०४ग बाट राजीनामा पारित गरिदिएको देखिने।

मिति २०७२।५।८ को सो राजीनामा लिखत हुनुभन्दा अगाडि नै मिति २०७२।०१।०६ मा ०७१-CP-३३४० नं. को कि.नं. १३२ को घर भत्काई बाटो कायम गरिपाउँ भन्ने मुद्दा काठमाडौं जिल्ला अदालतमा परी विचाराधीन अवस्थामा रहेको देखिन आयो । काठमाडौं जिल्ला अदालतमा विचाराधीन रहेको उक्त मुद्दामा विवादमा रहेको कि.नं. १३२ राजीनामा पारित भई हक हस्तान्तरण भएकोमा ०७१-CP-CP-३३४० को मुद्दामा वादी रहेका यी रिट निवेदकले ०७२-CP-०९४६ को दूषित लिखत बदर मुद्दा दायर गरेकोमा सो मुद्दाको रोहबाट कि.नं. १३२ रोक्का हुने आदेश भएको देखियो। पुनरावेदन अदालत पाटनबाट भएको आदेशमा घरसारको लिखतको आधारमा परेको मुद्दाका

आधारमा जग्गा रोक्का राख्न मिलेन भनी उल्लेख भएको देखिन्छ। यस स्थितिमा सुरू काठमाडौं जिल्ला अदालतमा दायर भई विचाराधीन अवस्थामा रही रहेका मुद्दाबाट निरूपण हुनुपर्ने विषयवस्तुलाई असर पुऱ्याउने गरी पुनरावेदन अदालत पाटनबाट मुलुकी ऐन, अ.बं. १७ नं. को रोहबाट आदेश भएको देखिन आउने।

अत: निकास बाटोको विषय भएको हुँदा निवेदकलाई तत्काल पुग्नसक्ने क्षतिसमेतलाई विचार गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७३।१।२४ मा भएको आदेश बदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७३।४।७ मा भएको आदेश त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृतः कृति थापा

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल असार १३ गते रोज ४ शुभम्।

९

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७०-CR-०७८५, वैदेशिक रोजगार ठगी, *भिमबहादुर थिङ वि. नेपाल सरकार*

विदेश पठाउन भनी रकम लिएको भन्ने जाहेरी बेहोरा झुठ्ठा हो भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर रहेको छ । अभियोग मागदाबीअनुसारको कार्य नगरेकोले मैले सजाय पाउनुपर्ने होइन भनी निज प्रतिवादी आरोपित कसुरमा इन्कार रहे तापनि अनुसन्धान अधिकृतसमक्ष बयान गर्ने क्रममा जाहेरवालाहरूसँग रकम लिएको कुरा स्वीकार गरेकोमा सो बयान डर धाक देखाई वा कुटपिट गरी इच्छाविपरीत बयान गराइएको हो भनी जिकिर लिएको देखिँदैन । यी पुनरावेदकले जाहेरीसाथ पेस भएका मिति २०६७।१।२३ र मिति २०६७।२।१५ का लिखतमा लागेको सहिछाप आफ्नै भएको कुरालाई स्वीकार गरेको भए तापनि यी कागजहरू करकापमा पारी जबरजस्ती तयार गराएका हुन् भनी जिकिर लिएका छन् । तर लिखतहरू बदर गराई यिनीहरूको कानूनी प्रभाव शून्य गराउनेतर्फ पुनरावेदकले कुनै कारबाही चलाएको भने नदेखिने।

प्रमाण ऐन, २०३१ को दफा २७ ले "सजायमा कमी वा छुट हुने वा सजायबाट रिहाई पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार निजको हुनेछ" भनी कानूनी व्यवस्था गरेको छ । साथै प्रमाण कानूनले लिखत प्रमाणलाई सर्वोत्तम प्रमाणको रूपमा ग्रहण गरेको छ । लिखतमा उल्लेख भएका कुराहरू अन्यथा प्रमाणित नभएसम्म उक्त लिखतमा उल्लेख भएका कुराहरूलाई अदालतले भरपर्दो र वस्तुपरक प्रमाणको रूपमा मान्नुपर्दछ। यसरी वैदेशिक रोजगारमा पठाइदिने भनी कागज गर्ने यी पुनरावेदक प्रतिवादीले गरिदिएको लिखत नै प्रस्तुत मुद्दामा वादी पक्षले पेस गरी अभियोग दाबीलाई पुष्टि गरेको र सो लिखतलाई स्वीकार गरी प्रतिवादीले अन्यथा प्रमाणित गर्न नसकेको अवस्थामा यी पुनरावेदक प्रतिवादीले विदेश सिंगापुर पठाइदिन भनी जाहेरवालाहरूबाट रकम बुझिलिएको कुरा लिखत प्रमाणबाट प्रमाणित हुन आयो । जाहेरवाला कपिल कपालीले न्यायाधिकरणसमक्ष आई अभियोग दाबी पुष्टि हुने गरी बकपत्रसमेत गरेका छन् । यस्तो अवस्थामा प्रतिवादी भिमबहादुर थिङउपरको अभियोग दाबी पुष्टि हुन आएकोले कसुरबाट उन्मुक्ति पाउनुपर्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी भिमबहादुर थिङले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी भिमबहादुर थिङलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ अनुसार १ वर्ष ६ महिना कैद र रू.१,५०,०००।– जरिवाना गरी बिगो र हर्जानासमेत गरी रू.१०,६५,०००।- जाहेरवालाहरूले निज प्रतिवादीबाट भरी पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६९।३।३ मा भएको

फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कल्याण खड्का
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७५ साल असार २० गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CI-११५९, अंश दर्ता, *पल्टीदेवी चौधरी वि. सत्यनारायण चौधरीसमेत*

मूल पुर्खा बौकाइको तीन छोराहरू रणपालको हाँगाको कुजीलाल र वतहनलाल, धनपैतको हाँगाको प्रेमलाल र तेतरको हाँगाको वृजलालसमेतका अंशियारले आआफ्नो नाउँमा छुट्टाछुट्टै जग्गाको विवरण २००४ सालको जमाबन्दीमा बुझाएको देखिन्छ । यसैगरी २०२२ मा ७ नं. अनुसूची फाँटवारी यी वादी प्रतिवादीहरूले भरेको पाइन्छ । सो फाँटवारीमा तेतरको पत्नी दुखनीवती, प्रेमलाल, वतहनलाल, कुजीलाल, पञ्चानदेवी, इन्द्रप्रसाद चौधरीसमेतले आआफ्नो नाउँको छुट्टाछुट्टै फारम भरेको पाइन्छ । यस ७ नं. अनुसूचीमा भरिएको फारममा जग्गाको दर्ता स्रेस्तासमेत हाँगामा अलगअलग रहेको देखिन आउने ।

तेतरको पत्नी दुखनीदेवीले वतहनलाललाई मिति २०३४।०४।२८ मा राजीनामामार्फत जग्गाको हक हस्तान्तरण गरेको पाइन्छ । मिति २०३४।१।२२ मा वृजलाल चौधरीले वतहनलाल चौधरीलाई राजीनामामार्फत जग्गाको हक हस्तान्तरण गरेको देखिन्छ । प्रेमलालको छोरा बाबुनन्द चौधरीले मो.वेचनलाई मिति २०५०।०२।३१ मा जग्गा राजीनामा गरी बिक्री गरेको देखिन्छ । प्रेमलालको छोरा रमानन्द चौधरीले जिवछीदेवी चौधरीलाई मिति २०५४।११।१२ मा हालैको बकसपत्र गरी हक हस्तान्तरण गरेको देखिन्छ । लगायतका अन्य जग्गाहरूको हकहस्तान्तरण मूल पुरूष बौकाइका छोराहरूको हाँगामा स्वतन्त्र रूपमा बिक्री वा हक हस्तान्तरण भएको देखिन्छ । जग्गाको हक हस्तान्तरणमा कुनै सर्त तथा प्रश्न रहेको पाइँदैन । अलगअलग हाँगाका अंशियारले स्वतन्त्ररूपमा आआफ्नो हकको जग्गाको बिक्री तथा भोग गरेबाट निजहरू सगोलमा रहेको भन्ने देखिन नआउने ।

मुलुकी ऐन, अंशबन्डाको महलको ३ नं. मा भएको कानूनी व्यवस्थाबमोजिम अंशबन्डा भएको देखिन मूलतः दुई अवस्था हुनुपर्ने देखिन्छ । प्रथम मिति ०३४।०९।२७ पछि अंशबन्डाको लिखत बाध्यात्मक रूपमा रजिस्ट्रेसन हुनुपर्ने र दोस्रो यस कानूनी व्यवस्था लागू हुनुपूर्वका अंशबन्डा भएको कुरा व्यवहार प्रमाणले देखिनु पर्ने भन्ने देखिन्छ । प्रस्तुत मुद्दामा २००४ सालको जमावन्दीमा वादी प्रतिवादीका आआफ्नो हाँगाबाट छुट्टाछुट्टै विवरण पेस गरेको, २०२२ सालमा ७ नं. अनुसूची फारम भर्दासमेत वादी प्रतिवादीका आआफ्नो हाँगामा अलगअलग दर्ता स्रेस्ताको जग्गा उल्लेख गरेको, निजहरूको नाउँमा अलगअलग दर्ता रहेको, साथै यी जग्गाहरूको एक आपसमा समेत स्वतन्त्र बिक्री तथा हक हस्तान्तरण गरेको देखिने ।

वादी प्रतिवादीको मूल पुर्खा बौकाइको तीन छोराहरू रणपाल, धनपैत र तेतरका आआफ्नो हाँगामा २००४ साल, २०२२ सालमा अलगअलग विवरण भरी छुट्टाछुट्टै दर्ता स्रेस्ता रहेको, सोहीअनुरूप भोगचलन गरिआएको र आआफ्नो भागको जग्गामध्ये केही जग्गाहरू बिक्री तथा हक हस्तान्तरणसमेत भएको देखिँदा बौकाइको तीन छोराहरूबिच व्यवहार प्रमाणले अंशबन्डा भइसकेको देखिन आउने ।

वादी दाबीबमोजिम नै प्रतिवादी नन्दिलाल चौधरीले आफूहरू बिच अंश बन्डा नभएको भनी प्रतिउत्तर जिकिर लिएको देखिँदा मूल पुर्खा बौकाइको माइला छोरा धनपैत, धनपैतका छोरा मोहितलाल र मोहितलालको छोराहरू प्रेमलाल र वंशिलालबिच रीतपूर्वकको अंशबन्डा भएको मान्न मिलेन । यस अवस्थामा धनपैतको हाँगामा अंशबन्डा गरिदिन पर्ने नै देखिन आयो । निज धनपैतको हाँगामा अंशबन्डाको हकमा सुरू सप्तरी जिल्ला अदालतबाट भएको फैसला मनासिब नै देखिन आउने ।

कि.नं.६७ को जग्गा संयुक्त नाउँमा दर्ता रहे पनि सो जग्गामा बनेको घर प्रतिवादी सत्यनारायणको बसोबास रहेको भन्ने देखिन्छ । अरू सम्पत्ति व्यवहार

प्रमाणबाट बन्डा भइसकेको भन्ने देखिन्छ । सो घर पुनरावेदकले बनाएको भन्ने पुष्टि छैन । यस अवस्थामा जग्गा संयुक्त नाउँ दर्तामा रहेको आधारले मात्र घरसमेत बन्डा लाग्ने नदेखिने ।

अतः वादीले आफ्नो लोग्ने प्रेमलालको नाउँमा रहेका सम्पत्तिलाई २ भाग लगाई उक्त २ भागको १ भागलाई पुनः ३ भाग लगाई उक्त ३ भागको १ भाग अंश पाउने हदसम्मको सुरू फैसला सदर गरी दाबीको कि.नं.६७ को हकमा ५ कोठाको पक्की घरबाहेकका जग्गामा वादीको पतिको नाउँमा संयुक्त दर्ता रहेको नाताले वादीको पति प्रेमलालले प्राप्त गर्ने हकबाट वादीले सो जग्गामा अंश पाउने नै भई सो घर बन्डा नलाग्ने गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०७०।३।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कालीबहादुर साम्यू लिम्बू
कम्प्युटर: चन्द्रशेर राना
इति संवत् २०७५ साल जेठ २० गते रोज १ शुभम् ।

११

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** ०७२-CI-०६१९, अंश चलन, *राधिकादेवी मानन्धर वि. मोहनदेव मानन्धरसमेत*

कि.नं.१३३ को हकमा विवेचना गर्दा, पर्सा जिल्ला वीरगन्ज नगरपालिका वडा नं.११ को कि.नं.१३३ को ००३४४.४ वर्ग मिटरको पक्की घरजग्गा प्रतिवादी मोहनदेव मानन्धरको नाउँमा दर्ता रहेको तथ्य जग्गाधनी दर्ता स्रेस्ता प्रमाणको प्रतिलिपिबाट देखिन्छ । सो जग्गा प्रतिवादी मोहनदेव मानन्धरले मिति २०३५।१२।५ मा पूर्णनिधि उपाध्यायबाट राजीनामामार्फत कि.नं.३३ र १९५ को जग्गा रू.८०,०००।- मा खरिद गरेकोमा सोही जग्गा हाल कि.नं.१३३ को जग्गा कायम भएको पाइन्छ । निज प्रतिवादी मोहनदेव मानन्धरको नाउँमा मिति २०३३।५।२५ मा नै ए.०११५६७ नं. को राहदानी बनेको र सोही समयदेखि निज बेलायत गई बेलायतमा नै रोजगारी गरिआएको तथ्यमा वादी प्रतिवादीबिच कुरा मिलेकै देखिन्छ । प्रतिवादी मोहनदेव मानन्धर बेलायतमा सवारी चालक रहेको तथ्य निजले पेस गरेको मिसिल संलग्न कागज प्रमाणबाट समेत खुल्न आएको पाइने ।

कि.नं.५२७ र ३३८ को हकमा विवेचना गर्दा, काठमाडौं जिल्ला लामाकु गा.वि.स. ४ख को कि.नं.५२७ को ०-७-०-२ जग्गा प्रतिवादी मोहनदेव मानन्धरको नाउँमा दर्ता रहेको देखिन्छ । सो जग्गा र.नं.४९६९, मिति २०५०।११।२३ मा जमुनादेवी मानन्धरबाट हालैको बकसपत्र गरी हक प्राप्त गरेको देखिन्छ । यसैगरी काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० मा रहेको कि.नं.३३८ को ०-५-० जग्गा प्रतिवादी मोहनदेव मानन्धरको पत्नी प्रतिभा मानन्धरको नाउँमा दर्ता रहेको देखिन्छ । सो जग्गा निज प्रतिभा मानन्धरले र.नं.४७१९, मिति २०४९।४।१६ मा संजिबभक्त श्रेष्ठबाट हालैदेखिको बकसपत्र गरी हक प्राप्त गरेको देखिन्छ । यी दुवै जग्गाहरू प्रतिवादी मोहनदेव मानन्धर र निजकी पत्नी प्रतिभा मानन्धरले हालैको बकसपत्रमार्फत हक प्राप्त गरेको देखिने ।

वस्तुतः उपर्युक्त कानूनी प्रावधान तथा यस अदालतबाट प्रतिपादित न्यायिक सिद्धान्तसमेतबाट वादीको पुनरावेदन जिकिरको कि.नं.१३३, ५२७ र ३३८ को जग्गाहरू निजी रहेको देखिन आयो । सो जग्गाहरू निजी सम्पत्ति रहेको देखिन आएकोले बन्डा नलाग्ने र सोबाहेकको तायदातीमा उल्लेख भएको जग्गाहरू सगोलको भई सो जग्गाहरूबाट वादीले अंश पाउने ठहर गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला मनासिब नै देखिने ।

अतः कि.नं.१३३, ५२७ र ३३८ को जग्गा निजी भई बन्डा नलाग्ने र सोबाहेकका तायदातीमा उल्लेख भएका सम्पत्तिबाट वादीले ४ भागको १ भाग अंश पाउने ठहर गरी सुरू पर्सा जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन

अदालत हेटौंडाको मिति २०७२।२।६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कालीबहादुर साम्यू लिम्बू

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल जेठ २० गते रोज १ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-WO-०६२९, उत्प्रेषण, *गंगादत्त जोशी वि. पुनरावेदन अदालत महेन्द्रनगरसमेत*

विपक्षीमध्येकी शान्तिदेवी खत्रीले रिट निवेदक गंगादत्त जोशीसमेतलाई प्रतिवादी बनाई कञ्चनपुर जिल्ला अदालतमा दायर गरेको मुद्दामा गंगादत्त जोशीले विवादित जग्गा खिचोला गरेको ठहऱ्याई मिति २०३३।८।२१ मा फैसला भएको देखियो। तत्कालीन सुदुर पश्चिमाञ्चल क्षेत्रीय अदालतबाट २०३५।३।१५ मा सोही फैसला सदर भई अन्तिम भई बसेको देखिन्छ । सो फैसला कार्यान्वयनको सन्दर्भमा खिचोला मुद्दामा वादी शान्तिदेवी खत्रीले कञ्चनपुर जिल्ला अदालतमा चलन चलाई पाउन निवेदन गरेको र अदालतबाट फैसलाबमोजिमको जग्गा चलन चलाई दिएकोसमेत देखिने।

अदालतको फैसलाबमोजिम खिचोला ठहरी चलन चलाएको जग्गामा प्रतिवादी गंगादत्त जोशीले चलन नछाडेको कारण देखाई परेको निवेदनमा कि.नं. ८६ को जग्गामा पुनः चलन चलाउने भनी कञ्चनपुर जिल्ला अदालतबाट मिति २०६९।३।२५ मा आदेश भएकोमा चलन हटक गरेतर्फ पछिल्लो पटक मिति २०७१।४।२३ मा गंगादत्त जोशीलाई रू.५००।– जरिवाना गरी पुनः चलन चलाई दिनु भनी आदेश भएको पाइन्छ । कञ्चनपुर जिल्ला अदालतबाट २०७०।१२।१४ को आदेशले स्थलगत सर्जमिन मुचुल्का गरेको र सो सर्जमिन मुचुल्काबाट कि.नं. ८६ को दक्षिणतर्फको ज.वि. ०-१२-० हाल प्र. गंगादत्त जोशीको भोगमा रहेको भनी उल्लेख भएको देखिन्छ । शान्तिदेवी खत्रीको जग्गा नपुग भनिएको साबिक कि.नं. ८६ हाल कि.नं. २९६९ मा साबिकभन्दा पाँच धुर जग्गा बढी नै देखिएको छ । सो कि.नं. ८६ को जग्गाभन्दा दक्षिणतर्फ रिट निवेदकको कि.नं. ८५, १४१ को जग्गा भएको र सो जग्गा मात्रै जोतभोग गरेको हो, विपक्षीको जग्गा चलन हटक गरेको छैन भनी रिट निवेदकले दाबी गरेपनि जग्गा खिचोला मुद्दामा खिचोला ठहरी अन्तिम भई बसेको र सो फैसलाबमोजिम नै चलन चलाइएकोमा चलन नछाडेको भन्ने निवेदन परेपछि पुनः जग्गा नापजाँच गरी मुचुल्कासमेत गरी पुनः चलन चलाएको देखिँदा फैसलाबमोजिमको जग्गामा चलन हटक गरेको छैन भन्ने रिट निवेदकको दाबी युक्तिसङ्गत नदेखिने।

विवादित जग्गामा अदालतबाट भएको फैसला तथा आदेशअनुसार पटक-पटक चलन चलाउने र चलन हटक पनि गर्दै रहने गरेको देखिन्छ । अदालतबाट भएको अन्तिम भई बसेको फैसलाबाट निरूपण भइसकेको विषयमा पटक-पटक हटक पैदा गर्नु उचित होइन। चलन हटक गर्ने कार्य गर्ने पक्ष नै रिट निवेदन लिई यस अदालतमा प्रवेश गरेको देखिन्छ। समग्र मिसिल प्रमाणबाट निवेदक स्वच्छ र सफाहात लिई यस अदालतमा न्यायिक उपचारका लागि प्रवेश गरेको भन्ने देखिँदैन। प्रमाण बुझी तथ्य यकिन गरी जिल्ला अदालतबाट चलन हटक गरेबापत जरिवाना गरेउपर पुनरावेदन अदालतमा निवेदन परी सो प्रश्नको निरूपण भइसकेको देखिन्छ। यस अवस्थाको तथ्यको निरूपण गरी कानूनबमोजिम चलन हटकबापत सामान्य जरिवाना (रू.५००।-) गरिएको विषयलाई लिएर यस अदालतको असाधारण अधिकार क्षेत्रबाट परीक्षण गर्नु उचित देखिँदैन । तसर्थ चलन हटकतर्फ जरिवाना गर्ने गरी भएको कञ्चनपुर जिल्ला अदालतको मिति २०७१।४।२३ को आदेशलाई सदर गरेको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०७१।७।२० को आदेश कानूनअनुकूल भएकोले

उक्त आदेश उत्प्रेषणको आदेशले बदर गरिपाउँ भन्ने निवेदन माग मनासिब नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: ढाकाराम पौडेल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७५ साल माघ २ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CR-०३३७, जबरजस्ती करणी, *नेपाल सरकार वि. रामशरण चौधरीसमेत*

जाहेरवालीको जाहेरी, निजले गरेको बकपत्र र प्रतिवादीको बयानबाट जाहेरवाली र प्रतिवादी जीवन बुढाबिच करणी लिनुदिनु भएकोमा विवाद छैन। जाहेरवालीले नशाको सुरमा करणी भएकोले थाहा नपाएको र ससुराले देखी हल्ला गरेपछि मात्र पेटिकोट र योनिमा वीर्य लागेको कारण प्रतिवादीले जबरजस्ती करणी गरेको कुरा थाहा भएको हो भनी बकपत्र गरेको देखिन्छ । प्रतिवादीले सहमतिमा नै करणी गरेको हुँ भनी जिकिर लिएको छ । जाहेरवाली उमेर पुगेको महिला भएको र प्रतिवादीसँगै रक्सी खाएको भन्ने खुलेको छ । जाहेरवाली र प्रतिवादीबिच राति करणी भएको कुरा हल्ला भएपछि बिहान प्रतिवादी रामशरण चौधरीसमेत पुग्दा दुवैजनाले राजीखुसीले करणी गरेको भनी स्वीकार गरेका थिए भन्ने बेहोरा निजले बयानमा खुलाएको देखिन्छ । जाहेरवाली र प्रतिवादी जीवन बुढा करणीपश्चात् पनि बाहिरी लुगा खोलेकै अवस्थामा निर्धक्कका साथ सँगै सुतिराखेको अवस्थामा जाहेरवालीका ससुराले देखेपछि मात्र घटना बाहिर आएको देखिने।

प्रतिवादीहरू र जाहेरवालीसँगै बसी रक्सी खाई खानापछिको घर धन्दा सकेर सुतेकी जाहेरवाली करणी भएकोसमेत थाहा नै नपाउने गरी नशामा रहेको भन्ने तथ्य प्रमाणबाट पुष्टि भएको अवस्था छैन । बुहारीलाई बेहोस हुने गरी नशा लागेको भन्ने कुरा प्रत्यक्षदर्शी निजका ससुराले समेत भन्न सकेको देखिँदैन । जबरजस्ती करणीको कुरामा जाहेरवालीले प्रतिकार गरेको देखिँदैन । आफ्नो सतीत्त्व रक्षाको लागि कुनै कार्य नगरी ससुराले थाहा पाएपछि मात्र जाहेरी दिएको अवस्था छ । रक्सीको साधारण नशामा रहेको अवस्थामा करणी भएको कुरासमेत थाहा पाइन भन्ने जाहेरवालीको कथन विश्वसनीय नदेखिने।

ससुराले देखी हो हल्ला गरेपछि मात्र पीडित जाहेरवालीले जाहेरी दिएको वारदातको अवस्था र प्रकृति देखिन्छ । जबरजस्ती करणी भएको भन्ने पुष्टि हुने प्रमाण मिसिल संलग्न रहेको देखिन आएन । उमेर पुगेका महिला र पुरूषबिच सहमतिमा करणी हुन्छ भने त्यसलाई जबरजस्ती करणीको कसुर मान्न मिल्दैन। एक विवाहित महिला भएको कारणबाट सहमतिमै करणी भएको भए पनि ससुराले देखेको अवस्था र सामाजिक कलंकबाट बच्न जबरजस्ती (नशाको सुरमा) करणी भएको भनी भन्नु स्वाभाविक हुन जान्छ । यस अवस्थामा स्वतन्त्र प्रमाणबाट कसुर प्रमाणित नभएसम्म निजको सोही भनाइलाई मात्र आधार बनाई जबरजस्ती करणीको कसुर ठहर गर्नु न्यायोचित नहुने।

प्रतिवादीमध्येका रामशरण चौधरीको सम्बन्धमा हेर्दा निज वारदातको समयमा सो स्थानमा रहेको भन्ने देखिँदैन । खानपानपश्चात् निज अन्यत्र सुत्न गएपछि नै वारदात घटेको देखिन्छ । निजले कसुरमा अदालत र अधिकारप्राप्त अधिकारसमक्ष पूर्ण इन्कार रही बयान गरेको अवस्था छ । प्रस्तुत वारदात जबरजस्ती करणी नठहरी प्रतिवादी जीवन बुढाले सफाइ पाउने गरी फैसला भएको अवस्थामा प्रतिवादी जीवन बुढालाई जबरजस्ती करणीको लागि संयोग पारिदिएको भनी प्रतिवादी रामशरण चौधरीउपर लिएको वादी नेपाल सरकारको पुनरावेदन जिकिरसमेत मनासिब नदेखिने।

अत: विवेचित आधार, कारणबाट प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई भएको सुरू फैसलालाई सदर गरेको पुनरावेदन

अदालत नेपालगन्जको मिति २०६९।११।६ को फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृतः ढाकाराम पौडेल
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७५ साल पुस ३० गते रोज २ शुभम्।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६७-WO-११३३, उत्प्रेषण / परमादेश, *बाबुराम कार्की वि. मध्य क्षेत्र प्रहरी कार्यालय, हेटौंडासमेत*

प्रहरी हवल्दार पदमा कार्यरत बाबुराम कार्कीले मिति २०६२।८।२७ मा श्रीमती बिरामी भएको कारण देखाई १५ दिन घर बिदा मागेकोमा निजको मिति २०६२।९।१० देखि १० दिनको लागि घर बिदा स्वीकृत भएको देखिन्छ। सो बिदा स्वीकृत भएको जानकारी प्रहरी सञ्चारद्वारा निजलाई गराउन पत्राचार भएको देखियो। निज घर बिदा समाप्त भएपछि कार्यालयमा हाजिर हुन आएको देखिँदैन। निजका नाउँमा जारी भएको सूचना म्याद साबिक मुलुकी ऐन, अ.बं. ११० नं. को प्रक्रिया पूरा गरी निजको घर दैलोमा मिति २०६२।१०।१४ मा टाँस गरेको भन्ने जिल्ला प्रहरी कार्यालय पाल्पाको च.नं. १८१४ मिति २०६२।१०।१८ को पत्रसाथ संलग्न मुचुल्काबाट देखिएको छ। सुनुवाइको मौका दिँदासमेत सम्पर्कमा नआएको कारण निज प्रहरी हवल्दार बाबुराम कार्कीउपर प्रहरी नियमावली, २०४९ (संशोधनसहित) को परिच्छेद - ९ को नियम ८८ (झ) बमोजिमको कसुरमा ऐ नियम ८९ २(ग) बमोजिमको कार्यविधि पूरा गरी ऐ. नियम ९३ ३(ख) ले दिएको अधिकार प्रयोग गरी प्रहरी उपरीक्षकबाट सो नियमावलीको नियम ८४(६) बमोजिम भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी मिति २०६२।११।२३ को निर्णयले सोही मितिबाट नोकरीबाट हटाएको देखिने।

प्रहरी उपरीक्षकले नोकरीबाट हटाउने गरी गरेको उक्त मिति २०६२।११।२३ को निर्णयउपर रिट निवेदक मिति २०६५।१२।९ मा मध्यक्षेत्र प्रहरी कार्यालय हेटौंडामा पुनरावेदन गरेकोमा मिति २०६७।१२।८ मा प्रहरी नायब महानिरीक्षकबाट मिति २०६२।११।२३ को यस निर्णय नै सदर भएको देखियो। निवेदकले जन्डिस र हेपाटाइटिस रोगको कारण पटकपटक अञ्चल आयुर्वेद कार्यालय हेटौंडामा उपचार गराएपश्चात् ठीक भएको कारण मिति २०६५।१२।५ पश्चात् जिल्ला ट्राफिक प्रहरी कार्यालयमा हाजिर हुन जाँदा मात्र नोकरीबाट हटाउने गरी मिति २०६२।११।२३ मा निर्णय गरेको भन्ने थाहा पाएको भनी मिति २०६५।१२।९ मा जिकिर लिएको पाइने।

रिट निवेदकका नाउँको म्याद निजका घरदैलामा टाँस गरेको र सो म्याद अ.बं. ११० नं. बमोजिम रीत पुगेकै देखिन्छ। निजलाई मिति २०६२।११।२३ को निर्णयबाट नोकरीबाट हटाइएकोमा मिति २०६५।१२।९ मा सोउपर पुनरावेदन गरेको र त्यति लामो समयसम्म निज आफू प्रहरी कार्यालयमा सम्पर्कमा गएको वा बिरामी परेको भए सो प्रमाणसाथ निवेदन पठाएको भन्नेसमेत देखिन आउँदैन। एकैचोटी मिति २०६५।१२।५ पछि प्रहरी कार्यालयमा सम्पर्कमा पुगेको भन्ने निजको पुनरावेदन लेखबाट देखिन्छ। लामो समयसम्म सम्पर्कविहीन हुन परेको युक्तिसङ्गत कारण निवेदकले पेस गर्न सकेको नदेखिने।

अतः कार्यविधि पूरा गरी लागेको आरोप स्पष्ट उल्लेख गरी सफाइ पेस गर्ने मौकासमेत दिई प्रहरी नियमावली, २०४९ (संशोधनसहित) को नियम ८८ को देहाय (झ) बमोजिमको कसुरमा नियम ८४ को देहाय (छ) बमोजिम निवेदकलाई भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतया अयोग्य नठहरिने गरी नोकरीबाट हटाइएको देखिँदा सुनुवाइको उचित मौका नदिई प्राकृतिक न्यायको सिद्धान्तविपरीत निर्णय भएको भन्ने रिट निवेदकको जिकिर मनासिब देखिएन। निवेदकलाई प्रहरी उपरीक्षकबाट सेवाबाट

अवकाश दिने गरी मिति २०६२।११।२३ मा भएको निर्णय सदर गरेको प्रहरी नायब महानिरीक्षकको मिति २०६७।१२।०८ को निर्णय कानूनअनुकूल नै देखिँदा मागबमोजिमको आदेश जारी गरी रहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः अम्बिकाप्रसाद दाहाल

कम्प्युटर: विजय खड्का

इति संवत् २०७५ साल चैत १२ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-CR-००७०, अपहरण गर्ने उद्योग, *नेपाल सरकार वि. गुरूप्रसाद चौधरीसमेत*

जाहेरवाला जगराज चौधरीले अपरिचित व्यक्तिले फोनबाट रकम माग गरी मलाई धम्क्याउने गरेको भनी दिएको किटानी जाहेरी दिएको देखियो। निज प्रतिवादी गुरूप्रसाद चौधरी अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आरोपित कसुरमा साबित भएको देखिन्छ। प्रतिवादी गुरूप्रसादले जाहेरवालालाई धम्क्याउने, रकम नदिए ज्यान मार्नेसमेत धम्की दिएका हुन् भन्ने एकराज चौधरी र जितबहादुर चौधरीसमेतले गरिदिएको घटना विवरण कागजमा उल्लेख भएको पाइयो। प्रतिवादी नविन चौधरीले सिकाए अह्राएबमोजिम म जाहेरवालाको घरमा रकम लिन गएको हुँ भनी अनुसन्धान अधिकारी र अदालतमा समेत रकम लिन गएको कुरामा साबित रही प्रतिवादी गुरूप्रसादले बयान गरेको देखिने। प्रतिवादी गुरूप्रसाद चौधरी जाहेरवालाबाट रकम लिन नपाउँदै पक्राउ परेको पाइयो। तर जाहेरवालाबाट कुनै पनि रकम लिनुदिनु नभएको तथ्य मिसिलबाट खुलेको छ। निज प्रतिवादीले अपहरण गरी शरीर बन्धक लिई पीडितसँग फिरौतीको रूपमा रकम माग गरेको नभई मोबाइलबाट धम्की दिई रकम माग गरेकोसम्मको अवस्था देखिने।

कानूनमा व्यवस्था भएअनुसार नै सुरू अदालतको फैसला केही उल्टी गरी प्रतिवादी गुरूप्रसाद चौधरीलाई २¹/₂ वर्ष (२ वर्ष ६ महिना) कैद र रू.२५,०००।- जरिवाना हुने ठहर फैसला पुनरावेदन अदालत तुलसीपुरबाट भएको देखिने।

जाहेरवालाले मौकामा निजको नाम उल्लेख नगरी मोबाइल फोन नं. खुलाई मार्ने अपहरण गर्नेसमेतको धम्की दिएको भनी प्रहरी कार्यालयमा जानकारी गराएको देखियो। धम्क्याउन प्रयोग गरिएको मोबाइल सहप्रतिवादी गुरूप्रसादबाट बरामद भएको देखियो। उक्त मोबाइलसँग प्रतिवादी नविन चौधरीको कुनै सरोकार रहेको भनी मिसिल संलग्न कागजपत्रहरूबाट स्थापित हुन सकेको देखिँदैन। सहप्रतिवादी गुरूप्रसादले निजको नविन चौधरीसँग रकम लिनुदिनु कारोबारको कारण नविनकै निर्देशानुसार जाहेरवालालाई फोन गरेको भनी प्रहरीसमक्ष बयान गर्दा पोल गरेको भए तापनि अन्य कुनै स्वतन्त्र प्रमाणहरूबाट सो कुराको पुष्टि हुन सकेको नदेखिने।

जाहेरवालालाई धम्काएको भनिएको मोबाइल तथा सिम प्रतिवादीसँग सम्बन्धित नभएको, प्रतिवादी नविन चौधरीले आरोपित कसुरमा इन्कार रही बयान गरेको, जाहेरवालाले जाहेरीमा उल्लेख गरिएबमोजिमको कुनै पनि रकम प्रतिवादी नविन चौधरीसँग लिनु दिनु भएको कुरा कहिँकतैबाट पुष्टि हुन आएको नदेखिएकोसमेतका आधार कारणबाट प्रतिवादी नविन चौधरीको हकमा सफाइ दिने गरी भएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत तुलसीपुरको फैसला मनासिब देखिने।

अत: प्रतिवादीमध्येका गुरूप्रसाद चौधरीलाई मुलुकी ऐन, अपहरण तथा शरीर लिनेको महलको ३ नं., ६ नं. बमोजिम २¹/₂ वर्ष (दुई वर्ष ६ महिना) कैद र रू. २५,०००।- जरिवाना र प्रतिवादीमध्येका नविन चौधरीलाई अभियोग दाबीबाट सफाइ हुने ठहर गरेको पुनरावेदन अदालत तुलसीपुरको मिति २०७०।१२।५ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद बस्याल

शा.अ.: कविता दाहाल

इति संवत् २०७५ साल चैत २४ गते रोज १ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** ०७०-WO-०७६०, उत्प्रेषण / परमादेश, *नुमानन्द सुवेदी वि. विद्यालय शिक्षक किताबखाना, ताहाचलसमेत*

शिक्षा नियमावली, २०५९ मा राष्ट्रिय शिक्षा पद्धति योजना, २०२८ को उक्त नियम ११४ को नयाँ शिक्षा योजना लागू हुनुभन्दा अगाडि शिक्षकलाई पेन्सन दिने व्यवस्था नभएकोमा त्यसपछि यो व्यवस्था लागू भएकाले त्यसभन्दा अगाडि स्थायी नियुक्ति भई सेवा गरेका शिक्षकको हकमा सेवा अवधि जोडी पेन्सन दिने व्यवस्था गरेको देखिन्छ। तर अस्थायी शिक्षकको पनि सेवा अवधि जोडी दिनुपर्ने व्यवस्था नियमावलीले गरेको पाइँदैन । विद्यालय शिक्षक किताबखानाको तर्फबाट पेस भएको लिखित जवाफमा निवेदकको मिति २०२७।८।३ देखि २०३२ मार्ग मसान्तसम्मको सेवालाई गणना गरिएको तर मिति २०३२।९।१ देखि २०३७।०३।३१ सम्म निजले नियुक्ति पत्र लिएको नदेखिएको हुँदा सो अवधिको सेवालाई कानूनबमोजिम कट्टा गरी बाँकी सबै सेवा अवधिको गणना गरी निवृत्तिभरणको रकम हिसाब गरिएको हो भनी उल्लेख गरेको पाइन्छ। मिति २०३२।९।१ देखि २०३७।३।३१ सम्म निवेदकले नियुक्ति पत्र लिई सेवा गरेको भन्ने सम्बन्धमा कुनै वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेको पनि नदेखिँदा मिति २०३२।९।१ देखि २०३७।३।३१ सम्मको अवधिबिचमा निजको सेवा अवधि टुटेको मान्नु पर्ने देखिन आयो । यसरी रिट निवेदकको मिति २०२७।८।३ देखि २०३७।३।३१ सम्मको सबै अस्थायी सेवा अवधि जोडी निवृत्तिभरण रकमको हिसाब गरी दिलाई पाउँ भन्ने निवेदन जिकिर प्रमाणद्वारा पुष्टि हुन आएको नदेखिने।

अतः उल्लिखित आधार र कारणबाट निवेदकले मिति २०२७।८।३ देखि २०३७।३।३१ सम्मको अस्थायी शिक्षक भई सेवा गरेको अवधिसमेत जोडी निवृत्तिभरण रकम दिलाई पाउँ भन्ने जिकिर निजको सेवा अवधि २०३२।९।१ देखि २०३७।३।३१ सम्म बिचमा टुटेको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी हुन सक्ने अवस्था देखिएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: तेजप्रसाद पौडेल
कम्प्युटर: पद्मा आचार्य
इति संवत् २०७६ साल जेठ ६ गते रोज २ शुभम्।

२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री कुमार रेग्मी,** ०७४-RB-०४२४, युपि.एस.समेत भन्सार चोरी पैठारी, *एनसेल प्रा.लि. वि. राजस्व अनुसन्धान विभागसमेत*

भन्सार ऐन, २०६४ को दफा २६(२) मा उल्लेख भएबमोजिम पैठारीकर्ताले पैठारी गरेको सामान र राजस्व अनुसन्धान विभागबाट बरामद भएको सामानको भौतिक परीक्षण गर्दा एकआपसमा मिले भिडेको अवस्था देखिँदैन । पैठारीकर्ताले सामानको प्रज्ञापनपत्रसमेत मौकामा पेस गर्न नसक्नुका साथै सामान ढुवानी गर्ने चालक बेलबहादुर न्यौपाने र किसन श्रेष्ठले अनुसन्धानको क्रममा गरेको बयानमा मालसामान र पेस भएको कागजातको विवरण के कसरी फरक पऱ्यो थाहा छैन भनी लेखाएको पाइन्छ। यसैगरी स्पाइस नेपालका प्रतिनिधि प्रेमसिंह ऐरले अनुसन्धानको क्रममा गरेको बयानको स.ज. ५ मा बरामद सामान प्रा. लि. कै भएको र भौतिक परीक्षण गर्दा फेला परेको सामान र प्रज्ञापनपत्रमा उल्लिखित सामानहरू एकअर्कामा फरक परेको ठीक साँचो भनी उल्लेख गरेको देखिन्छ। भन्सार ऐन, २०६४ को दफा ७६(२) मा उल्लेख भएबमोजिम ट्रकमा ढुवानी गरेका सामानहरूको प्रज्ञापनपत्रसहितका सम्बन्धित कागजात देखाउनु पर्ने दायित्व पैठारी कर्ताको हुनेमा सोअनुसारको दायित्व पैठारीकर्ताले पूरा गर्न सकेको देखिँदैन । यसका साथै राजस्व अनुसन्धान विभागले स्पाइस नेपाल प्रा.लि.का

प्रेमसिंह ऐरलाई मिति २०६६।७।२२ को तारेख तोकेकोमा निजले उक्त तारेखसमेत गुजारी बसेको देखिन्छ । राजस्व अनुसन्धान विभाग र राजस्व न्यायाधिकरण काठमाडौंले बरामद भएको सामान र प्रज्ञापनपत्रमा उल्लेख भएको सामानको विवरण मेल नखाएको विषयलाई नै कसुर स्थापित गर्दा मुख्य आधार मानेको देखिन्छ । यसर्थ राजस्व अनुसन्धान विभागले कसुर स्थापित गर्ने गरी गरेको निर्णयलाई नै सदर गर्ने गरेको राजस्व न्यायाधिकरणको फैसला बदर हुनुपर्छ भन्ने पुनरावेदन जिकिर तथा पुनरावेदकका तर्फबाट उपस्थित भई बहस गर्नु हुने विद्वान् कानून व्यवसायीहरूको भनाइसँग सहमत हुन नसकिने ।

अतः उपर्युक्त विवेचित आधार, कारणबाट स्पाइस नेपाल प्रा.लि.हालको एनसेल प्रा.लि. ले यू.पी.एस.समेतका सामानहरू भन्सार ऐन, २०६४ को दफा ३८ बमोजिम चोरी पैठारी गरेको ठहऱ्याई भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिम रू. ४०,०००००।- (चालिस लाख रूपैयाँ) बिगोबमोजिम जरिवाना हुने र ट्रक चालकले उक्त चोरीको सामान ढुवानी गरेको कसुरमा सोही ऐनको दफा ५७(२) बमोजिम जनही रू.५०००।- जरिवाना हुने ठहर्छ भनी राजस्व अनुसन्धान विभागबाट मिति २०६६।१२।१० मा भएको फैसलालाई सदर गर्ने गरी राजस्व न्यायाधिकरण काठमाडौंबाट मिति २०६८।११।१८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: महेन्द्रबहादुर कार्की

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७६ साल असार ३० गते रोज २ शुभम् ।

३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.डा. श्री मनोजकुमार शर्मा,** ०७०-CI-०२४२, अपुताली हक कायम, *धुलो यादव वि. सूर्यप्रसाद यादव*

प्रस्तुत मुद्दामा पुनरावेदक वादी मृतक गोदो यादवको हकवाला भएको कुरा गाउँ विकास समितिको कार्यालयको सिफारिस पत्र, सर्जमिनका मानिसहरूले लेखाइदिएको मुचुल्काको बेहोरा तथा विपक्षी प्रतिवादी सूर्यप्रसाद यादवले पेस गरेको लिखित प्रतिवादसमेतबाट स्पष्ट भएको देखिन्छ । गोदो यादवको हकवाला धुलो यादव भएको तथ्यमा दुवै पक्षबिचमा कुनै विवादसमेत रहेको देखिँदैन । यसका साथै गोदो यादव र पुनरावेदक वादी धुलो यादव मिति २०६३।२।३० मा नै र.नं. ५२७(ख) बाट अंशबन्डाको लिखत पास गरी छुट्टिभिन्न भएको भन्ने पनि देखिन्छ । गोदो यादवको लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन, संशोधन गर्ने ऐन, २०६३ अनुसार मिति २०६३।७।१७ मा अपुतालीको महलको ११ नं. मा संशोधन हुनुभन्दा अगावै अर्थात् मिति २०६३।७।९ मा नै मृत्यु भएको भन्ने सुरू मिसिल संलग्न रहेको मृत्यु दर्ता प्रमाण-पत्रबाट देखिन्छ । यी पुनरावेदक वादीले मृतक गोदो यादवलाई पालन पोषण, स्याहार सम्भार गरेको भनी जिकिर लिएको भए तापनि छुट्टी भिन्न भएको व्यक्तिले पालनपोषण गरेको भन्ने कुरा वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको देखिँदैन । यसका साथै सूर्यप्रसाद यादवले आफ्नो फुपू वोधो यादवको काज किरिया गरेको विषयलाई यी पुनरावेदकले समेत स्वीकार गरेकै देखिने ।

कुनै पनि सम्पत्ति स्वामी विहीन *(res nullius)* रहन सक्दैन । सो सम्पत्तिको स्वामी कानूनबमोजिमको हकवाला वा त्यस्तो कुनै हकवाला नभएमा राज्यको हुन जान्छ । सम्पत्तिको स्वामीको मृत्यु भएका बखत उक्त सम्पत्तिको स्वामी को हुने भन्ने विषय प्रचलित अपुतालीसम्बन्धी कानूनले निर्धारण गर्ने विषय भएकोले अपुतालीको हकको सम्बन्धमा मृत्यु हुँदाको बखत कायम रहेको कानूनी व्यवस्था नै आकर्षित हुने गर्दछ । गोदो यादवको मृत्यु हुँदाको अवस्थामा कायम रहको तत्कालीन अपुतालीको ११ नं. मा अपुताली पर्दा मर्नेको स्याहार सम्भार नजिकको हकवालाले नगरी अन्य व्यक्तिले गरेको रहेछ भने त्यस्तो व्यक्तिको अपुतालीको चलमा सबै र अचलमा आधासम्म स्याहार सम्भार गर्नेले र बाँकी आधा ऐनबमोजिम हकवालाले पाउने भन्ने कानूनी व्यवस्था रहेकोले गोदो यादवको स्याहार सम्भार, पालन पोषण गर्ने र काज किरिया गर्ने

निजको भदा सूर्यप्रसाद यादव मृतक गोदो यादवको अचल सम्पत्तिको आधा भाग मात्र पाउने व्यक्ति देखिन्छन् भने नजिकको हकवाला सौता नाताकी यी पुनरावेदक वादी धुलो यादव रहेको र निज धुलो यादव गोदो यादवको आधा अपुताली पाउने हकवाला रहेको देखिने।

अतः उपर्युक्त विवेचित आधार प्रमाणबाट मृतक गोदो यादवले अंशमा पाएको झापा जिल्ला शरणामती गा. वि. स. वडा नं. २ को कि. नं.१३४६, १३५३, १३५५, ३४१, ३३५, ३२८, १३५१ र १३४९ को जम्मा ज.वि. ३-१७-९ जग्गामा यी पुनरावेदिका वादी आधा जग्गाको हकदार भएको पुष्टि भएकाले वादी दाबी पुग्न सक्दैन भनी झापा जिल्ला अदालतबाट मिति २०६८।७।६ मा भएको फैसलालाई सदर गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत इलामको मिति २०६९।३।२८ को फैसला मिलेको नदेखिँदा उक्त फैसलाहरू केही उल्टी भई उल्लिखित जग्गाहरूबाट यी वादी धुलो यादवको आधा भाग हिस्सासम्म अपुताली हक कायम हुने।

इजलास अधिकृत: महेन्द्रबहादुर कार्की

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७६ साल असार ३१ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७०-CI-०२४३, नामसारी हक कायम, *धुलो यादव वि. सूर्यप्रसाद यादवसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. ११

१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६९-CI-१०५७, उत्प्रेषण / परमादेश, *सुशिल वैद्य वि. निरादेवी तुलाधर*

जग्गाधनी पन्नामान तुलाधरको नाममा रहेको कि.नं. ७३ को क्षेत्रफल १०-५-२-० जग्गाको मोही कान्छा भाइ प्रजापती रहेकोमा निजको २०३४ सालमा र निजको छोरा भुपेन्द्र प्रजापतीसमेतको मृत्यु भएकोले मोही नामसारी गरिपाउँ भनी बुहारी बद्रीमाया प्रजापतीको भूमिसुधार कार्यालय काठमाडौंमा निवेदन परेको भन्ने देखिन्छ। जग्गाधनी पन्नामान तुलाधरले मोही कान्छाभाइ प्रजापती र निजको परिवारको नाउँमा रहेको जग्गासमेत गरी मोहीको हैसियतले कमाउन पाउने जग्गाभन्दा बढी भएको जग्गाको मोही लगत कट्टा गरिपाउँ भनी कान्छाभाइ प्रजापती विरूद्ध उजुर गरेको मिसिल प्रमाणबाट देखिन आयो। कि.नं. ७३ को क्षेत्रफल १०-५-२-० को हाल नापी कायम हुन आएका विभिन्न कित्ता जग्गामध्ये का.म.न.पा.वडा नं.४ कि.नं.१६८ को क्षेत्रफल १-०-०-०, कि.नं. १७० को क्षेत्रफल ०-६-३-१, कि.नं. ९ को क्षेत्रफल ०-०-२-०, कि.नं. २४ को क्षेत्रफल ०-२-०-०, कि.नं. ३३५ को क्षेत्रफल ०-१०-०-० जग्गा विपक्षी निरादेवीले पिता पन्नामान तुलाधरबाट अंशबापत प्राप्त गरेको भन्ने प्रमाण मिसिलबाट देखिन्छ। भूमिसुधार कार्यालयबाट हदबन्दी कायम गर्दा विपक्षी निरादेवी तुलाधर र मोही कान्छा भाइ प्रजापतीको जग्गासमेत समावेश हुने गरी हदबन्दीसम्बन्धी निर्णय गरेको पाइयो। भूमिसुधार कार्यालय काठमाडौंबाट मिति २०६८।१।१२ मा भएको हदबन्दीसम्बन्धी र सोही मितिमा मोही नामसारी मुद्दामा निर्णय भएकोमा सो निर्णयउपर पुनरावेदन अदालत पाटनमा पुनरावेदन परी DP-०३२७ र DP-०३४४ को मोही नामसारी मुद्दामा दुवै पक्षको मिलापत्र भएको र DP-०३४३ को हदबन्दी मुद्दा मुलुकी ऐन, अ.बं. ९२ नं. बमोजिम फिर्ता हुने आदेश भएको प्रमाण मिसिलबाट देखिन्छ। दाबीको जग्गा विपक्षी निरादेवी तुलाधरले पिताबाट अंशबापत प्राप्त गरी निजकै नाममा दर्ता कायम रहेको र सो जग्गा रोक्का राख्ने निर्णय गर्दा निजलाई बुझेको भन्ने मिसिल प्रमाणबाट देखिएन। विवादको जग्गा नै निरादेवी तुलाधर र बद्रीमाया प्रजापतीका नाममा कायम हुने गरी मिलापत्र भएको मिसिलबाट देखिन आउने।

यसरी एउटै विवादित जग्गा सम्बन्धमा पक्ष विपक्षहरूका बिच मिलापत्र र मुद्दा फिर्ता हुने गरी

पुनरावेदन अदालतबाट फैसला भइसकेको अवस्थामा भूमिसुधार कार्यालय काठमाडौंबाट भएको हदबन्दी र मोही नामसारीसम्बन्धी निर्णय बदर हुने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६९।११।९ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः गीता श्रेष्ठ / डल्लुराम चौधरी

कम्प्युटर: विजय खड्का

इति संवत् २०७४ साल फागुन १४ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CI-००६०, उत्प्रेषण / परमादेश, *निरबहादुर तामाङसमेत वि. जिल्ला संखुवासभा, नापी कार्यालय खाँदबारीसमेत*

प्रस्तुत मुद्दामा रिट निवेदकहरूका बाबु गर्जमान तामाङको नाउँमा जिल्ला संखुवासभा, स्याबुन गा.वि.स. वार्ड नं.१ कि.नं. १५१२ को जग्गासमेत जम्मा १२८ रोपनी जग्गा रहेकोमा मिति २०५८।८।२७ गते भूमिसुधार तथा व्यवस्था मन्त्रालय, मालपोत कार्यालय संखुवासभा खाँदबारीबाट हदबन्दीसम्बन्धी निर्णय भएको र सोही निर्णयको आधारमा मिति २०७०।४।७ सडकमा परेको ४ रोपनी जग्गा छाडी बाँकी जग्गाबाट ९६ रोपनी जग्गा निजका नाउँमा कायम गरी बाँकी २८ रोपनी जग्गा नेपाल सरकारका नाउँमा कायम हुने गरी निर्णय भएको देखिन्छ। उक्त निर्णयउपर निवेदकहरूको तर्फबाट पुनरावेदन अदालत धनकुटामा पुनरावेदन परी दे.पु.नं. ०३-०७-०००८५ बाट कारबाही चली मालपोत कार्यालयको निर्णय सदर हुने ठहर गरी फैसला भएको देखिन्छ । मिति २०५८।८।२७ को भूमिसुधार तथा व्यवस्था मन्त्रालय, मालपोत कार्यालय संखुवासभा खाँदबारीबाट हदबन्दीसम्बन्धी भएको निर्णय र सोही निर्णयको आधारमा मिति २०७०।४।७ मा भएको निर्णय बदरको लागि यिनै पुनरावेदकहरू रिट क्षेत्राधिकारबाट पुनरावेदन अदालत धनकुटामा रिट निवेदन परेको देखिने।

भूमिसुधार कार्यालय वा मालपोत कार्यालयको निर्णयउपर चित्त नबुझ्ने पक्षले पुनरावेदन अदालतमा पुनरावेदन गर्न पाउने हक कानूनले नै सुरक्षित गरिरहेको र सो व्यवस्थाअनुसार मालपोत कार्यालय खाँदबारी संखुवासभाको उक्त निर्णयउपर यिनै रिट निवेदकहरूले पुनरावेदन अदालत धनकुटामा पुनरावेदन दायर गरी पुनरावेदन अदालतबाट मालपोत कार्यालयको निर्णय सदर हुने गरी फैसलासमेत भइसकेको भन्ने मिसिल संलग्न प्रमाणबाट देखिन्छ । यी पुनरावेदकहरूले मालपोत कार्यालय खाँदबारी संखुवासभाको निर्णयउपर कानूनबमोजिम अदालतको साधारण क्षेत्राधिकारअन्तर्गत पुनरावेदन गरी विवादको निरूपण भइसकेपछि सोही विषयमा पुनः रिट क्षेत्राधिकारबाट उपचारको माग गरेको अवस्थालाई न्यायोचित मान्न नसकिने।

अतः माथि उल्लिखित आधार र कारणसमेतबाट मालपोत कार्यालयको निर्णयउपर पुनरावेदन विस्तृत उपचारको माध्यम भएको र सो माध्यमबाट पुनरावेदन अदालत धनकुटाको दे.पु. नं. ०३-०७-०००८५ मा विवादको निपटारा भई मालपोत कार्यालयको निर्णय कानूनसम्मत रहेकोले सदर हुने ठहर्छ भनी निर्णय भइसकेकोले प्रस्तुत रिट निवेदनबाट विवाद निरूपण गरिरहन परेन भनी रिट निवेदन खारेज गरेको पुनरावेदन अदालत धनकुटाको मिति २०७०।९।१६ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: गीता श्रेष्ठ / डल्लुराम चौधरी

कम्प्युटर: विजय खड्का

इति संवत् २०७४ साल फागुन १४ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री सपना प्रधान मल्ल,** ०७२-CR-०३४८, बन्दीप्रत्यक्षीकरण, *दिलबहादुर श्रेष्ठ वि. जिल्ला प्रहरी कार्यालय, धादिङसमेत*

प्रस्तुत मुद्दामा पुनरावेदक दिलबहादुर श्रेष्ठको नाममा विदेशी विनिमय अपचलन मुद्दामा मिति २०५६।४।५ मा म्याद तामेल भएको र सो म्याद काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा

नं.१४ कलंकी स्थित सार्वजनिक स्थान बिजुलीको पोलमा टाँस भएको देखिन्छ। तामेली म्यादमा स्थानीय २ जना साक्षी बसी वडा कार्यालयमा टाँस गर्ने प्रयोजनले वडा अध्यक्षले समेत बुझेको देखिन्छ । उक्त मुद्दामा जारी भएको म्याद यी पुनरावेदकले गुजारी बसेको देखियो । सो मुद्दामा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १७(१) बमोजिम बिगोबमोजिम रू.२,६२,५१,८९५।– (दुई करोड बैसठ्ठी लाख एकाउन्न हजार आठसय पञ्चानब्बे) यी पुनरावेदकलाई जरिवाना गरी काठमाडौं जिल्ला अदालतबाट फैसला भएको र सो फैसला अन्तिम भई बसेको पाइन्छ। उक्त फैसलाबमोजिम लागेको जरिवाना नबुझाएकोले यी पुनरावेदकलाई मिति २०७१।५।२ गते पक्राउ गरी सोही मितिदेखि मिति २०७५।५।१ सम्म ४ वर्ष कैद ठेकी मिति २०७१।५।५ मा कैदी पुर्जी दिएको देखिए पनि यी पुनरावेदक दिलबहादुर श्रेष्ठ विपक्षी कारागार कार्यालय धादिङसमेत भएको बन्दीप्रत्यक्षीकरणको निवेदनमा निवेदकलाई मुलुकी ऐन, दण्ड सजायको ३८(१) नं. बमोजिम ४ वर्ष कैद ठेकी कैदमा राख्ने गरी भएको कार्य कानूनविपरीत देखिएको र निवेदक दिलबहादुर श्रेष्ठ मिति २०७१।५।२ देखि पक्राउ परी कानूनबमोजिम १ वर्ष ६ महिनाभन्दा बढी अवधि कैदमा राखेको देखिएकोले निजलाई थुनामुक्त गरी दिनु भनी ०७२-WH-००४७ नं. को निवेदनमा यस अदालतबाट मिति २०७३।२।३ मा बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएको पाइन्छ । सो आदेशबमोजिम निज दिलबहादुर श्रेष्ठलाई कारागार व्यवस्थापन विभागबाट च.नं. ७९९ मिति २०७३।२।३ गतेको पत्रबाट थुनामुक्त गरी सकेको देखिने।

अतः हाल यी पुनरावेदक थुनाबाट मुक्त भई थुनामा नै नरहेको परिवर्तित अवस्थामा गैरकानूनी थुनाबाट मुक्त गरिपाउँ भन्ने प्रस्तुत पुनरावेदनको औचित्य समाप्त भइसकेको परिप्रेक्ष्यमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु पर्ने अवस्था नहुँदा बन्दीप्रत्यक्षीकरणको रिट निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७२।१।९ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: गीता श्रेष्ठ / डल्लुराम चौधरी
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७४ साल फागुन १४ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७३-WO-०८०९, उत्प्रेषण / परमादेश, *संगिता दर्जी वि. स्वास्थ्य मन्त्रालय, रामशाहपथसमेत*

प्रस्तुत निवेदनका निवेदक संगिता दर्जी सि.अ.न.मि. (पाँचौँ) तहको कर्मचारी भएको, निज महाकाली अञ्चल अस्पताल कञ्चनपुरमा कार्यरत रहेको र निजको २ वर्षमुनिको बच्चा रहे भएको भन्ने कुरा विपक्षी महाकाली अञ्चल अस्पताल, कञ्चनपुरको लिखित जवाफ तथा बालक जन्मेको महाकाली अञ्चल अस्पतालको रिपोर्ट, बालकको जन्मदर्ता प्रमाणपत्रसमेतबाट पुष्टि हुन आयो । निवेदकका पति जिल्ला पशुसेवा कार्यालय, कञ्चनपुरमा सरकारी कर्मचारी रहेको र निजसमेत कञ्चनपुर जिल्लामै कार्यरत रहेको मिसिल संलग्न प्रमाणबाट समेत देखिन्छ । निवेदकले सरूवा माग गरेको अवस्था नदेखिनु साथै स्वास्थ्य विभागको मिति २०७३।०८।३० सरूवा निर्णय बदरको लागि निवेदकले विभिन्न मितिमा स्वास्थ्य सेवा विभाग, स्वास्थ्य मन्त्रालयका साथै हेलो सरकार प्रधानमन्त्रीको कार्यालयमा समेत निवेदन दिएको मिसिल संलग्न प्रमाणहरूबाट देखिने।

नेपाल स्वास्थ्य सेवा नियमावलीको नियम ३१ग को देहाय (ख) र (ग) ले २ वर्षमुनिका बच्चा भएका महिला कर्मचारीलाई निजले माग गरेकोमा बाहेक सरूवा नगर्ने र पति पत्नीलाई सम्भव भएसम्म एउटै जिल्लामा पर्ने गरी सरूवा गर्नु पर्ने कानूनी व्यवस्था महिला कर्मचारीको लागि विशेष व्यवस्था भएको पाइन्छ। नेपालको वर्तमान संविधानले प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यलाई

मौलिक हकको रूपमा आत्मसात् गरेको देखिन्छ । आमा तथा दुधे बालकको सर्वोत्तम हितलाई विशेष अवस्थाको मानी महिला तथा बालबालिकाप्रतिको विशेष आवश्यकतालाई सम्बोधन गर्न स्वास्थ्य ऐन, तथा नियमावलीमा विशेष व्यवस्था गर्नुका साथै उक्त विशेष तथा संवेदनशील अवस्थालाई सार्थकता प्रदान गर्न नेपाल सरकारले "सुनौलो हजार दिन" को नीतिसहित अभियान चलाएको पाइन्छ । सरूवाका मापदण्ड र आधारहरू सामान्यतः सबै कर्मचारीहरूलाई समान रूपमा लागू हुनेमा अन्यथा भन्न मिल्दैन तर प्रस्तुत विषयका सन्दर्भमा कानूनले नै विशेष व्यवस्था गरेको अवस्थाकी यी निवेदिका संगिता दर्जी महिला कर्मचारी भई ४ महिनाको शिशुको आमा भएको र निज निवेदिकाले माग नगरेको अवस्थामा निजलाई सरूवा गरेको कार्य उक्त नियमावलीको नियम ३१ग को देहाय (ख) विपरीत भएको देखियो । यसरी सुत्केरी महिला कर्मचारीलाई निजको सहमति विना पति कार्यरत रहेको जिल्लाभन्दा फरक दुर्गम पहाडी चिसो जिल्लामा सरूवा गरेको कानूनसम्मत र न्यायोचित रहेको मान्न नसकिने ।

अतः उल्लिखित आधार र कारणसमेतबाट निवेदक पाँचौँ तहको कर्मचारीलाई चौथो तह भनी सरूवा गरेको नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१ग को देहाय (ख) विपरीत २ वर्षमुनिको बच्चा भएको महिला कर्मचारीलाई निजले माग नगरेको अवस्थामा कारण र आधार विना अन्यत्र जिल्लामा सरूवा गरिएको र निवेदकका पतिसमेत सरकारी सेवामै रही कञ्चनपुर जिल्लामै कार्यरत रहेको अवस्थामा ऐ. नियमको देहाय (ग) विपरीत सरूवा गरेकोसमेत देखिएकोले सुदुर पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, दिपायल डोटीको मिति २०७३।०८।३० को निर्णयअनुसार निवेदक संगिता दर्जीलाई महाकाली अञ्चल अस्पताल कञ्चनपुरबाट जिल्ला स्वास्थ्य कार्यालय बझाङमा सरूवा गरेको निजको संविधान प्रदत्त पारिवारिक हक, समानताको हक, बालबालिकाको हक, प्रजनन् स्वास्थ्यको हक, रोजगारीको हकजस्ता महिला तथा बालबालिकाको संरक्षण र विकासको लागि राज्यले विशेष उपाय अवलम्बन गर्नुपर्ने मौलिक हकमा आघात पुग्नुको साथै नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को दफा ३१ग को उपनियम (ख)(ग) समेतको विपरीत हुँदा सुदूर पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय दिपालयको मिति २०७३।०८।३० को निर्णय र सोबमोजिमको पत्र उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ। निवेदकलाई निज कार्यरत रहेकै कार्यालयमा यथास्थानमा कामकाज गर्न दिनु भनी विपक्षीको नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: गीता श्रेष्ठ / डल्लुराम चौधरी

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल पुस २३ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-CI-१३६८, लिखत दर्ता बदर, *इन्दिरा कार्की काफ्ले वि. सुभाष घिमिरेसमेत*

पुनरावेदक इन्दिरा कार्कीको मिति २०६९।१।१३ मा प्रतिवादी माधवप्रसाद काफ्लेसँग विवाह भएकोमा र यी वादी प्रतिवादी दुईजना मात्र अंशियार भएकोमा कुनै विवाद देखिएन । प्रतिवादी माधवप्रसाद काफ्लेले आफ्ना नाउँमा दर्ता कायम भएको भक्तपुर जिल्ला, निलबाराही गा.वि.स. वडा नं. ७(क) कि.नं. १३को क्षेत्रफल ०-५-२-१ जग्गा प्रतिवादी सुभाष घिमिरेलाई मिति २०६९।११।११ मा र.नं.१५६५(ङ) बाट राजीनामा लिखत गरिदिएको देखियो। यिनै वादी प्रतिवादी भई चलेको प्रमाणमा पेस भएको अंशचलन मुद्दाको प्रमाण मिसिलबाट प्रतिवादी माधवप्रसाद काफ्लेले मिति २०५३।१०।२१ मा अंशबन्डा हुँदा झापा जिल्लाका विभिन्न कित्ता गरी जम्मा १०-८-० जग्गा अंशबापत बुझेको देखियो। भक्तपुर जिल्ला, निलबाराही गा.वि.स. वडा नं. ७(क) कि.नं. १३ को क्षेत्रफल ०-५-२-१ जग्गा निज प्रतिवादीले अंशबापत प्राप्त गरेको नभई आफ्ना पालामा आफैँले आर्जन गरेको सम्पत्ति रहेको भन्ने

देखिन्छ । प्रतिवादीले अंशबापत पैतृक सम्पत्तिको रूपमा झापामा रहेका जग्गाहरूबाट मात्र अंश प्राप्त गरेको देखिन्छ। भक्तपुरको जग्गा प्रतिवादीले आफ्नो निजी आर्जनबाट खरिद गरेको हो भन्ने जिकिरलाई वादीले अन्यथा भन्न सकेको पनि देखिँदैन। यी वादी प्रतिवादीहरूको स्थायी ठेगाना, बसोबासको प्रकृति, स्वरूप स्वभाव र पैतृक तथा अचल सम्पत्ति रहेको अवस्थासमेतलाई विचार गर्दा, निजहरूको पैतृक सम्पत्ति भक्तपुरको जग्गा रहेछ भनी अनुमान गर्न सकिने अवस्था मिसिल संलग्न कागज प्रमाणहरूबाट पुष्टि हुन सकेको देखिएन। वादीले पनि विवादित जग्गा पैतृक हो र पति माधवप्रसाद काफ्लेले आफ्नो पालामा आर्जन गरेको सम्पत्ति होइन भनी कुनै प्रमाण गुजार्न सकेको नदेखिने।

वादीको प्रतिवादीसँग विवाह भएको केही महिनामै दाम्पत्य जीवनमा मनोमालिन्य र असमझदारीपन सुरू भएको स्थिति हुँदा वादी स्वयम्ले घरमा र घरप्रति पूर्णतः समर्थित भएर आफ्नो कर्तव्य निर्वाह गर्नुको साथै जिम्मेवारी पूरा गर्न सकेको पाइँदैन। यद्यपि दाम्पत्य जीवनमा कटुता उत्पन्न हुनुमा पति पत्नीमध्ये कुनै एक मात्र जिम्मेवार हुने नभई थोरै थोरै दुवै नै जिम्मेवार हुने।

वादी र प्रतिवादीबिचको एक वर्ष केही दिन अवधिको दाम्पत्य जीवनबाट कुनै सन्तानको जायजन्म भएको अवस्थासमेत रहेको छैन । अंश मुद्दामा पेस भएको तायदातीबाट प्रतिवादीले बिक्री गरेको ३-५-१२-० भन्दा बढी नै जग्गा मौजुद रहेको देखिन आउँछ । यस स्थितिमा प्रतिवादीले पैतृक सम्पत्तिमा आधा घर व्यवहार चलाउन अंशबन्डाको १९(१) नं. ले र आफ्ना पालामा आर्जेको सम्पत्तिमा सबै अंशबन्डाको १९(२) नं. ले वादीको मन्जुरी बेगर पनि बिक्री गर्न कानूनले अनुमति प्रदान गरेको छ भने अर्कोतर्फ बचेको आधाभन्दा बढी सम्पत्ति ५-१४-१४-० बाट वादीले अंश मुद्दाबाट अंश पाउने र पाइसकेको अवस्थासमेत रहेकोले घरपरिवारप्रति कुनै जिम्मेवारी र दायित्व निर्वाह नै नगरी एक वर्ष केही दिनको दाम्पत्य जीवन व्यतित गरेर त्यति सम्पत्ति पाउँदा अंश हकको माध्यमबाट निजले साम्पत्तिक अधिकार पूर्णत: प्राप्त गरेको नै देखिन आउँछ। अतः वादी पूर्णतः निरअंशीको रूपमा रहनु परेको अवस्थासमेत रहे भएको देखिन आउँदैन। यस अवस्थामा प्रतिवादीले आफ्नो पालाको अचल सम्पत्ति बिक्री गर्दा पनि लेनदेन व्यवहारको १० नं. ले वादीको मन्जुरी लिएको छैन र प्रत्येक कित्तामा वादीको हकसमेत रहने भएको हुँदा प्रतिवादीले बिक्री गरेको अचल सम्पत्तिको लिखतको प्रत्येक कित्ताबाट वादीको हकजति बदर हुनुपर्छ भन्ने मान्यतालाई मुद्दाको तथ्यको आधार र न्यायको रोहमा अक्षरश: पालना गर्नुपर्ने अवस्था नदेखिने।

अंशबन्डाको १९(२) मा भएको मागबमोजिम आफ्नो पालामा आर्जन गरेको सम्पत्ति बिक्री गर्दा यी वादीको समेत मन्जुरी लिइरहनु पर्ने देखिएन । विवादित जग्गा प्रतिवादीले आफ्नो पालामा आफैँले आर्जन गरेको देखिँदा अंशबन्डाको १९(२) नं. को कानूनी व्यबस्थाबमोजिम आफूले लिएको ऋण तिर्नका लागि ऋण लिएको साहुलाई नै बिक्री गर्न नपाउने भन्न कानूनसङ्गत नमिल्ने देखिँदा वादी दाबी पुग्न नसक्ने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन। यिनै वादी प्रतिवादी भई चलेको अंश चलन मुद्दाबाट यी वादीले अंशसमेत पाइसकेको यस स्थितिमा आफ्नोसमेत अंश हक लाग्ने जग्गा अंश मार्ने नियतले आफूलाई थाहा जानकारी नै नदिई प्रतिवादीमध्येका सुभाष घिमिरेलाई मिति २०६९।११।११ मा र.नं.१५६५(ङ) बाट पारित गरी दिएको लिखतलाई बदर गरिपाउँ भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार र प्रमाणसमेतबाट वादी इन्दिरा कार्कीको दाबीबमोजिम २ भागको १ भाग लिखत बदर हुने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७२।४।३२ को फैसला नमिलेकोले उल्टी भई वादी दाबी नपुग्ने ठहऱ्याई

पुनरावेदन अदालत पाटनबाट मिति २०७३।४।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः मुना अधिकारी (ढकाल)

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७५ साल माघ २२ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७४-CI-११६२, लिखत दर्ता बदर, *इन्दिरा कार्की काफ्ले वि. माधवप्रसाद काफ्लेसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

६

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७४-CR-१७२७, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. लोकबहादुर राउत*

प्रस्तुत मुद्दामा प्रतिवादीलाई कारबाही गर्न किटानी जाहेरी दिएकोमा पछि पीडित जाहेरवालाहरू स्वयम्ले जाहेरीसाथ पेस भएको लिखत कागजलाई शून्यतामा ल्याउने गरी प्रतिकूल बकपत्र गरेको अवस्था देखिएको छ भने प्रतिवादीले पनि सोही लिखत कागजलाई मेनपावरका सञ्चालक लेखनाथ पोखरेलले जबरजस्ती सहिछाप गराएको कागजमा लेखिएको रहेछ। निजहरूसँग कुनै कागज भई लेनदेन भएको छैन भनी लिखत कागजउपर प्रश्न उठाएको देखिन्छ । वैदेशिक रोजगारको कसुरमा फौजदारी मुद्दाको सिर्जना गर्ने कागज विरूद्ध यसरी प्रतिकूल बकपत्र गरेको अवस्थामा जाहेरी दरखास्त र सोका आधारमा अनुसन्धान भई दर्ता हुन आएको अभियोग-पत्र तथ्य र प्रमाणमा आधारित भएको नदेखिने।

कुनै पनि व्यक्तिउपर वैदेशिक रोजगारको कसुरमा फौजदारी अभियोग लगाइसकेपछि अपराधको सूचनाको रूपमा पर्ने जाहेरी दरखास्त (First Information Report F.I.R.) र सोको समर्थनमा गडाऊ बकपत्र गरी जाहेरीको बेहोरासँग एकरूपता र तादम्यता देखाउन सक्नु पर्दछ । अभियोग दाबीको विश्वसनीयता कायम राख्न सिलसिलेवार रूपले तथ्य र प्रमाणको एकरूपता र तादम्यता हुन आवश्यक हुने।

प्रस्तुत मुद्दामा प्रतिवादीले वैदेशिक रोजगारीको काममा लैजान रकम नलिएको र कसुरमा निजको संलग्नतासमेत नरहेको भनी अभियोग माग दाबीको बेहोरालाई खण्डित हुने गरी जाहेरवालाहरूले बकपत्र गरेको अवस्थामा निजहरूको भनाइ र गराइमा एकरूपता तथा तादम्यता रहेको पाइएन । यस्तो अवस्थामा प्रतिवादीसँग भएको भनिएको वैदेशिक रोजगारको कागज र सोका आधारमा जाहेरवालाहरूले दिएको जाहेरीले विश्वसनीयता कायम गर्न सक्दैन । प्रतिवादीले शङ्काको सुविधा पाउने।

अतः माथि विवेचित आधार कारण तथा कानूनी सिद्धान्तसमेतबाट अभियोग दाबी र सो साथ जाहेरवालाहरूले पेस गरेको लिखत बेहोरालाई अन्यथा हुने गरी स्वयम् जाहेरवालाहरूले बकपत्र गरेको विवादास्पद लिखत र सोमा उल्लिखित बेहोरालाई प्रमाणमा ग्रहण गर्न नमिल्ने हुँदा प्रतिवादी लोकबहादुर राउतले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७४।११।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः मेघनाथ चापागाईं

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७६ साल वैशाख ८ गते रोज १ शुभम्।

यसमा यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्।

- ०७४-CR-१७२८, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. लोकबहादुर राउत*
- ०७४-CR-१७४६, वैदेशिक रोजगार कसुर, *राजकुमार श्रेष्ठसमेत*

७

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७४-CI-१७२८, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. ज्ञानुदेवी रोजरिया*

जाहेरवाला मेनपावरका सञ्चालक भई सो म्यानपावरमार्फत मसमेत विदेश जान पासपोर्ट दिएको भन्ने प्रतिवादीको भनाइको सन्दर्भमा हेर्दा मिसिल संलग्न वैदेशिक रोजगार विभागको च.नं.१९८५

मिति २०७४।१।२० को पत्रबाट लिखत भएको मिति २०७२ मा अलभिजन इन्टरनेसनलका तीनजना सञ्चालकहरूमध्ये यी जाहेरवालाको नामसमेत रहेको पाइन्छ। उक्त पत्रबाट लिखत भएको मितिमा जाहेरवाला स्वयम् इजाजत प्राप्त वैदेशिक रोजगार व्यवसायी रहेको देखिन्छ। वैदेशिक रोजगारीमा लैजान पाउने इजाजत नै नलिएका यी प्रतिवादीले म्यानपावर सञ्चालक यी जाहेरवालालाई वैदेशिक रोजगारीमा अमेरिका पठाउने भनी गरेको कागज र निजले दिएको जाहेरी दरखास्त शङ्कारहित नदेखिने।

कुनै व्यक्तिउपर वैदेशिक रोजगारको कसुरमा फौजदारी अभियोग दायर गर्नु मात्रैले कसुर स्थापित हुन सक्दैन। अभियोगमा उल्लेख भएका साक्षी प्रमाणहरू पुर्पक्षको क्रममा मुद्दा छिन्ने न्यायाधिकरणमा परीक्षण भएपश्चात् मात्र त्यस्तो प्रमाण ग्रहणयोग्य मानिन्छ। जाहेरी स्वयम्ले अपराध प्रमाणित गर्ने नभई केवल सूचनाको रूपमा रहेको हुन्छ। सरकारी गवाहको रूपमा जाहेरवालाले अदालतले झिकाएको समयमा उपस्थित भई आफ्नो भएको बेहोरा लेखाइ जाहेरी बेहोरालाई पुष्टि गरिदिएको नदेखिएपछि निजको मौकाको जाहेरीको प्रामाणिक मूल्य रहँदैन। प्रस्तुत मुद्दामा जाहेरवालाले जाहेरी दिएपछि साबिक मुलुकी ऐनको अ.बं.११५ नं. बमोजिम झिकाउँदासमेत न्यायाधिकरणमा बकपत्रको लागि उपस्थित भएको नदेखिने।

प्रतिवादीले कसुरमा इन्कार रही जाहेरवालाले जबरजस्ती कागज गराएको भनी बयान गरेको अवस्थामा जाहेरवाला स्वयम्ले दिएको जाहेरीलाई निजले अनदेखा गरी न्यायाधिकरणबाट झिकाउँदासमेत बकपत्र गर्न उपस्थित भएको नदेखिएको साथै जाहेरवाला स्वयम् नै वैदेशिक रोजगार व्यवसायी रहेको भन्ने मिसिलबाट देखिएको हुँदा वैदेशिक रोजगार व्यवसाय गर्न पाउने इजाजत प्राप्त यी जाहेरवालालाई वैदेशिक रोजगारमा लगाई दिन्छु भनी झुट्टो आश्वासन दिई वा प्रलोभन देखाई इजाजत नै नभएका यी प्रतिवादीले कागज गरी रकम लिए होलान् भन्ने कुरा अस्वाभाविक भई विश्वसनीयसमेत मान्न मिल्ने नदेखिने।

अत: विवेचित आधार कारणसमेतबाट अभियोग दाबी पुष्टि हुने प्रमाण पेस गर्न नसकेकोले वादी दाबी पुग्न नसकी प्रतिवादी लोकबहादुर राउतले अभियोगबाट सफाइ पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७४।११।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः मेघनाथ चापागाईं

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७६ साल वैशाख ८ गते रोज १ शुभम्।

८

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७४-WO-०२६४, उत्प्रेषण, *डा. गरिवदास ठाकुर वि. महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथसमेत*

यसमा तत्कालीन सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ अनुसार सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान तहकीकातको जिम्मा प्रहरीमा रहेको र अभियोजन गर्ने कार्य सरकारी वकिलमा रहेको छ। नेपालले अवलम्बन गरेको अभियोजनात्मक पद्धतिमा मुद्दाको अनुसन्धान र अभियोजनमा अदालतको कुनै भूमिका रहँदैन। वर्तमान नेपालको संविधानको धारा १५८ को उपधारा (२) ले यस संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारीसमक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुने व्यवस्था गरेको र उक्त अधिकार सोही धाराको उपधारा (७) ले मातहत सरकारी वकिलहरूलाई प्रत्यायोजन गर्न सक्ने संवैधानिक र कानूनी व्यवस्थाबमोजिम मिति २०७२ साल असोज ३ गतेको राजपत्रमा सूचना प्रकाशित गरी सम्पूर्ण जिल्ला सरकारी वकिल कार्यालयका सरकारी वकिलले मुद्दा चल्ने नचल्ने निर्णय गर्ने गरी अधिकार प्रत्यायोजन भएको देखिने।

संविधान र प्रचलित कानूनबमोजिम महान्यायाधिवक्तामा निहित अधिकार प्रत्यायोजन भई

जिल्ला सरकारी वकिल कार्यालयबाट अनुसन्धानबाट सङ्कलित प्रमाणका आधारमा मुद्दा नचलाउने गरी भएको निर्णयलाई सदर गर्ने गरेको सहन्यायाधिवक्ताको निर्णयलाई मनासिब ठहऱ्याई महान्यायाधिवक्ताबाट सदर गर्ने गरेको कार्य विधिशास्त्रीय दृष्टिकोण, संवैधानिक व्यवस्था एवम् अभियोजनात्मक पद्धतिमा अपनाइएको प्रचलनसमेतलाई विचार गर्दा अन्यथा भन्नुपर्ने देखिन नआउने।

मुद्दा चल्ने वा नचल्ने र अभियोजन गर्ने विषय सरकारी वकिलको व्यावसायिक उन्मुक्तिको विषय हो । यस सम्बन्धमा बद्रीबहादुर कार्की विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग भएको उत्प्रेषण मिश्रित परमादेशको रिट निवेदन (*ने.का.प.* २०५८, अङ्क ५, नि.नं.७००१, पृ. २३९) मा सम्मानित सर्वोच्च अदालतबाट महान्यायाधिवक्तालाई प्राप्त राय सल्लाह दिने अधिकार, जुनसुकै अदालत कार्यालय वा पदाधिकारीसमक्ष उपस्थित हुने अधिकार संसद्मा उपस्थित हुन पाउने अधिकार, अभियोजन वा प्रतिरक्षाको अधिकारलगायत संविधान र कानूनबमोजिम प्राप्त अधिकार प्रयोग गर्दा एउटा व्यावसायिक व्यक्ति वा निकायले प्राप्त गर्ने अधिकार, सुविधा र उन्मुक्ति सबै प्राप्त हुन्छन्। महान्यायाधिवक्ताले सदासयतापूर्वक आफ्नो विवेक प्रयोग गरी गरेका त्यस्ता कार्यउपर प्रश्न गर्ने अधिकार रहँदैन । त्यस सम्बन्धमा निजलाई व्यावसायिक उन्मुक्ति प्रदान गरिएको हुन्छ भन्ने सिद्धान्त प्रतिपादन भएको छ । त्यसैगरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगका तर्फबाट अनुसन्धान अधिकृत मधुसुदन भट्टराई विरूद्ध नरेन्द्रबहादुर चन्दसमेत भएको भ्रष्टाचारसम्बन्धी मुद्दा (*ने.का.प.* २०५९, अङ्क ३, नि.नं. ७०८२, पृ. २१०) मा प्रतिपादित कानूनी सिद्धान्त एवम् नजिरसमेतबाट उल्लिखित कुरा पुष्टि भइरहेको अवस्था देखिने।

तसर्थ कानूनतः को, कसलाई मुद्दा चलाउने वा नचलाउने विषय अन्तिम निर्णय गर्ने अधिकारी महान्यायाधिवक्ता नै भएको हुँदा साधिकार निकायबाट अनुसन्धान भई आएको कागज प्रमाणको आधारमा मुद्दा नचल्ने गरी जिल्ला सरकारी वकिल कार्यालय, कास्कीबाट मिति २०७३|९|१९ मा भएको निर्णय उच्च सरकारी वकिल कार्यालय, पोखराबाट मिति २०७३|१०|५ मा सदर भएको र सोही निर्णयलाई महान्यायाधिवक्ताको कार्यालयबाट मिति २०७३।१०।९ मा सदर गर्ने गरी भएको निर्णय कानूनसम्मत नै देखिन आयो । अतः निवेदन माग दाबीअनुसार आदेश जारी गर्न मिल्ने नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः गगनदेव महतो

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७५ साल फागुन ८ गते रोज ४ शुभम्।

- यसमा यसै लगाउको ०७२-CI-०९७९, *परमादेश, डा.गरिवदास ठाकुर वि. जिल्ला प्रशासन कार्यालय कास्कीसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. १२

१

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७४-CI-०८३२, लेनदेन, *भिरङ्गी साह वि. जनारसी देवीसमेत*

वादी रामछविला महतो र प्रतिवादी जनारसी देवी भएको संवत् २०६६ सालको दे.नं. १४४१ को लेनदेन मुद्दामा सुरू सर्लाही जिल्ला अदालतबाट मिति २०६७।६।४ मा भएको फैसलाबमोजिम लेनदेन बिगो भराउने क्रममा प्रतिवादीका पति लखन महतोको नाउँमा नापी भएको सिमरा भगवतीपुर २(क) कि.नं. ७४ को क्षेत्रफल-०-०-९ र विपक्षीको ससुरा शिवशरण महतोको नाउँमा नापी गरेको ऐ.ऐ. २क कि.नं. ६१ को क्षेत्रफल -०-१-८ जगामध्येबाट ६ भागको १ भाग जग्गा प्रस्तुत मुद्दामा लिलाम बढाबढ भई वादी रामछविला महतोका नाउँमा चलनपुर्जी दिने गरी सर्लाही जिल्ला अदालत बिगो शाखाबाट मिति २०६८।८।२८ मा भएको तामेली आदेशबाट पुष्टि हुन

आएको देखिन्छ । उक्त सम्पत्तिको स्रोतवाला व्यक्ति स्व.लखन महतो भएको नै देखिँदा उपर्युक्त कि.नं. ७४ र ६१ को जग्गाबाट लिलाम बढाबढ भई बाँकी बचेको ५ भाग जग्गा ऋणी स्व.लखन महतोको श्रीमती प्रतिवादी जनारसी देवी हकवाला भएको र उनकै जिम्मा रहेको देखिँदा "लेनदेन व्यवहारको २२ नं. बमोजिम हकवालाको हैसियतले ऋणीको अपुताली खाएपछि साहुको ऋण तिर्नुपर्ने कानूनी दायित्व प्रत्यर्थी प्रतिवादी सरेको हुने भनी" ने.का.प. २०६० अङ्क ३, नि.नं. ७२०८ मा सिद्धान्तसमेत प्रतिपादन भएको देखिने।

तसर्थ उक्त जेथाबाट वादी भिरङ्गी साहको लेनदेनको बिगो भराउन मिल्ने नै देखिँदा, सोतर्फ विवेचना नै नगरी मुलुकी ऐन, लेनदेन व्यवहारको २२ नं. को अर्थ गरी अपुताली नखानेलाई साहुले पक्रन हुँदैन भनी सुरू अदालतबाट भएको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०६९।१।४ को फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी जनारसी देवीबाट वादीले साँवा ब्याजसमेत भराई पाउने।

इजलास अधिकृतः नारायण सापकोटा

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७५ साल माघ १३ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७४-CR-०४५७, कर्तव्य ज्यान, *साजी तामाङ वि. नेपाल सरकार र नेपाल सरकार वि. विक्रम वाइवा*

प्रतिवादी साजी तामाङले मार्ने नै उद्देश्यले कुटपिट गरेको नहुँदा तत्काल उठेको रिसको कारण भएको कुटपिटको कारणले मृतकको मृत्यु भएकोले ज्यानसम्बन्धी महलको १४ नं. आकर्षित हुनुपर्नेमा ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सजाय गरेको फैसला उल्टी गरिपाउँ भनी पुनरावेदन गरेतर्फ विचार गर्दा, घा जाँच फारामबाट मृतकको शरीरमा ठाउँठाउँमा चोट लागेको र टाउको जस्तो संवेदनशील अङ्गमा पनि २-३ वटा चोट देखिई गिदीसमेत बाहिर निक्लिएको अवस्थाले पुनरावेदक यी प्रतिवादीबाट मृतकउपर गरिएको प्रहार सामान्य अवस्थाको नभई गम्भीर प्रकृतिकै भन्ने देखिन्छ। मृतकउपर एउटा मात्र चोट नभई शरीरमा विभिन्न चोट देखिएको अवस्थाले मृतकउपर पटकपटक ढुङ्गाले प्रहार गरी चोट पुऱ्याएको र टाउको जस्तो अति संवेदनशील अङ्गमा समेत पटकपटक प्रहार गरेको भन्ने चोटको प्रकृतिले नै देखिई रहेको यस्तो अवस्थामा तत्काल उठेको रिस थाम्न नसकी प्रतिवादीले केही गर्दा मृतकको मृत्यु भएको भन्ने नदेखिने।

प्रस्तुत वारदातको अवस्थालाई हेर्दा प्रतिवादीले मृतकलाई धकेल्दै डिलभन्दा मुनि गहुँबारीमा खसाली सकेपछि पनि नछोडी अब यसलाई मार्नुपर्छ भन्दै दुईजना मिली मृतकलाई टाउको जस्तो संवेदनशील ठाउँमा समेत पटकपटक प्रहार गरेको अवस्थाले प्रस्तुत वारदातमा ज्यानसम्बन्धी महलको १४ नं. को अवस्था रहेको पाइँदैन । ज्यानसम्बन्धी महलको १४ नं. को व्यवस्था आकृष्ट हुनको लागि तत्काल उठेको रिसको आवेगमा तत्कालै चोट छोडिएको हुनुपर्नेमा सो नभई विवाद उत्पन्न भई प्रतिवादीहरूले मृतकलाई धकेल्ने कार्य गरी अब यसलाई मार्नुपर्छ भन्ने कुरामा एक अर्काको बिच सहमत भई पटकपटक टाउको जस्तो संवेदनशील अङ्गमा प्रहार गर्ने कार्य भएको परिप्रेक्ष्यमा ज्यानसम्बन्धीको महलको १४ नं. आकर्षित होस् भनी लिइएको पुनरावेदकको पुनरावेदन जिकिर तथ्यसङ्गत नरहेकोले पुनरावेदकको सो जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लेख भई विवेचना गरिएको आधार, प्रमाण र कारण तथा कानूनी व्यवस्थासमेतबाट ज्यानसम्बन्धी महलको १४ नं. आकर्षित हुनुपर्ने भनि लिइएको पुनरावेदन जिकिर मनासिब नदेखिई प्रतिवादी साजी तामाङलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसुरमा जन्मकैदको सजाय गर्ने गरी भएको सुरूको फैसलालाई सदर गरी उच्च अदालत पाटनबाट मिति २०७३।१२।२१ मा भएको फैसला निज पुनरावेदकको हकमा अन्यथा नदेखिई

मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक साजी तामाङको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

अब प्रतिवादीमध्येका विक्रम वाइवाको हकमा उच्च अदालत पाटनबाट सुरू सदर गर्ने गरी भएको फैसला मिले नमिलेको के हो ? सो सन्दर्भमा साधकको रोहबाट विचार गरी हेर्दा यी प्रतिवादीले आफूसमेत भई मृतकलाई कुटपिट गरेको कुरामा अदालतमा बयान गर्दासमेत आरोपित कसुरलाई स्वीकार गरी साबित रहेको देखिन्छ । अर्का प्रतिवादी साजी तामाङले आफ्नो बयानमा यी प्रतिवादी र मसमेत दुवै मिली मृतकलाई कुटपिट गरेको भनी बयानमा लेखाई दिएको अवस्थासमेत रहेको पाइन्छ। यसरी आरोपित कसुरलाई स्वीकार गरी प्रतिवादी विक्रम वाइवाले अदालतमा समेत साबित भई बयान गरेको र सहप्रतिवादी साजी तामाङले पोल गरी लेखाएको अवस्थासमेत हुँदा यी प्रतिवादी विक्रम वाइवाको हकमा अभियोग माग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई उच्च अदालत पाटनबाट भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृतः धनसिंह गिरी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७६ साल असार २९ गते रोज १ शुभम् ।

## इजलास नं. १३

१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६८-CR-१२३५, जबरजस्ती करणी, *नेपाल सरकार वि. श्रीराम प्रजापति (कोहार) समेत*

पीडिता भनिएकी घ कुमारीले यस्तै प्रकृतिको जाहेरी दरखास्त दिई रूपन्देही जिल्ला अदालतबाट कसुरदार ठहर गरी ६७-०६६-०१००३ को जबरजस्ती करणी मुद्दामा उक्त मुद्दाका प्रतिवादीहरू साबित्री उपाध्याय र सुनिलकुमार उपाध्यायलाई सजायसमेत भएको प्रमाणमा रहेको उक्त मिसिलबाट देखिएको छ । उक्त मुद्दामा पनि आमा साबित्रीले रसीले हातखुट्टा बाँधी दिई छोरा सुनिलकुमारले जबरजस्ती करणी गरेको भनी जाहेरी परेको देखिन्छ । यसरी अलगअलग स्थानमा एकै किसिमको घटना विवरणसहितको वारदात हुनु स्वाभाविक नभएर बनावटी प्रकृतिको देखिएको छ । साथै एउटी आमाले आफ्नो छोरालाई करणी गर्नका लागि सहयोग गरेकी होलिन् भनी वस्तुनिष्ठ प्रमाणको अभावमा अनुमान गर्न सकिने अवस्था हुँदैन । सामान्यतः करणीको वारदातको प्रत्यक्षदर्शी नहुने र पीडिता नै त्यस्तो वारदातको प्रत्यक्ष प्रमाण मान्नु पर्ने भए तापनि त्यस्तो कानूनी व्यवस्थाको दुरूपयोग गरी निर्दोष व्यक्तिलाई फसाई अनुचित लाभ लिने मनसायले प्रस्तुत मुद्दाको जाहेरी परेको हो कि भन्ने प्रवल सम्भावनासहितको शङ्का उत्पन्न भएको छ भनी सोही कुरालाई समेत आधार मानी गरेको पुनरावेदन अदालत बुटवलको फैसलालाई अन्यथा भन्न सकिने अवस्था छैन । त्यसैगरी विद्यासागर शर्मालगायतका मानिसहरूले श्रीराम प्रजापतीले करणी गरे नगरेको थाहा भएन भनी लेखाएको देखिन्छ । उल्लिखित अवस्थामा फौजदारी मुद्दामा कसैलाई पनि वस्तुनिष्ठ प्रमाणको अभावमा वा शङ्काको आधारमा कसुरदार ठहर गर्न मिल्ने नदेखिने ।

पीडिता रूपन्देहीमा काम गर्न बसेको घरमा पनि आमाको सहयोगमा छोराले जबरजस्ती करणी गरेको भनेकी छिन् र नवलपरासीको वारदातमा पनि आमाकै सहयोगमा छोराले जबरजस्ती करणी गरेको भनेकी छिन् । यसरी हेर्दा पीडिताउपर जबरजस्ती करणी हुने गरेको वारदात एउटै पृष्ठभूमि र प्रकृतिको देखाएर पीडिताले जाहेरी दिएकी छिन् । उनी जुन घरमा काम गर्न बस्छिन् त्यही घरमा आमाको सहयोगमा छोराले उनीउपर जबरजस्ती करणी गर्ने गर्छन । फरकफरक घरमा यस्तो वारदात पनि कहीँ समान हुन सक्छ ? पीडिताउपर जबरजस्ती करणीको वारदात भयो भनिए तापनि वारदात गर्न पत्यारिलो र

शङ्कास्पद नहुन आवश्यक छ । जबरजस्ती करणीको वारदातमा किशोरी एवम् महिलाउपर हुने यौन हिंसा र अपराधलाई निश्चय नै गम्भीर प्रकृतिको कसुरमा नै अदालतले स्वीकार्दै आएको छ, तापनि त्यस्तो वारदात र अपराधको पृष्ठभूमि र प्रकृतिसँग पीडिताको योनि परीक्षण प्रतिवेदन र पीडिताको भनाइबिच सामञ्जस्यता हुनु मात्र पर्दैन, विश्वसनीय र भरपर्दो प्रकृतिको पनि हुनु पर्दछ । प्रस्तुत मुद्दामा पीडिताको गतिविधि, आचरण, स्वभाव, मनसाय, विचार, जाहेरी र निजको कथनबिच विश्वसनीय रूपमा तादम्यता रहेको देखिँदैन । प्रस्तुत मुद्दाको वारदातले जबरजस्ती करणीको अभियोगमा प्रारम्भमा जबरजस्ती करणीको वारदात नै भएको हो कि होइन ? भनी प्रथमदृष्टिमै तथ्य र पीडिताको भनाइको गहिराईमा पुगेर पहिल्याउनु पर्ने अवस्था देखिने ।

पीडिता घ कुमारीको शारीरिक परीक्षण प्रतिवेदन हेर्दा निजको योनि छेदन भएको भन्ने देखिएको छ । निजको करणी भएको यकिन गरी भन्न नसकिने, योनिको भित्री भागमा घाउ, चोटपटक तथा निलडाम छैन, शरीरको अन्य भागमा घाउ चोटपटक तथा निलडाम छैन भनी उल्लेख भएको पाइन्छ । शारीरिक परीक्षण प्रतिवेदनमा पीडिता घ कुमारीको योनि छेदन भएको भनिए तापनि योनि छेदन भएको हालको अवस्था हो कि पुरानो अवस्थाको हो भनी भन्न नसकेको देखिन्छ । यिनै पीडिताले जबरजस्ती करणी भएको भनी रूपन्देही जिल्ला अदालतमा मुद्दा चली निर्णय भइसकेको अवस्था देखिँदा त्यसपछिको प्रस्तुत वारदातमा पनि करणी भएकै हो भनी चिकित्सकको बकपत्रबाट पुष्टि हुन सकेको देखिएन । पुनरावेदक वादीले हातखुट्टा बाँधी जबरजस्ती करणी गरेको भनी लिएको जिकिरका सम्बन्धमा त्यसरी जबरजस्ती करणी गरेको भए निजको योनि तथा शरीरका अन्य भागमा संघर्षका लक्षणहरू हुनुपर्नेमा सोसमेत नदेखिने ।

अतः उल्लिखित विवेचित आधार, कारण र प्रमाणहरूको आधारमा पीडिता भनिने घ कुमारीले लगाएको आरोपमा प्रतिवादीहरू अनुसन्धान अधिकारी र अदालतमा इन्कार रहेको, पीडिता भनिएकी घ कुमारीले रूपन्देही जिल्ला अदालतमा समेत सोही प्रकृतिको मुद्दा दायर गरी सो मुद्दामा फैसलासमेत भएको तथा आफूमाथि जबरजस्ती करणी भएको भने तापनि वस्तुनिष्ठ प्रमाणको आधारमा सो आरोपलाई शङ्कारहित तवरबाट पुष्टि गर्न नसकेको अवस्थामा नवलपरासी जिल्ला अदालतको मिति २०६७।८।७ को फैसलालाई केही उल्टी गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०६८।०९।१३ मा प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ पाउने गरी भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : तिलक कार्की

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७६ साल साउन २० गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७५-WO-०११९, उत्प्रेषण / प्रतिषेध, *गणेशप्रसाद चापागाई वि. भद्रपुर नगरपालिकाको कार्यालय, झापासमेत*

निवेदकले मिति २०५४।६।२ मा प्रविला श्रेष्ठसँग खरिद गरी बिक्री गरेको कि.नं.४९ को जग्गा निज प्रविला श्रेष्ठको दाताको श्रीमती वसन्तकुमारी विश्वकर्माले १ वर्षभित्र साँवा ब्याज बुझाएपछि जग्गा फिर्ता दिउँला भन्ने निवेदकको भनाइका आधारमा धितो राखेको जग्गा नदिएकाले फिर्ता गराई माग्न न्यायिक समितिमा निवेदन दिएको पाइन्छ । उक्त जग्गा निवेदकले खरिद गरेको लिखतमा धितोबापत लिएको भन्ने खुलाएको देखिँदैन । निवेदकले उक्त जग्गा सुनिल मेचेलाई मिति २०६७।११।२५ मा बिक्री गरेको देखिन्छ । निज वसन्तकुमारी विश्वकर्माले जग्गा फिर्ता गराई माग्न न्यायिक समितिमा निवेदन दिएको समयमा उक्त जग्गा निवेदक गणेशप्रसाद चापागाईंको स्वामित्वमा रहेको नदेखिने ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ ले न्यायिक समितिलाई विवादको न्याय

निरूपण गर्ने तथा मेलमिलाप गराउने अधिकारक्षेत्र सीमित गरेको देखिन्छ । यसको प्रयोग असीमित तरिकाले गर्न मिल्दैन । कानूनद्वारा स्थापित निकायले कानूनबमोजिम आ-आफ्नो अधिकारको प्रयोग गर्नुपर्दछ । अधिकारक्षेत्र नै नरहेको विषयमा गरेको काम कारबाहीले कानूनी मान्यता पाउने देखिँदैन । विपक्षी वसन्तकुमारीको श्रीमान्सँग प्रविला श्रेष्ठले र निज प्रविलाबाट यी निवेदकले खरिद गरी तहतह हुँदै बिक्रीबाट अन्य व्यक्तिमा हक हस्तान्तरण भई गएको जग्गा न्याय निरूपण गरी फिर्ता गराउने अधिकारक्षेत्र न्यायिक समितिलाई रहेको देखिँदैन । साथै दाबीको जग्गाको स्वामित्व नै नरहेको व्यक्तिलाई छलफल गर्न झिकाई मेलमिलापको प्रक्रियाद्वारा विवादको निरूपण गर्ने भन्ने कुरा पनि तर्कपूर्ण हुँदैन । उक्त ऐनको दफा ४७ बमोजिम निवेदकलाई झिकाई कारबाही गर्ने अधिकारक्षेत्र न्यायिक समितिलाई रहेको देखिएन । तसर्थ, हक हस्तान्तरण भई गएको जग्गा फिर्ता गराउने भद्रपुर नगरपालिकाको न्यायिक समितिको काम कारबाही अधिकार क्षेत्रविहीन देखिने ।

अब दोस्रो प्रश्नतर्फ विचार गर्दा बिक्री गरी हक हस्तान्तरण भई गएको निवेदकको स्वामित्वमा नरहेको जग्गा फिर्ता गराउन न्यायिक समितिले निवेदकलाई म्याद जारी गरी झिकाई कारबाही चलाएको कार्य अधिकारक्षेत्रको अभावमा कानूनविपरीत देखिन्छ । यसरी विपक्षीको निवेदनमा कारबाही चलाएको कार्य कानूनविपरीत भए तापनि सो सम्बन्धमा न्यायिक समितिबाट के निर्णय भयो भन्ने स्पष्ट रूपमा निवेदनमा जिकिर लिन सकेको देखिँदैन । मिलापत्र गराउन दबाब दिएको भन्नेसम्म देखिन्छ । साथै विपक्षी वसन्तकुमारी विश्वकर्माले निवेदक हाजिर नभएकोले सुनुवाइ नभई तारिख टुटाइएको अवस्था छ भनी लिखित जवाफमा उल्लेख गरेकोले न्यायिक समितिबाट निर्णय भएको भन्ने देखिन आउँदैन । तसर्थ, भद्रपुर नगरपालिकाको न्यायिक समितिले विपक्षी वसन्तकुमारी विश्वकर्माले दिएको निवेदनमा निर्णय गरी निवेदकको संवैधानिक तथा कानूनी हकमा आघात पारेको भन्ने देखिन नआएकोले निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी गर्नु पर्ने नदेखिने ।

विपक्षी वसन्तकुमारी विश्वकर्माले जग्गा फिर्ता सम्बन्धमा न्यायिक समितिमा दिएको निवेदनमा तारिख टुटाएको जिकिर गरे पनि उक्त निवेदन अन्तिम अवस्थामा रहेको भन्ने देखिँदैन । न्यायिक समितिलाई जग्गाको हकाधिकार सम्बन्धमा निवेदन लिई कारबाही किनारा गर्ने अधिकारक्षेत्र रहेको पाइँदैन साथै दाबीको जग्गामा रिट निवेदकको हाल स्वामित्व नरहेको अवस्थामा मेलमिलाप हुन सक्ने पनि देखिँदैन । यस्तो अवस्थामा जग्गा फिर्ताको लागि कारबाही गर्न विपक्षीको निवेदन मागबमोजिम निवेदकलाई झिकाएको देखिँदा भद्रपुर नगरपालिकाको न्यायिक समितिले उक्त निवेदनमा कारबाही अगाडि बढाई निवेदकको हक अधिकारमा आघात पुऱ्याउन सक्ने आशङ्का रहेकोले सो कार्यलाई रोक्न प्रतिषेधको आदेश जारी गर्नु पर्ने देखिने ।

अतः जग्गा फिर्ता गर्ने सम्बन्धमा विपक्षी वसन्तकुमारी विश्वकर्माले दिएको निवेदनमा न्यायिक समितिबाट निर्णय भएको नदेखिएकोले निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी गर्नु पर्ने देखिएन । उक्त कामकारबाही अधिकारक्षेत्रको अभावमा कानूनविपरीत भए पनि विपक्षी वसन्तकुमारी विश्वकर्माको निवेदनमा कारबाही हुन सक्ने आशङ्का रहेको देखिँदा सो निवेदनमा अब कुनै पनि काम कारबाही नगर्नु, नगराउनु भनी भद्रपुर नगरपालिकाको न्यायिक समितिका नाउँमा प्रतिषेधको आदेश जारी हुने ।

इजलास अधिकृतः मेघनाथ चापागाईं

इति संवत् २०७६ साल असार २२ गते रोज १ शुभम् ।

## इजलास नं. १४

१

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७५-RC-००९०, कर्तव्य

ज्यान, *नेपाल सरकार वि. पेम्बाठूले शेर्पा*

घट्ना विवरण कागजमा बस्ने पेम्बालामु शेर्पाले अनुसन्धानको क्रममा गरेको कागज र अदालतमा गरेको बकपत्र, मृतकको शव परीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा, प्रतिवादीले अनुसन्धानको क्रममा र अदालतमा गरेको बयान एवम् मौकामा बुझिएका लाक्पाछिरी शेर्पा, पासाङनिमा शेर्पालगायतका व्यक्तिले गरिदिएको बकपत्रसमेतका प्रमाणबाट प्रतिवादी पेम्बाठूले शेर्पाले प्रहार गरेको चोटको कारण मृतक पासाङडोमी शेर्पाको मृत्यु भएको पुष्टि हुन आएकोले प्रतिवादी पेम्बाठूले शेर्पालाई अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको १ र १३(३) नं. को कसुरमा ऐ. १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरेको उच्च अदालत विराटनगर, इलाम इजलासबाट भएको फैसला मिलेकै देखिने।

जहाँसम्म मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम सर्वस्वसहितको जन्मकैद चर्को पर्न जाने हुँदा प्रतिवादीलाई ७ वर्ष कैद गर्नु भनी राय कायम गरिएको छ सो सम्बन्धमा हेर्दा मृतक र प्रतिवादी पत्नी र पतिको नाता सम्बन्ध रहेको देखिन्छ । वारदातको समयमा मृतक र प्रतिवादी दुवैले मादक पदार्थ रक्सी, तोङ्वा सेवन गरेको देखिन्छ। प्रतिवादी दिनभर काठ काट्न गई थकित अवस्थामा घर आई तोङ्वा खान लाग्दा मृतक गाउँबाट मातेर आएकी र मृतकसमेतले सँगै तोङ्वा खाएको देखिन्छ। मृतक पुनः रक्सी खान गाउँ जान लाग्दा नजानु भनी प्रतिवादीले रोक्न खोज्दा सो कुराको विवाद उठी झगडा हुन पुगेको देखिन्छ। सो तत्काल रिस उठी भएको झगडामा प्रतिवादीले लात्ता मुक्काले गरेको प्रहार संवेदनशील ठाउँमा लाग्न गई सोही कारण मृतकको मृत्यु भएको देखिने।

प्रतिवादीले वारदातको सम्बन्धमा इमान्दारीपूर्वक मौकामा एवम् अदालतमा समेत नढाटी बयान गरेको देखिन्छ । मृतक र प्रतिवादीबिच मार्नु पर्नेसम्मको पूर्वरिस, इवी, कारण, अवस्था र नियत भएको देखिँदैन। प्रतिवादी र मृतकका नाबालिग छोरा छोरी रहेको देखिन्छ। नाबालिग छोरा छोरीको हेरचाह पालन पोषण गर्नु पर्ने दायित्व अभिभावकको हुन्छ। घरकी आमाको मृत्यु भएको, बाबुलाई आमाको हत्यामा सर्वस्वसहित जन्मकैद गर्दा नाबालिग बालबच्चाको भविष्य अन्धकारमय हुने, आर्थिक क्षतिसमेत बेहोर्नु पर्ने हुँदा ऐनले तोकेको सजाय चर्को पर्नजाने देखिँदा प्रतिवादीलाई ७(सात) वर्ष कैद गर्दा नै न्यायको मक्सद पूरा हुने देखिँदा प्रतिवादी पेम्बाठूले शेर्पालाई ७ (सात) वर्ष मात्र कैद हुन राय व्यक्त गरी सुरू जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरेको उच्च अदालत विराटनगर, इलाम इजलासबाट भएको फैसला मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद ४ अनुसार कसुरको गम्भीरता घटाउन सक्ने दफा ३९ को (ख)(ग) र (ञ) मा व्यवस्था भएको र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क मा समेत कम सजाय तोक्न सक्ने व्यवस्था देखिँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम व्यक्त गरेको रायसमेत मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल वैशाख २५ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या. श्री हरिप्रसाद फुयाल,** ०७५-WH-०१६७, बन्दीप्रत्यक्षीकरण, *श्रीमती विनोद पुन वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

मिति २०७५।११।२४ गते अ.१९.४५ बजेको समयमा का.जि.का.म.न.पा.वडा नं.३ स्थित रोहन गुरूङको घरमा बम विष्फोट गराई मनिराम पोखरेल, शैलेन्द्र खड्का, दिवाकर गुरूङ, ममता गौतम, मिलन बस्नेत घाइते भएको र बा. १० च ६७८१ नं. को गाडीमा आगो लागी क्षति भएको भन्ने बेहोराको जाहेरी तथा निज नुमबहादुर वि.क. समेत भई रोहन गुरूङको घरमा बम विष्फोट गराई गाडीसमेत जलाई क्षति गराएको घटनामा संलग्न नुमबहादुर वि.क. लाई मिति

२०७५।१२।५ गते महान् सर्वहारा सांस्कृतिक क्रान्ति दस्तावेज लेखेको झोला तथा मोबाइल सेटसमेत फेला परेको हुँदा निज नुमबहादुर वि.क.लाई विष्फोटक पदार्थ तथा ज्यान मार्ने उद्योग र संगठित अपराध मुद्दामा कारबाही गरिपाउँ भनी प्रतिवेदनसाथ पेस गरेको हुँदा महानगरीय प्रहरी परिसर कार्यालयको कसुर दर्ता किताबमा दर्ता गरी निज रिट निवेदक आशिष भन्ने नुमबहादुर वि.क. लाई म्याद थपको लागि सम्बन्धित सक्कल मिसिल कागजातहरूसहित जिल्ला सरकारी वकिल कार्यालय बबरमहल काठमाडौंमार्फत काठमाडौं जिल्ला अदालतमा उपस्थित गराइएको देखिन्छ । काठमाडौं जिल्ला अदालतबाट मिति २०७५।१२।५ गतेबाट लागू हुने गरी पहिला पटक दिन ५ को म्याद ऐ. १० गतेबाट लागू हुने गरी दिन २ को म्याद थप र ऐ. १२ गतेबाट लागू हुने गरी दिन ८ थप ऐ. २० गतेबाट लागू हुने गरी दिन ७ को म्याद थप ऐ. २७ गतेबाट लागू हुने गरी दिन १० म्याद र मिति २०७६।१।७ गते बाट लागू हुने गरी दिन १५ म्याद थप भई अनुमति प्रदान भई आएकोमा सम्पूर्ण अनुसन्धान कार्य पूरा गरी प्रहरी प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी यी निवेदक नुमबहादुरको हकमा विनोद पुन भएको विष्फोटक पदार्थ तथा ज्यान मार्ने उद्योग र संगठित अपराध मुद्दामा कारबाही गरिपाउँ भनी मुद्दा चलाइएको देखिने।

यसरी प्रक्रिया पुऱ्याई कानूनअनुसार थुनामा राखी मुद्दाको कारबाही गरेको अवस्थामा निवेदकलाई विष्फोटक पदार्थ तथा ज्यान मार्ने उद्योग र संगठित अपराध मुद्दामा कारबाही सिलसिलामा म्याद थपसमेत लिई गैरकानूनी तरिकाबाट थुनामा राखेको भनी भन्न मिल्ने अवस्था देखिँदैन। कानूनबमोजिम कार्य पूरा गरी सरकारी मुद्दासम्बन्धी ऐनअनुसार अदालतबाट म्याद थप लिई थुनामा राखिएको र निवेदकउपर विष्फोटक पदार्थ तथा ज्यान मार्ने उद्योग र संगठित अपराध मुद्दामा कारबाही गरिपाउँ भनी अभियोग लगाएकोसमेत देखिएबाट र उक्त अभियोगसँग सम्बन्धित अन्य व्यक्तिहरूसँग निज निवेदकको सम्बन्ध भएको भन्ने प्रमाणलगायत लिखित जवाफबाट देखिएकोसमेत कारणले उक्त दायर भएको मुद्दाबाट नै थुनछेकको अवस्थामा कानूनबमोजिम विचार हुने नै हुँदा यस्तो कार्यलाई गैरकानूनी थुना भनी भन्न मिल्ने अवस्था देखिन आएन। कानूनी प्रक्रिया पूरा गरी थुनामा राखेको देखिएबाट निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था देखिएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल वैशाख २५ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या. श्री हरिप्रसाद फुयाल,** ०७५-WH-०१७२, बन्दीप्रत्यक्षीकरण, *गुञ्जन विष्ट वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

निवेदक नविन विष्ट सरकारको नियन्त्रणमा रहेको कारागारभित्रै रहिरहेको अवस्थामा कानूनविपरीतको कार्य गरेको भनी निवेदकलाई विना कारण पटकपटक प्रवृत्त भावना राखी पक्राउ गरेको देखिएको र निजलाई तीनपटक बन्दीप्रत्यक्षीकरणको रिट जारी भइरहेको अवस्थामा पनि पुनः पक्राउ गर्ने गरेको, पक्राउ गर्ने उचित कानूनी आधार कारण नदेखिएको, म्याद थप माग गर्दा वा म्याद थप हुँदाको अवस्थामा आधार कारण विना नै म्याद थप भएको देखिँदा यस्तो कार्यले कानूनी मान्यता प्राप्त गर्न सक्ने अवस्था नदेखिने।

यसरी पटकपटक पक्राउ गर्ने र यस अदालतबाट बन्दीप्रत्यक्षीकरण जारी गरी छोड्दा पनि बन्दीलाई निरन्तर थुनामा राख्ने प्रवृत्त भावनाबाट पक्राउ गरेको होइन भनी भन्न सकिने अवस्था नदेखिई गैरकानूनी थुनामा राखेको देखिन आएबाट सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(घ) बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

निवेदकको हकमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई मिति २०७६।१।२५ गते निज रिट निवेदकलाई सर्वोच्च अदालतका रजिस्ट्रारको

रोहवरमा गैरकानूनी थुनाबाट थुनामुक्त गरिसकेको यस अदालतको मिति २०७६।०१।२५, च.नं.७६३०६-२९५९९७ को पत्रानुसार देखिएकोले अरू केही गरी रहनु नपर्ने।

इजलास अधिकृत: जयराम श्रेष्ठ
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७६ साल वैशाख २५ गते रोज ४ शुभम्।

## इजलास नं. १५

१

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-१२७६, चेक अनादर, *धनध्वज लामा वि. गौरी गिरी*

प्रत्यर्थी वादी गौरी गिरीबाट निज पुनरावेदक प्रतिवादी धनध्वज लामाले रूपैयाँ लगी सोबापत निज वादीलाई आफ्नै नाममा रहेको हिमालयन बैंक लि. भक्तपुर शाखाको खाताको चेक दिएका र प्रतिवादीबाट जारी भएको सो चेक रकम नभएको कारणले भुक्तानी हुन नसकेको भन्ने कुरा स्थापित तथ्यको रूपमा देखिएको छ । यसमा विवाद देखिँदैन । जहाँसम्म उक्त चेक करकाप गरी बाध्य पारी लिइयो भन्ने पुनरावेदक प्रतिवादीको भनाइ हो सो सम्बन्धमा निज पुनरावेदक प्रतिवादीले काठमाडौं जिल्ला अदालतमा दायर गरेको करकाप मुद्दामा "मिसिल संलग्न सक्कल लिखत हेर्दा वादीले गौरी गिरीबाट रकम लिई सोको छ महिनाभित्र हिमालयन बैंक भक्तपुर शाखाबाट भुक्तानी पाउने गरी चेकमा अङ्ग र अक्षरले रकम उल्लेख गरी दुई ठाउँमा सही गरी साक्षीसमेत राखी लिखत खडा गरेको देखिएबाट प्रतिवादीहरूले करकापसँग कागज गराए भन्ने वादी दाबी विश्वासलायक नदेखिँदा वादी दाबी नपुग्ने ठहर्छ" भन्ने काठमाडौं जिल्ला अदालतबाट भएको फैसला पुनरावेदन अदालत पाटनबाट सदर भई अन्तिम रहेको भन्ने प्रमाणको उक्त करकाप मुद्दाको प्रमाण मिसिलबाट देखिँदा स्वेच्छापूर्वक जारी गरिएको चेक खातामा खाम्नेसरहको रकम नभएको कारणले नगद भुक्तान नभएपछि यस्तो अवस्थामा अन्यथा पुष्टि नहुँदासम्म चेक अनादर भएको भन्ने नै देखिने।

यस्तो अवस्थामा चेक जारी गर्ने सम्बन्धित व्यक्ति पुनरावेदक प्रतिवादीले विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा १०७क मा भएको "बैङ्कमा आफ्नो निक्षेप छैन वा निक्षेप भए पनि पर्याप्त छैन भन्ने जानीजानी कुनै व्यक्तिले चेक काटी कसैलाई हस्तान्तरण गरेमा र त्यसरी हस्तान्तरण गरिएको चेक भुक्तानीको लागि सम्बन्धित बैङ्कसमक्ष प्रस्तुत गर्दा पर्याप्त निक्षेप नभएको कारणबाट बैङ्कबाट चेक अनादर भएमा चेक काट्ने व्यक्तिबाट चेकमा उल्लिखित रकम र ब्याजसमेत धारकलाई भराई चेक काट्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ" भन्ने व्यवस्था भएको देखिँदा कानूनमा भएको सो व्यवस्थानुसार प्रतिवादीले दायित्व बहन गर्नुपर्ने कुरामा कुनै सन्देह नदेखिने।

यसरी कानूनमा भएको उल्लिखित व्यवस्थाले चेक अनादर हुने गरी चेक जारी गर्ने व्यक्तिलाई देवानी दायित्व (Civil Liability) को साथै फौजदारी दायित्व (Criminal Liability) को समेत व्यवस्था गरेकोबाट प्रतिवादीलाई रू.१००।- (एक सय) जरिवाना गरेको कुरालाई अन्यथा भन्नु पर्ने अवस्था मिसिलबाट नदेखिँदा प्रतिवादीलाई फौजदारी दायित्व (Criminal Liability) अन्तर्गत सजाय गर्ने गरी भएको इन्साफलाई अन्यथा भन्नु पर्ने नदेखिने।

तसर्थ उल्लेख भई विवेचना भएको आधार, प्रमाण र कानूनी व्यवस्थासमेतबाट सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।१।२३ मा भएको फैसलालाई केही उल्टी गरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७२।३।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः नारायण सापकोटा / धनसिंह गिरी
कम्प्युटरः चन्द्रावती तिमल्सेना
इति संवत २०७६ साल भदौ ११ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CI-१६१०, रै.प. दर्ता नामसारी, *पर्शुराम बुढाथोकीसमेत वि. रामभक्त मानन्धरसमेत*

वादीहरूले आफ्ना पिताको नामको २४ नं. मौजे सोधाल गबु नं. ३११ समेतबाट भिडी दर्ता हुने दाबी लिएको सो सोधालको मौजाबाट सुडाल गाउँ विकास समितिको जग्गा दर्ता हुने भन्ने मालपोत कार्यालयबाट प्राप्त लगत विवरणबाट पुष्टि भएको देखिन्छ । उल्लिखित दर्ता उतार हेर्दा वादीहरूका बाजे हरिनारायण मानन्धरको नाममा कायम भई रैकर परिणत भइसकेको देखिने।

केबल मोहीले फिल्डबुकमा बिर्ता लेखाएको बाहेक अन्य कुनै आधार प्रमाण नरहेको, बिर्ता के कसरी हुने भन्ने स्पष्ट मनासिब आधार नै नरहेको अवस्था हुँदा मिसिल संलग्न जग्गाधनी दर्ता प्रमाणपुर्जा, मालपोत कार्यालय, भक्तपुरको मिति २०६७।११।१० को टिप्पणी आदेशको फिल्डबुकअन्तर्गत किसानको बेहोरामा हरिभक्तको बिर्ता हो भन्ने उल्लेख भएको, सोही पर्चाको प्रकरण ८ मा भूमिसुधार कार्यालय, भक्तपुरको च.नं. ७८८६ मिति २०६७।३।२० को पत्रबाट प्राप्त २ नं. अनुसूचीको बेहोरामा जग्गाधनीको नाम ठेगानाको महलमा हरिभक्त उल्लेख भएको, मोठ स्रेस्ताको बेहोरामा समेत जग्गाधनीको नाम हरिभक्त मानन्धर देखिएको, नापी शाखा भक्तपुरको मिति २०४२।११।३० को फिल्डबुक उतार प्रतिलिपिमा किसानको बेहोरामा हरिभक्तको बिर्ता हो भनी उल्लेख भई उल्लिखित ती स्रेस्तासमेतका प्रमाणहरूबाट दाबीको कि.नं. ५४० को जग्गा रैकरमा परिणत भई दर्ता हुनसम्म बाँकी रहेको भन्ने देखिने।

अतः विवादित दाबीको कि.नं. ५४० को जग्गा वादीका बाजे हरिनारायणकै पालामा रैकरमा परिणत भई दर्ता हुनसम्म बाँकी रहेको भएपनि रैकरमा परिणत भइसकेको र नापीकै समयमा हरिभक्त मानन्धरका नाममा जग्गाको लगत स्रेस्ता भिडी जग्गाधनी दर्ता प्रमाणपुर्जा तयार भई दर्तासम्म बाँकी रहेको अवस्था भएकोले यस्तो अवस्थामा दाबीको जग्गा वादीका नाममा नामसमारी हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसला अन्यथा नदेखिने।

तसर्थ उल्लेख भई विवेचना भएको आधार, प्रमाण र कानूनी व्यवस्थासमेतबाट सुरू भक्तपुर जिल्ला अदालतको मिति २०६८।८।१५ को फैसला उल्टी भई दाबीको कि.नं. ५४० को जग्गा वादीका नाममा नामसारी दर्ता हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७१।५।८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः नारायण सापकोटा

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७६ साल भदौ११ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** ०७२-CI-१०५०, लिखत बदर दर्ता बदर दर्ता कायम, *उग्रकान्त झा वि. अर्चना सिंह*

विनयकुमार सिंहको धर्मपत्नी निर्मला सिंह र रमणकुमार सिंहको धर्मपत्नी अर्चना सिंहबाट आ-आफ्ना छोरा विकास सिंह र तनय सिंहको संयुक्त नाउँमा विवादित कि.नं. १११ को जग्गा र.नं. ३०४८ मिति २०६६।६।१ को लिखतबाट आएको कुरामा विवाद देखिँदैन। बकसपत्रको लिखतमा उल्लेख भएका सर्तहरू स्वीकार गरी संरक्षक भई आफूहरूले सर्त पालना गर्न मन्जुर गरी भएको उक्त बकसपत्र लिखतको आधारमा संयुक्त नाउँमा कायम रहेको विवादित जग्गाको दर्तासमेत नफुटाई अर्को दर्तावालाको मन्जुरी पनि नलिई र.नं.१००१ मिति २०६९।४।१६ मा उग्रकान्त झालाई प्रत्यर्थी प्रतिवादी हेरम्बप्रसाद सिंह र विकास सिंहले राजीनामा लिखत गरिदिएको कार्य कानूनी र व्यावहारिकरूपमा समेत नमिल्ने देखिने।

सामान्यतया दुईजना व्यक्तिको संयुक्त नाउँमा रहेको जग्गामा दुवै व्यक्तिको बराबर हक कायम हुने हुन्छ । यस्तो जग्गाको हक हस्तान्तरण गर्दा अर्को पक्षको मन्जुरी लिनुपर्नेमा सो नलिई, तर्फसमेत नखुलाई प्रस्तुत विवादमा संयुक्त नाममा

जग्गा प्राप्त गर्दाको हालको बकसपत्रमा उल्लिखित सर्तको समेत उल्लङ्घन गरी राजीनामा पारित गरी दिए लिएको व्यवहार कानूनको रोहमा मिल्ने देखिँदैन । त्यसकारण र.नं. ३०४८ मिति २०६६।६।१ को बकसपत्रको लिखतमा भएका सर्तहरू विपरीत संयुक्त नाउँमा दर्ता रहेको जग्गा अर्को पक्षको मन्जुरी नलिई, एक अर्काको मन्जुरीबेगर जग्गाको तर्फ जस्तो महत्त्वपूर्ण विषयलाई गौण राखी प्रत्यर्थी प्रतिवादीहरूबिच राजीनामा लिखतबाट हक हस्तान्तरण गरीदिएको र.नं.१००१ मिति २०६९।४।१६ को राजीनामा लिखतलाई कानूनी रूपमा मान्यता दिन मिल्ने अवस्था देखिन नआउने ।

तसर्थ, वादी दाबी नपुग्ने ठहर गरी सुरू अदालतबाट भएको मिति २०७०।२।२९ को फैसला केही उल्टी गरी विकास सिंह र तनय सिंह नाबालक रहेका बखत वादीकी आमा संरक्षकको लिखित मन्जुरीबेगर संयुक्त नाउँमा दर्ता रहेको जग्गामध्ये तर्फसमेत नखुलाई गरिदिएको लिखत बदर भई दर्ता बदरसमेत हुने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।१।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : विकास बस्नेत

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७६ साल साउन २२ गते रोज ४ शुभम् ।

## एकल इजलास

१

**स.प्र.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७५-WO-०६६६, उत्प्रेषण, *कारी शाह तेलीसमेत वि. धनुषा जिल्ला अदालत जनकपुरसमेत*

जग्गा खिचोला चलन मुद्दामा यस अदालतबाट मिति २०६४।११।२६ मा भएको अन्तिम फैसलाअनुसार चलनको लागि वादीको दरखास्त परी फैसला कार्यान्वयनकै क्रममा यिनै विपक्षी रामदयाल साह तेलीले ०६८-WO-१०१५ को उत्प्रेषणको रिट निवेदन दायर गरेकोमा "नक्सा नं. ११(ख) को जग्गा चलन चलाई दिनु भनी धनुषा जिल्ला अदालतबाट मिति २०६८।९।२२ मा भएको आदेश बदर गरी नक्सा नं. ११(ख) को जग्गाका सम्बन्धमा चलन चलाई दिने कार्य नगर्नु भनी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६९।१।७ मा भएको आदेश मिलेकै देखिँदा सो आदेश बदर गरिपाउँ भनी परेको प्रस्तुत रिट निवेदन खारेज हुने" ठहरी यस अदालतबाट मिति २०७४।२।८ मा अन्तिम आदेश भएको देखिने ।

कुनै विषयवस्तुका सम्बन्धमा अदालतबाट भएको अन्तिम निर्णय कार्यान्वयनयोग्य (Enforceable) हुन्छ । यो फैसला अन्तिमताको सिद्धान्त (Finality of decision) सँग सम्बन्धित विषय हो । यसरी दाबीको विवादको सम्बन्धमा यस अदालतबाट समेत अन्तिम फैसला भई विवादको निराकरण भइसकेको र फैसला कार्यान्वयनको क्रममा सिर्जित द्विविधासमेत यस अदालतबाट भएको उक्त रिट निवेदनको अन्तिम आदेशबाट निराकरण भइसकेको भन्ने देखिने ।

यस अदालतबाट २०६४।११।२६ मा नै अन्तिम फैसला भई निश्चित रूपमा निराकरण भइसकेका विषयहरूमा आत्मनिष्ठ दृष्टिकोण वा फितलो तर्क उपस्थित गराई अन्यौलता सिर्जना गर्न खोज्नु न्यायिक अनुशासन र न्यायिक मान्यतासमेतको प्रतिकूल कार्य हो । यस्तो कार्यले मुद्दाको निराकरण वा समाप्ति (Finality) कहिले नहुने र अनिश्चतताको अन्त्यहीन श्रृङ्खलाको निर्माण हुन पुग्दछ । यस्तो अवस्था सिर्जना भएमा छिटो छरितो तथा प्रभावकारी न्याय प्राप्त गर्न पाउने मुद्दाका पक्षको अधिकारमा अवरोध उत्पन्न हुन जाने ।

यसरी अन्तिम फैसला भइसकेको विषयमा अन्य कुनै वहानामा फैसला कार्यान्वयनको कार्य स्थगित राख्नु कानूनी एवम् न्यायिक दृष्टिकोणबाट समेत आवश्यक र उपयुक्त नहुँदा फैसला कार्यान्वयनको कारबाही स्थगित गर्नु गराउनु भनी उत्प्रेषणलगायतका आदेश जारी गरिपाउँ भनी दायर भएको प्रस्तुत रिट

निवेदनमा प्राथमिक (Prima Facie) रूपमा नै थप कारबाही गरिरहनु पर्नेसम्मको अवस्था नदेखिने।

तसर्थ उल्लिखित आधार कारणसमेतबाट प्राथमिक रूपमा नै यस रिट निवेदनका सम्बन्धमा थप कारबाही गरिरहनु पर्नेसम्मको अवस्था नदेखिँदा विपक्षीहरूबाट लिखित जवाफ मगाई रहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : ठाकुरप्रसाद खरेल
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०७५ साल माघ ७ गते रोज २ शुभम्।

२

**स.प्र.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७५-WO-०८६७, उत्प्रेषण, *डोलेन्द्र शर्मा वि. भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय, काठमाडौंसमेत*

मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी बनाई कानूनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, आर्थिक अनुशासन, स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यताहरूलाई आत्मसात् गरी सुशासनको प्रत्याभूति दिने सन्दर्भमा नियामक निकायले प्रचलित कानूनको परिधिभित्र रही सोको प्रत्याभूतिका लागि मातहत निकायका सम्बन्धमा आवश्यक कार्य, निर्णय वा निर्देशन गर्न पाउने नै हुने।

प्रस्तुत सन्दर्भमा संस्थाको उद्देश्य तथा लक्ष्य प्राप्तिका लागि आवश्यक नीति नियम एवम् योजनाको तर्जुमा गरी कार्यान्वयन गराउने संस्थाको सञ्चालक समितिको अध्यक्ष भएका यी निवेदकले आफ्नै अध्यक्षतामा बसेको सञ्चालक समितिको बैठकबाट आफूले आफैँलाई महाप्रबन्धकमा योग्य ठहर गरी नियुक्ति गरेको भन्ने देखिन आउने।

सार्वजनिक जिम्मेवारीको पदमा नियुक्तिको लागि छनौट गर्दा पदीय जिम्मेवारीअनुसारको योग्यता र व्यावसायिक दक्षतासमेतको वस्तुगत आधारमा मापन गरी योग्यतम् व्यक्तिमध्येबाट व्यावसायिक कर्तव्य निर्वाह गर्न सक्ने योग्य व्यक्तिको चयन गर्नु छनौट पद्धतिको मूल्य र मान्यता हो। प्रस्तुत सन्दर्भमा यी निवेदकले आफ्नै अध्यक्षतामा बसेको सञ्चालक समितिको बैठकबाट आफूले आफैँलाई महाप्रबन्धकमा योग्य ठहर गरी आफैँले आफैँलाई नियुक्ति गरेको कार्यलाई सामान्य समझको मानिस (Person of Common Prudence) समेतले सो छनौट प्रक्रियालाई प्राथमिक रूपमा नै स्वच्छ तवरबाट भएको भनी मान्न सक्ने अवस्था नरहने।

संस्थागत रूपमा हुने कामकारबाहीहरू कानून, पद्धति र प्रचलनमा आधारित हुन्छ। आत्मनिष्ठ अधिकारको प्रयोग स्वेच्छाचारी तरिकाबाट हुनुहुँदैन भन्ने मान्यतालाई यस अदालतले स्वीकार गरिआएको छ। यसरी आफैँ अध्यक्ष भएको सञ्चालक समितिबाट मर्यादाक्रममा सोभन्दा तल्लो तहको महाप्रबन्धक पदमा आफैँले आफैँलाई योग्य ठहर गरी नियुक्त गर्ने कार्य प्रचलित कानूनी व्यवस्था, प्राकृतिक न्यायको सिद्धान्त, स्थापित पद्धति, प्रक्रिया र मान्यतासमेतको विपरीत देखिँदा सो नियुक्ति प्रक्रियाले प्राथमिक (Prima Facie) रूपमा नै वैधानिकता प्राप्त गर्न सक्ने अवस्था नरहने।

तसर्थ उल्लिखित आधार कारणसमेतबाट प्रस्तुत रिट निवेदनका सन्दर्भमा नियुक्ति प्रक्रियाको स्वच्छता एवम् वैधतासमेतलाई दृष्टिगत गर्दा प्राथमिक रूपमा नै प्रस्तुत रिट निवेदनका सम्बन्धमा थप कारबाही गरिरहनु पर्ने अवस्था नदेखिँदा विपक्षीहरूबाट लिखित जवाफ मगाई रहनु नपर्ने।

इजलास अधिकृतः ठाकुरप्रसाद खरेल
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७५ साल फागुन २७ गते रोज २ शुभम्।